डि.स.का.द.नं. ६७/०५४/०५५ पान नं. ३०३३६३३९० नेफस्कून आ.नं. २७६/०५४/०५५

"सहकारीमा सुशासन, प्रविधि र एकीकरण"



२७ औँ

वार्षिक साधारण सभा २०८१

# वार्षिक प्रतिवेदन

२०८०-२०८१

Annual Report 2023-24

# नवप्रतिभा

## बचत तथा ऋण सहकारी संस्था लि.

Nawaprativa Saving & Credit Co-operative Ltd.


केन्द्रीय कार्यालय :

आरुङ्गखोला, मध्यबिन्दु-१०, नवलपरासी (ब.सु.पू.), गण्डकी प्रदेश, नेपाल

☎ : ०७८-५५५२९५, ५५५१३४, ५५५३१२

E-mail: nawaprativa6@gmail.com | www.nawaprativa.org.np


"नवप्रतिभाको लक्ष्य,
खुसी र समृद्ध सदस्य"

# सञ्चालक समिति २०७९-२०८३



**मोहन सिंह थापा बाकबल**
अध्यक्ष



**कृष्णबहादुर चौधरी**
उपाध्यक्ष



**जोगमाया महतो**
सचिव



**कौशिला सापकोटा**
कोषाध्यक्ष



**होमनाथ पोखरेल**
सह-सचिव



**दुर्गालक्ष्मी पाठक काफ्ले**
सदस्य



**तीर्थराज ढकाल**
सदस्य



**गनबहादुर बाकाबल**
सदस्य



**तारादेवी राना**
सदस्य



**लक्ष्मी खत्री क्षेत्री**
सदस्य



**शुभकान्त सुवेदी**
सदस्य



**सन्जु महतो**
सदस्य



**लेखनाथ भट्टराई**
सदस्य

# लेखा सुपरिवेक्षण समिति



**रामप्रसाद काफ्ले**
प्रमुख कार्यकारी निर्देशक



**विजय प्रसाद पाठक**
संयोजक



**टिका बहादुर बाकाबल**
सदस्य



**तारादेवी भुर्तेल**
सदस्य

नवप्रतिभा युवा उद्यम विकास कार्यक्रम (निडेप)



डि.स.का. दर्ता नं. ६७/०५४/०५५ (Regd. No. 67/054/055)
नेफ्स्कुन आवद्धता नं. २७६

# नवप्रतिभा
## बचत तथा ऋण सहकारी संस्था लि.
## Nawaprativa Saving & Credit Co-operative Ltd.

पत्र संख्या (Ref. No.): २०८१/०८२
चलानी नं. (Ch. No.):
मिति (Date): २०८१/०७/२७

श्री ................................................... ज्यू
..................................................

### विषय :- २७औं वार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८१/०७/२६ गतेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार २७औं वार्षिक साधारण सभा तपसिलको प्रस्तावहरुमा छलफल गरी निर्णय पारितका लागि निम्न मिति, समय र स्थानमा एकाइगत रुपमा हुने भएकोले यहाँको गरिमामय उपस्थितीको लागि अनुरोध गर्दछौ । साथै संस्थाको संस्थागत विकासमा शेयर सदस्यहरुको महत्वपूर्ण भूमिका हुने भएकोले समयमा नै उपस्थित भई सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभाका प्रस्तावहरु**

१. आ.व २०८०/०८१ को प्रगति प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०८०/०८१ को आर्थिक प्रतिवेदन सम्बन्धमा ।
३. आ.व २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
४. आ.व. २०८०/०८१ को लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
५. आ.व. २०८१/०८२ को लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।
६. आ.व. २०८१/०८२ को लागि प्रस्तावित वार्षिक बजेट सम्बन्धमा ।
७. आ.व. २०८१/०८२ को लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा ।
८. विनियम संशोधन सम्बन्धमा
९. आन्तरिक नीति तथा कार्यविधिहरु पारित गर्ने सम्बन्धमा ।
१०. शेयर सदस्यहरुलाई लाभांश र संरक्षित पूंजी फिर्ताकोष वितरण सम्बन्धमा ।
११. केन्द्रीय कार्यालय/सेवा केन्द्रको जग्गा तथा भवन व्यवस्थापन सम्बन्धमा ।
१२. कार्यक्षेत्र भित्रका सहकारी एकिकरण सम्बन्धमा ।
१३. सञ्चालक समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
१४. सञ्चालक समितिलाई समय सापेक्ष व्याजदरहरु परिमार्जन गर्न सक्ने अख्तियारी सम्बन्धमा ।
१५ साधारण सभाको अन्तिम निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि चयन सम्बन्धमा ।
१६. विविध ।

**एकाईगत साधारण सभा हुने मिति, स्थान र समय**

| एकाई नं. | सेवा केन्द्र | मिति | स्थान | समय |
|---|---|---|---|---|
| १ | रामनगर बुटवल, बाँसटारी | २०८१ मंसिर २६ गते | बुटवल, चौराहा | बिहानको १०:०० बजे |
| | भुमही, सुनवल | २०८१ मंसिर २७ गते | लुम्बिनी चिनिमिल सि गेट सुनवल | बिहानको १०:३० वजे |
| २ | बर्दघाट, सेमरी त्रिवेणी | २०८१ मंसिर २७ गते | चौपत्ता, खेलमैदान | बिहानको ९:३० बजे |
| ३ | कावासोती, चोरमारा, गिरुवारी | २०८१ मंसिर २८ गते | डण्डा थारु संग्रालय | बिहानको १०:०० बजे |
| ४ | रजहर, गैंडाकोट | २०८१ मंसिर २९ गते | देवचुली मा.वि रजहर | बिहानको १०:०० बजे |
| ५ | बुलिङ्गटार | २०८१ मंसिर ३० गते | त्रिभुवन मा.वि. बुलिङ्गटार | बिहानको ९:३० बजे |
| | डेढगाउँ | २०८१ मंसिर ३० गते | बौदिकाली-२, खहरे | बिहानको १०:३० वजे |
| ६ | मित्याल, रजघरा, पूर्वखोला | २०८१ पौष १ गते | रामपुर-३, सानो अमराई | बिहानको १०:०० वजे |
| ७ | सर्दी | २०८१ पौष ३ गते | सर्दी पाखापानी | बिहानको १०:०० वजे |
| | आरुङ्खोला | २०८१ पौष ५ गते | रमा स्मृती रंगशाला, | बिहानको १०:०० बजे |

**एकाई प्रतिनिधिहरुको निर्णय पुस्तिका प्रमाणित सभा**
मिति : २०८१ पौष १० गते बुधवार
समय : बिहान ११:०० बजे
स्थान : बौद्ध गुम्बा आरुङ्खोला

..........................................
मोहन सिंह थापा बाकबल
अध्यक्ष

ठेगाना: मध्यविन्दु -१०, आरुङ्खोला, नवलपरासी
Address: Madhyabindu -10, Aarungkhola,Nawalparasi
फोन नं. : ०७८-५५५२९५,५५५३१२
Ph.No: 078-555295, 555312
इमेल : nawa_prativa@hotmail.com

**संस्थाले पाएको पुरस्कारः**

- एशियाको बचत तथा ऋण सहकारी संघ/संस्थाहरूको छाता सङ्गठन एशियाली ऋण महासंघ (ACCU) थाईल्याण्डद्वारा लघुवित्त क्षेत्रमा उल्लेख्य योगदान गरे बापत (CUMI PERFORMANCE AWARD 2013) बाट सम्मानित ।
- लघुवित्त क्षेत्रमा उल्लेख्य योगदान गरे वापत नेफ्स्कूनद्वारा लघुवित्त तर्फ देशकै उत्कृष्ट संस्थाको रुपमा वि.सं. २०६९ मा सम्मानित ।
- ह्याविटाट फर ह्यूम्यानिटि नेपालद्वारा सन् २०१३/०१४ मा बेस्ट स्टोरी रिटर्न एण्ड प्रिजेन्टेसन, प्रोपर डकुमेण्टेसन एण्ड रिपोर्टिङ्ग, वेस्ट अर्गनाइजेसन अफ युथ विल्ड २०१३ द्वारा पुरस्कृत ।
- राष्ट्रिय सहकारी बैंक लि. ललितपुरबाट शाखास्तरीय उत्कृष्ट कारोवार विधा २०७८ बाट सम्मानित
- जिल्ला बचत तथा ऋण सहकारी संघ लि. बाट विभिन्न विधामा ८ पटकसम्म सम्मानित ।
- राष्ट्रिय सहकारी महासंघबाट गण्डकी प्रदेशस्तरीय उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०८० बाट सम्मानित
- आन्तरिक राजस्व कार्यालय कावासोतीबाट आ.व २०७९/०८० मा आयकर तर्फ सवै भन्दा बढि कर दाखिला गर्ने संस्थाको रुपमा सम्मानित ।
- अन्य विधाहरूमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय र स्थानीय संघ संस्थाहरूबाट सम्मानित एवम् पुरस्कृत ।

## सदस्य पहिचान फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

नेपाल सरकार सहकारी विभागद्वारा जारी गरिएको सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ/संस्थाहरूलाई जारी गरिएको निर्देशन-२०७४ अनुसार संस्थामा आबद्ध सम्पूर्ण शेयर सदस्यज्यूहरूले सदस्य पहिचान फारम (KNOW YOUR MEMBER–KYM) भर्ने कार्य भइरहेको र केही सदस्यहरुको फारम भर्न छुट भएकोले आ-आफ्नो सदस्यता कायम रहेको कार्यालयमा पुगि फारम भर्नु हुन र सदस्य प्रमाणपत्र लिन बाँकी रहनुभएका शेयर सदस्यज्यूहरूले प्रमाणपत्र लिनुहुन यसै सूचना मार्फत सूचित गरिन्छ ।

## सदस्य पहिचान फारम भर्दा आवश्यक पर्ने कागजातहरू

(क) फोटो ४ प्रति (ख) नागरिकताको प्रतिलिपी (ग) कार्यक्षेत्रको बसोबास प्रमाणित हुने अन्य कागजातहरू (घ) सदस्यता लिने बेलामा हकवालाको फोटो लगायतका कागजातहरू छुटेका सदस्यहरूले ति कागजात समेत अनिवार्य बुझाउनु पर्नेछ ।

# २७औँ वार्षिक साधारण सभामा प्रस्तुत अध्यक्षको मन्तव्य



मोहन सिंह थापा बाकबल
अध्यक्ष

२७औं गरिमामय वार्षिक साधारण सभाका श्रद्धेय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरू, सञ्चालक, लेखा सुपरिवेक्षण समिति, सल्लाहकारज्यूहरु, उप-समिति, छाता संघका अध्यक्ष एवं प्रतिनिधिज्यूहरु, सहकारी, बैंक वित्तीय संघ-संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरू, सञ्चारकर्मी, सुरक्षाकर्मीज्यूहरु प्रत्यक्ष, अप्रत्यक्ष सहयोगी शुभेच्छुकहरू, उपस्थित सम्पूर्ण शेयर सदस्यज्यूहरू एवम् संस्थामा अहोरात्र खटिने कर्मचारीहरूमा हार्दिक सहकारी अभिवादन ।

वि.सं. २०५४ सालमा सत्ताईस जना युवाको जम्मा दश हजार आठ सय शेयरपूँजीबाट स्थापित यस संस्था अनेकौं चुनौतीहरुको सामना गर्दै वर्तमान अवस्थासम्म आईपुग्न सफल भएको छ । यस अवस्थासम्म ल्याई पुऱ्याउन अतुलनीय योगदान गर्नुहुने संस्थाका अग्रजहरुप्रति उच्च सम्मान तथा हार्दिक आभार व्यक्त गर्दछु । संस्थाले **"एकका लागि सबै, सबैका लागि एक"** भन्ने मुल मन्त्रलाई आत्मसात गरी आफ्ना सदस्यहरुको आवश्यकता र चाहनालाई उच्च प्राथमिकतामा राख्दै सहकारी ऐन, नियम तथा कार्यविधि र सुशासनको पालना, वित्त परिचालनको जोखिम र संवेदनशीलतालाई आत्मबोध गर्दै अगाडि बढिरहेको छ ।

गरिबी न्यूनीकरण र समाजवादको लागि संसारकै उत्कृष्ट मोडल सहकारी मोडल भए तापनि नीति निर्माणकर्ताले यसको प्रवर्द्धन र संवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने देखिन्छ । आर्थिक संकटले सिङ्गो राष्ट्रको अर्थतन्त्र तरङ्गित बनेको वर्तमान परिप्रेक्ष्यमा शहर केन्द्रित केही सहकारी संस्थाहरू समस्याग्रस्त हुँदा सरोकारवाला तथा सदस्यहरुमा समग्र सहकारीप्रति नै अविश्वासको वातावरण सृजना भएको देखिन्छ । साथै वर्तमान समयमा वित्तीय क्षेत्रमा देखिएका भ्रामक गतिविधि, ग्रामीण तथा शहरउन्मुख क्षेत्रहरुमा रोजगार तथा व्यवसाय धरासायी भइ आर्थिक मन्दी छाउनु आदि जस्ता प्रतिकूल परिस्थितिका कारण आ. व. २०८०/०८१ समग्र वित्तीय क्षेत्रका लागि सन्तोषजनक रहन सकेन । यी यावत कारणको प्रभावले आ. व. २०८०/०८१ मा संस्थाले लिएको लक्ष्य अनुरुप उपलब्धी हासिल गर्न र गत साधारण सभाबाट निर्णय भएका योजनाको शतप्रतिशत कार्यान्वयन गर्न नसकिएको व्यहोरा यस सभा समक्ष जानकारी गराउन चाहन्छु । तथापी यस विषम परिस्थितीमा समिति उप-समिति, कर्मचारीहरुको अहोरात्र खटाई र सदस्य तथा सरोकारवालाहरुको माया, साथ र सहयोगका कारण सन्तोषजनक प्रगति हाँसिल भएको छ । विभिन्न चुनौतीको बाबजुद यस वर्ष संस्था राष्ट्रिय सहकारी महासंघ लि. ललितपुरबाट गण्डकी प्रदेश स्तरीय उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०८० र आन्तरिक राजस्व कार्यालय कावासोतीबाट आ.व २०७९/८० मा आयकर तर्फ नवलपुर जिल्लामा सबैभन्दा बढि कर दाखिला गर्ने संस्थाको रुपमा समेत सम्मानित हुन सफल भएको छ ।

**आदरणीय शेयर सदस्यज्यूहरु**

वर्तमान समयमा संस्थालाई प्रभावकारी रुपमा सञ्चालन गर्नु चुनौतीको विषय भएता पनि "जति धेरै चुनौती त्यति धेरै अवसर" भन्ने दृष्टिकोणबाट प्रेरित भई चुनौतीलाई अवसरमा बदल्दै अगाडी बढिरहेका छौं । यस संस्थाका सदस्यहरुले पूर्ण विश्वास गरी आफू तथा आफ्ना बाल बच्चाले खाई, नखाई, तथा विभिन्न उद्यम, व्यवसाय गरी भविष्य समुज्वल गराउनका लागि बचतको रुपमा यस संस्थामा जम्मा गर्दै आउनु भएको रकम सुरक्षित साथ परिचालन गर्ने र सकुसल सदस्यको हातमा फर्काउने जिम्मेवारी तथा दायित्व हामीमा रहेको विषयप्रति सदैव सजग रहदै आएका छौं । साथै सदस्य सक्षम भएमा संस्था दिगो हुन्छ भन्ने विषयलाई आत्मसात गर्दै समय सापेक्ष संस्थाका सेवा तथा उत्पादनहरुलाई संशोधन गरिएको छ । सदस्यहरुको आवश्यकता परिपूर्ति, सन्तुष्टि वृद्धि, जीवनस्तर सुधारका लागि प्रभावकारी र प्रविधियुक्त वित्तीय सेवाका साथ साथै गैरवित्तीय सेवा अन्तर्गत सामाजिक र साँस्कृतिक रुपान्तरणका लागि स्वास्थ्य, शिक्षा, क्षमता अभिवृद्धि, व्यवसायिकता र उद्यमशिलता विकास, सामाजिक सुरक्षा तथा राहत आदी कार्यक्रम संचालन गरिरहेका छौं । संस्था र सदस्यहरुबीच विश्वासको संकट सृजना हुन नदिन आफ्ना सदस्यहरु माँझ विभिन्न माध्यमबाट संस्थाका गतिविधि तथा सूचना सम्प्रेषण गर्ने, सदस्यहरुलाई जागृत गराउने कार्य गरिरहेका छौं । संस्थाले सामाजिक उत्तरदायित्व बहन गर्दै सदस्य र समुदायको आपतकालिन (बाढी, पहिरो र दुर्घटना) अवस्थामा राहत, सहयोग र उद्धार गर्ने कार्य गरिरहेको छ ।

सदस्यहरुलाई सरल र सहज तरिकाबाट डिजीटल सेवाको पहुँच बृद्धिका लागि Mobile, SMS Banking Tablet Banking, QR Code, Utility सेवा सञ्चालन गरिएको छ । सहकारी ATM (Coop Card) को सफ्टवेयरमा एकिकृत गर्ने कार्य अगाडी बढिरहेको छ । चालु आ.व. मा थप प्रभावकारी र प्रविधियुक्त सेवा प्रवाहका लागि आवश्यकता अनुसारको व्यवस्था गरिनेछ । सहकारी विभागद्वारा जारी COPOMIS Software मा सदस्यहरुको विवरण तथा समष्टिगत प्रतिवेदन प्रविष्टि, सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ संस्थाहरूलाई जारी निर्देशन २०७४ बमोजिम सदस्यहरूको KYM अद्यावधिक, GoAML System मार्फत सीमा कारोबारको प्रतिवेदन र अन्य प्रतिवेदनहरू तोकिएको समयमा पठाईएको छ । सदस्यहरूको आवश्यकता, आम्दानीको श्रोत, कर्जा परिचालन क्षमता विश्लेषण गरी धितो सुरक्षणका कर्जाहरुलाई प्राथमिकता दिदै कर्जा लगानी गरिएको छ । कृषि र पशुपालन क्षेत्रमा सदस्यहरुलाई थप सेवा प्रवाहका लागि सेवा नेपालमा आवद्ध भएको छ । संस्थाको तरलताको अवस्था विश्लेषण गरी समय सापेक्ष बचत, ऋण तथा अन्य सेवाहरु संशोधन गरिएको छ र यसलाई चालु आ.व. मा पनि निरन्तरता दिईनेछ ।

सहकारी संस्थाहरूमा विविध कारणबाट आउनसक्ने समस्या तथा चुनौतीतर्फ सावधानी अपनाउदै सदस्यज्यूहरुलाई सक्रिय भूमिका निर्वाह गर्नुहुन र संस्थाका गतिविधि र वित्तीय कारोवार बारे नियमित रुपमा जानकारी लिनुहुन समेत अनुरोध गर्दछु । चालु आ.व.मा "संस्थागत सक्षमता विकास" र "खुशी र समृद्ध सदस्य" मूल ध्येय बनाई व्यवसायिक योजना, वार्षिक लक्ष्य तथा बजेट अनुरुप सदस्यहरुको सचेतना, क्षमता अभिवृद्धि, उद्यमशीलता विकास, स्वरोजगार सृजना तथा व्यवसायिक विकासमा जोड,

संस्थामा युवा वर्गको सहभागिता वृद्धिका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । चालु वर्षमा कृषि, पशुपालन तथा पर्यटन प्रवर्द्धनलाई विशेष प्राथमिकता दिई ग्रामिण अर्थतन्त्रलाई चलायमान बनाई स्थानीय स्तरमा स्वरोजगार सृजना गर्न आवश्यक क्रियाकलाप सञ्चालन तथा प्राविधिक जनशक्तिको समेत व्यवस्थापन गरिनेछ । कृषि, पशुपालन, तरकारी खेती, दुध तथा मासुजन्य वस्तु उत्पादन, प्रशोधन, बिक्री वितरण जस्ता कार्यका लागि सरोकारवाला निकायसँग सहकार्य गरी अनुदानका लागि सम्बन्धित निकायमा पहल गर्दै संस्थाबाट सहुलियत दरमा कर्जा लगानी गरिनेछ । सामाजिक व्यवसाय कार्यक्रमबाट स्थानीय समुदाय र विद्यालयहरुसंग सहकार्य गरी शुन्य वेरोजगारी, शुन्य गरिबी र शुन्य प्रदुषणका निम्ति 3 Zero Club, वातावरण मैत्री नमुना गाँऊ आदी कार्यक्रमहरुलाई प्रभावकारी ढंगबाट अगाडी बढाईनेछ । चालु आ.व. मा केन्द्रीय कार्यालय तथा सेवा केन्द्रहरुको भौतिक पूर्वाधार व्यवस्थापन गरिनेछ । वर्तमान अवस्थामा समूहगत लगानी तर्फ असहज परिस्थिती सृजना भएको हुँदा यसको व्यवस्थापनका लागि सदस्यहरुलाई थप जिम्मेवार बनाई अगाडि बढिनेछ । संस्थाको कारोवार, सदस्यता वृद्धि तथा गुणस्तरीय सेवा प्रवाह गर्ने नीति बमोजिम आवश्यक दक्ष जनशक्ति थप गरिनेछ । विगतमा सञ्चालन गरिएको सामाजिक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । कार्यक्षेत्रभित्रका सहकारीहरूलाई एकिकरणमा जोड दिइनेछ । संस्थाको स्रोत साधनलाई दृष्टिगत गरी कर्मचारीहरूको सेवा सुविधा एवम् स्थायित्वको लागि चालु आ.व. देखि कर्मचारी उपचार सुविधा, २६औं वार्षिक साधारण सभाबाट पारित भएको कर्मचारी कल्याणकारी कोषको कार्यान्वयन तथा सुलभ आवास कर्जा उपलब्ध गराईएको छ । साथै आगामी दिनमा थप सुविधा उपलब्ध गराउदै उच्च कार्यसम्पादनका लागि क्षमता अभिवृद्धि, वृत्ति विकासमा विशेष जोड दिइनेछ । संस्थाका सञ्चालक तथा लेखा सुपरिवेक्षण समिति, उपसमिति तथा कर्मचारीहरूको समेत क्षमता अभिवृद्धि गर्दै कार्यसम्पादनको आधारमा राष्ट्रिय, अन्तर्राष्ट्रिय तालिम, गोष्ठी तथा अवलोकन भ्रमणमा सहभागी गराउनुका साथै पुरस्कार, सम्मान गर्ने परिपाटीलाई निरन्तरता दिइनेछ । संस्थाको ख्याती र सेवाको गुणस्तरीयता वृद्धिका लागि विभिन्न निकायबाट सञ्चालन गरिएका ब्राण्डीङ कार्यक्रममा सहभागीता जनाइनेछ । चालु आ.व.मा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) कार्यान्वयन गरिनेछ । निजी क्षेत्र, नागरिक समाज, स्थानीय पालिका र सरकारी निकायसँगको समन्वय, सहकार्यलाई निरन्तरता दिइनेछ । सदस्यबाट सदस्यता अभियानलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।

संस्थाको हालसम्मको उपलब्धी, साख र प्रतिष्ठालाई कायम राख्दै भविष्यमा दीर्घकालीन योजना निर्माण, प्रस्ताव गरिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न २७ औं साधारण सभाले दिशानिर्देश गर्नेछ भन्ने अपेक्षा लिएको छु । सहकारी क्षेत्रमा देखिएका समस्या छिट्टै हटेर जाने र पुन: सुनौलो बिहानी आउने विश्वास राखेको छु । समुदायमा आधारित सहकारी संस्थाहरु आधारभूत रुपमा नै भिन्न हुने र नाफाबाट प्रेरित नभई सदस्यहरुको सामाजिक तथा आर्थिक हितका लागि सदैव कार्य गर्ने व्यहोरा यहाँहरु समक्ष राख्दै विगतमा झै संस्थाको सम्वर्द्धन र प्रवर्द्धनमा उत्साहपूर्वक लाग्नुहुन र यो संस्थालाई हाम्रो संस्था हो भन्ने आत्मसात गरी नियमित रुपमा बचत र किस्ता भुक्तानी गर्दै जिम्मेवार तथा वित्तीय अनुशासित सदस्यको भूमिका निर्वाह गरी संस्थालाई उत्कृष्ट संस्थाको रुपमा स्थापित गराउन सहयोग गर्नुहुन हार्दिक

अनुरोध गर्दछु । गत आ.व. भरी कर्जा असुली प्रकृयाको लागि विशेष योगदान गर्नुहुने सम्पूर्ण सदस्यज्यूहरु, समिति, र उपसमितिमा विशेष धन्यबाद दिन चाहन्छु ।

अन्त्यमा यस साकोसलाई वर्तमान अवस्थासम्म पुऱ्याउन सदस्यहरूले गर्नुभएको विश्वास, साथ, सहयोग र एशियाली ऋण महासंघ (ACCU), संघीय तथा प्रदेश सांसदहरु, सहकारी विभाग, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, नेफ्स्कुन, जिल्ला बचत संघ, जिल्ला सहकारी संघ, साना किसान विकास लघुवित्त वित्तीय संस्था, स्वालम्बन विकास केन्द्र, कार्यक्षेत्रभित्रका स्थानीय पालिकाहरु, संस्थापकहरू, पूर्व सञ्चालकहरू, वर्तमान सञ्चालकहरू, संस्थाको वित्त व्यवस्थापनमा चुस्त दुरुस्त रहन मार्गदर्शन गर्नुहुने लेखा सुपरिवेक्षण समिति, सल्लाहकारज्यूहरू, उप-समितिज्यूहरू, उच्च व्यवस्थापन तथा कर्मचारीहरू लगायत सम्पूर्ण क्षेत्रबाट पुऱ्याउनुभएको सहयोग र योगदानको उच्च मूल्यांकन गर्दै कृतज्ञता ज्ञापन गर्दछु साथै आगामी दिनमा अझ बढी सहयोग र सहकार्यको अपेक्षा राख्दै आफ्नो मन्तव्य अन्त्य गर्दछु ।

धन्यवाद ! जय नवप्रतिभा ! जय सहकारी !

## सुझाव तथा सल्लाह टिपोट

तपाईंको सकारात्मक सुझावले संस्थालाई सदैव मार्गदर्शन गर्नेछ तसर्थ आफूलाई लागेका कुराहरू हामीलाई जानकारी गराउनुहुन अनुरोध गर्दछौं ।

# २७औं वार्षिक साधारण सभामा प्रस्तुत आ.व. २०८०/०८१ को प्रगति प्रतिवेदन तथा चालु आ.व. २०८१/०८२ को प्रस्तावित नीति तथा कार्यक्रम



जोगमाया महतो
सचिव

२७औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, विशेष अतिथिगणहरू, विभिन्न संघ-संस्थाका प्रमुख एवम् प्रतिनिधित्व गरी मञ्चमा आसिन अतिथिज्यूहरु, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकारज्यूहरू, विभिन्न उप-समिति, शेयर सदस्यज्यूहरू, सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारी तथा शुभेच्छुक महानुभावहरूमा सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।

**आदरणीय शेयरधनीज्यूहरू**

सहकारी अभियानको पवित्र उद्देश्य अनुरूप स्थानीय स्तरका स-साना पूँजीहरूको परिचालन मार्फत सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक विकास, व्यवसायिक प्रवर्द्धन र स्वरोजगार, सृजना गर्दै "स्वालम्बी र समृद्ध समाज निर्माण" गर्ने परिकल्पनाका साथ २०५४ सालमा स्थापित यस संस्थाले ऐतिहासिक २७ औं वर्ष विभिन्न आरोह-अवरोहको सामना गर्दै सफलतापूर्वक पार गरेको छ । यहाँहरूको निरन्तर साथ एवम् सहयोगले हामीलाई अझ थप कार्य गर्न उत्साहित बनाएको छ । संस्थाले वर्तमान समयसम्म आइपुग्दा एशियाली ऋण महासंघबाट Cumi Performance Award 2013, राष्ट्रिय सहकारी महासंघ ललितपुरबाट गण्डकी प्रदेश स्तरीय उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०८०, नेफ्स्कूनबाट सर्वोत्कृष्ट संस्था सम्मान २०६९, आन्तरिक राजस्व कार्यालय कावासोती, राष्ट्रिय सहकारी बैंक, जिल्ला तथा स्थानीय तहबाट विभिन्न विधामा पुरस्कृत र सम्मानित हुँदै सहकारी अभियानमा एक अग्रणी र सक्षम संस्थाको रूपमा आफ्नो ख्याती तथा पहिचान बनाउन सफल भएको छ ।

राष्ट्रव्यापीरुपमा देखिएको आर्थिक मन्दी, सहकारी क्षेत्रमा देखिएका समस्या, व्यापार, व्यवसाय तथा उद्योग क्षेत्रमा देखिएको सङ्कुचन, अन्य राष्ट्रप्रति युवाहरुको बढ्दो आकर्षण, आयात-निर्यातमा असन्तुलन, लगानीका क्षेत्रमा सङ्कुचन, ब्याजदरमा अस्वभाविक उतार चढाव, लगायतका विभिन्न कारणले गर्दा समग्र वित्तीय क्षेत्र र अर्थतन्त्रमा प्रभाव पर्न गयो । जसको असर हाम्रो संस्थामा समेत पर्न गई आ. व. २०८०/०८१ भरि नै अधिक तरलता, ऋण लगानीमा कमी, बैंकहरुबाट न्यून ब्याजदर प्राप्त हुनु आदी कारणले संस्थाको सञ्चालन बचतमा कमी र अन्य वित्तीय सूचकहरुमा समेत लक्ष्य बमोजिम उपलब्धि हासिल गर्न सकिएन साथै २६औं वार्षिक साधारण सभाबाट स्वीकृत वार्षिक नीति तथा कार्यक्रम पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन नसकिएको र सो कार्यक्रमहरुलाई चालु वर्षमा निरन्तरता दिएको व्यहोरा अवगत गराउँदछु। संस्थाको सुझबुझपूर्ण निर्णय, सदस्यहरुको साथ, सहयोग र सक्रियताका कारण विषम परिस्थितीको प्रभावलाई समेत न्यून बनाउँदै सन्तोषजनक उपलब्धि हासिल गर्न सफल भएका छौं । आन्तरिक स्रोत वृद्धि गर्दै नेपाल सरकारको सहुलियत कर्जा बाहेक संस्थाको नाममा अन्य बाह्य कर्जा नरहेको जानकारी गराउदछु । संस्थाको दिगोपना एवम् सक्षमता विकासका लागि सहकारी ऐन, नियमावली, निर्देशन, परिपत्र, संस्थाको विनियम, नीति, कार्यविधि, सदस्यहरुबाट प्राप्त सुझावहरुलाई

मार्ग मार्गदर्शनको रुपमा लिईएको छ । कर्जा विश्लेषण र सदुपयोगिता निरीक्षणलाई ध्यान दिई धितो सुरक्षणका कर्जालाई प्राथमिकता दिईएको छ। वर्तमान समयमा वित्तीय संस्था विरुद्ध भएका क्रियाकलापको प्रभावलाई न्यूनीकरणका लागि वित्तीय शिक्षा, सहकारी शिक्षा, विस्तारित मंच आदी कार्यक्रमहरुलाई व्यापक बनाइएको छ । सदस्यहरुसँग अन्तरक्रिया गरी आवश्यकता बमोजिमको सेवा प्रवाहमा जोड दिँदै आइरहेको छ । जन्मदेखि स्वर्गसम्म आईपर्ने सदस्यको हरेक अवस्थामा प्रत्यक्ष सहभागिता जनाइएको छ । मौजुदा जनशक्तिको क्षमता अभिवृद्धि विकासका लागि तालिम, भ्रमण, गोष्ठी आदि कार्यक्रमहरुमा सहभागी गराउँदै समय सापेक्ष सेवा सुविधा प्रदान गर्दै आइरहेको छ। संस्थाको सेवा सुविधा एवम् कार्यक्रमहरुको प्रवर्द्धन तथा बजारीकरणका लागि आवश्यक सामाग्रीहरु छपाई तथा खरिद गरी वितरण गरिएको छ । सहकारी विभागद्वारा जारी निर्देशन बमोजिम संस्थाको मासिक प्रगति प्रतिवेदन तोकिएको समयमा सार्वजनिक गर्दै आइरहेको छ । कोपोमिस सफ्टवेयरमा समेत मासिक समष्टिगत प्रतिवेदन तथा सदस्यहरुको विवरण अद्यावधिक गरिदै आईरहको छ । नेपाल राष्ट्र बैंक वित्तीय जानकारी इकाईमा तोकिए बमोजिम प्रतिवेदन पेश गरिएको छ । सदस्यहरुमाझ गुणस्तरीय सेवा पुऱ्याउन नीति, कार्यविधि र निर्देशिका निर्माण तथा संशोधन गरी कार्य गर्दै आइरहेको छ । संस्थाको विनियम २०७४, आवश्यक कार्यविधिहरु संशोधन तथा निर्माण गरी पारितका लागि यस सभा समक्ष पेश गरिएको छ । गैरवित्तीय कार्यक्रम अन्तर्गत विपन्नसँग नवप्रतिभा, सुनौलो बिहानी, पढ्दै कमाउदै, कमाउदै पढ्दै, स्वास्थ्य तथा वातावरण संरक्षण, कृषि, पशुपालन प्रवर्द्धन, सदस्य शिक्षा, प्रविधि शिक्षा, व्यवसायिक शिक्षा, अन्तरक्रिया, पारिवारिक भेला आदी जस्ता विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । सामाजिक व्यवसाय अन्तर्गत शुन्य कार्वन, शुन्य गरिवी र शुन्य प्रदुषणका लागि स्थानीय समुदायसंग सहकार्य र विद्यालयमा 3 जिरो क्लव गठन गरी काम गरिदै आएको छ । संस्थामा उत्कृष्ट भूमिका निर्वाह गर्ने सदस्य, समूह, समिति, उप-समिति, कर्मचारीहरुलाई वार्षिक रुपमा सम्मान तथा पुरस्कृत गरिएको छ । संस्थाको सेवा केन्द्र तथा केन्द्रीय कार्यालयको भौतिक पूर्वाधार तथा संरचनाको स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिएको छ । गत आ.व. को तुलनामा यस वर्ष शेयर लाभांश र संरक्षित पूजी फिर्ताको रकम कम हुने व्यहोरा अवगत गराउँदछु । डिजीटल सेवा र रेमिटान्स सेवालाई जोड दिइएको छ । नेपाल सरकारको युवा स्वरोजगार कोषसँग सहकार्य गरी सहुलियत दरमा कृषि तथा पशुपालन क्षेत्रमा कर्जा लगानी गरिएको छ । जिल्ला सहकारी संघ, नवलपरासी (ब.सु.प.) द्वारा सञ्चालित शीत भण्डार (Cold Store) मा शेयर लगानी ४० लाख पुऱ्याइएको छ । सहकारी विभागद्वारा स्थापना गरिएको सहकारी प्रवर्द्धन कोष र स्थिरीकरण कोषमा रकम दाखिला गरिदै आईएको छ । चालु आ.व. मा कृषकहरुलाई बढि भन्दा बढि सेवा प्रदान गरी कृषि क्षेत्रको प्रवर्द्धन र उत्पादन वृद्धि र बजारीकरणका लागि स्थानीय पालिकासंग सहकार्य र सम्झौता गरिएको छ । थप सेवा प्रवाहका लागि सेवा नेपालसंग आवद्ध भईएको छ ।

**आदरणीय शेयरधनीज्यूहरु**

व्यक्तिको विकास छिटो र छोटो हुन्छ, संस्थाको विकास लामो र दिगो हुन्छ भन्ने कुरा बुझिदिनुहुन आग्रह गर्दै आ.व २०८०/०८१ मा भए गरेका कार्य प्रगतिहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**१) शेयर, बचत तथा पुँजी संकलन**

| विवरण | २०७९।०८० | २०८०।०८१ | विवरण | २०७९।०८० | २०८०।०८१ |
|---|---|---|---|---|---|
| शेयरपूँजी | ३६६०४५००० | ४०७९२५५०० | जगेडा कोष | १७८६४१८७४ | २३९९०८५४६ |
| बचत बाकी | १५२६७२८९७७ | २०८३०७९९१३ | अन्य कोष | १२९७६४५६७ | ८७८०४७०५ |
| ऋण लगानीमा बाकी | १९९७०००५६ | १९८२२५२२५५ | वाह्य ऋण | १३१४६७७१ | १९०३२४७ |
| ब्याज असुली | ३२२९३१४६३ | २८२३२८०८४ | कूल पूँजी | २७८१४५२८१२ | ३१६८१५३५८३ |
| उठ्न बाकी ब्याज | ११५४७५२० | २२३५५४६१ | कूल आय | ३७८७८९४७७ | ३५२४५२११३ |
| भा. ना. ऋण | ४४८९८७५१ | ६६६७७३३७ | कूल ब्यय | २७९१५८८४७ | २६९३६६४३४ |
| असुली दर | ९८ | ९७ | सञ्चालन बचत | ९९६३०६३० | ८३०८५६७९ |

**२) आ.व २०८०/०८१ मा सदस्य राहत तथा सामाजिक उत्तरदायित्व तर्फ प्रदान गरिएको सुविधाहरु**

| क्र.स. | विवरण | संख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सदस्य मृत्यु | ७३ | १०२६००० | |
| २ | हकवाला मृत्यु | १२४ | १०९५०० | |
| ३ | सुत्केरी सुविधा | २५८ | २८३८०० | |
| ४ | दैवी प्रकोप (वाढी, पहिरो, डुवान) | २० | ७०००० | |
| ६ | चिन्तामुक्त कार्यक्रम (ऋण मिनाहा) | ३१ | २०३६१८० | |

**३)** संस्थाको वार्षिक बजेट, कार्यक्रमहरू तथा साधारण सभाले निर्देशित गरेका कार्यक्रमहरू कार्यान्वयनको लागि आ.व. २०८०/०८१ मा १५ पटक सञ्चालक समितिको एकल तथा विभिन्न उप-समितिहरूसँग संयुक्त बैठक बसी विभिन्न विषयमा महत्वपूर्ण निर्णयहरू भएको जानकारी गराउन चाहन्छु ।

**४) आन्तरिक निरीक्षण तथा अनुगमन**

सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उप-समिति, प्रमुख कार्यकारी निर्देशक, सेवा केन्द्र व्यवस्थापन उप-समिति र विषयगत विभागबाट सबै सेवा केन्द्रमा स्थलगत अनुगमन गर्ने गरिएको छ । सम्बन्धित कार्यालयका प्रमुख एवम् कर्मचारीहरूको छुट्टाछुट्टै र संयुक्त बैठक बसी संस्थागत विकास र चुनौती सामना गर्न थप रणनीति तथा सुधार सम्बन्धी निर्देशन गरिएको छ । आन्तरिक लेखा परिक्षण विभागद्वारा आन्तरिक लेखा परीक्षण गरी सुझाव प्रदान गर्ने गरिएको छ ।

**५) सञ्चालक समिति उप-समिति, कर्मचारी तथा सदस्यहरुको क्षमता अभिवृद्धिका लागी गत आ.व. मा सञ्चालन गरिएका कार्यक्रमहरु**

| क्र.स. | तालिमको नाम | सहभागिता | आयोजक/स्थान | लाभान्वित संख्या |
|---|---|---|---|---|
| १ | सहकारी व्यवस्थापन तालिम | सञ्चालक तथा लेखा सु. समिति | आन्तरिक मध्यविन्दु-३, रतनपुर | २३ |

| क्र. स. | तालिमको नाम | सहभागिता | आयोजक/स्थान | लाभान्वित संख्या |
|---|---|---|---|---|
| २ | अध्यक्षको क्षमता विकास | अध्यक्ष र सञ्चालक सदस्य | नेफ्स्कून चितवन | २ |
| ३ | सञ्चालक तथा व्यवस्थापकको क्षमता अभिवृद्धि तालिम | सञ्चालक समिति | राष्ट्रिय सहकारी बैंक/कावासोती | २ |
| ४ | उपसमितिको क्षमता अभिबृद्धि तथा सहकारी व्यवस्थापन तालिम | महिला, शिक्षा तथा सेवा केन्द्र व्य.उपसमिति | आन्तरिक मध्यविन्दु-३, रतनपुर | ३७ |
| ५ | उपसमितिको क्षमता अभिवृद्धिको लागि अवलोकन भ्रमण | महिला, शिक्षा तथा सेवा केन्द्र व्य. उपसमिति | मकवानपुर हेटौडा | ३७ |
| ६ | प्रशिक्षक प्रशिक्षण तालिम | सेवा केन्द्र संयोजक | CSD& TTI भक्तपुर | १ |
| ७ | लेखा सुपरिवेक्षण समितीको राष्ट्रिय गोष्ठि | आन्तरिक लेखा परिक्षण टिम | नेफ्स्कून काठमाण्डौ | २ |
| ८ | स्थिरीकरणकोष सम्बन्धी कार्यक्रम | कार्यकारी निर्देशक | नेफ्स्कून काठमाण्डौ | १ |
| ९ | वित्तीय सहकारीमा डिजीटल सेवाहरुको एकिकरण कार्यशाला | कार्यकारी र आईटी कर्मचारी | नेफ्स्कून चितवन | २ |
| १० | फर्स्ट कोअपरेटिभ डिजीटल कन्क्लेभ | वित्त विभागका बरिष्ठ अधिकृत | राष्ट्रिय सहकारी महासंघ, ललितपुर | १ |
| ११ | ऋणको कानुनी प्रकृया तथा धितो मुल्यांकन तालिम | कर्जा विभागका कर्मचारी | नेफ्स्कून / चितवन | २ |
| १२ | कर्जा व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धी तालिम | सेवा केन्द्र व्यवस्थापन उपसमिति | अन्तरिक मध्यविन्दु-३, रतनपुर | ३८ |
| १३ | सेवा केन्द्र प्रमुखहरुको क्षमता विकास तालिम | सम्पूर्ण सेवा केन्द्रका प्रमुख र सहायक कर्मचारी | आन्तरिक/ सुनवल | ४० |
| १४ | Relationship Building & Effective Recovery Training | बरिष्ठ सहायक | सिएमएफ, बुटवल, रुपन्देही | १ |
| १५ | अग्रभागका र नगद परिचालक कर्मचारीको क्षमता बिकास तालिम | अग्रभागका कर्मचारी | नेफ्स्कून/ चितवन | ३ |
| १६ | बचत तथा रिकभरी केन्द्रित शाखा व्यवस्थापन तालिम | कार्यालय प्रमुख र जुनियर सहायक | श्रवण कुमार सपोर्ट प्रा.लि. हेटौडा | ४ |
| १७ | नवप्रवेशी कर्मचारीहरुको लागि अभिमुखिकरण कार्यक्रम | नवप्रवेशी कर्मचारीहरु | मध्यविन्दु-३, रतनपुर-१०, आरुङ्गखोला | ४८ |
| १८ | कर्जा तथा जोखिम व्यवस्थापन तालिम | सहायकस्तरका कर्मचारीहरु | आन्तरिक भुमही | ४१ |
| १९ | सहकारीमा वित्तीय जोखिम मापन र व्यवस्थापनका लागि रणनैतिक तालिम | प्रमुख कार्यकारी, सहायक महाप्रबन्धक, बरिष्ठ अधिकृत | जिल्ला सहकारी संघ लि. कावासोती | ३ |
| २० | वित्तीय जोखिम मापन र व्यवस्थापनका लागि पर्ल्स मोनिटरिङ्ग तालिम र कोचिङ्ग | व्यवस्थापन तथा सेवा केन्द्रका कार्यालय प्रमुखहरु | आन्तरिक | ४५ |

| क्र.स. | तालिमको नाम | सहभागिता | आयोजक/स्थान | लाभान्वित संख्या |
|---|---|---|---|---|
| २१ | १०२ औं अन्तराष्ट्रिय सहकारी दिवस कार्यक्रम | सञ्चालक तथा व्यवस्थापन | राष्ट्रिय सहकारी महासंघ लि ललितपुर | १० |
| २२ | उपसमिति तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रम | गिरुवारी र चोरमारा सेवा केन्द्र | कावासोती १ पोखरीताल | ६० |
| | जम्मा सहभागीता | | | ४०३ |

## ६. सदस्यहरुको व्यवसाय प्रवर्द्धन, क्षमता अभिवृद्धि तथा सुविधा प्रदान गर्नका लागि आ.व. २०८०/०८१ मा सञ्चालन गरिएका कार्यक्रमहरु

| क्र.स. | कार्यक्रम | सहभागिता | कार्यक्रम संख्या | आयोजक/ स्थान | लाभान्वित संख्या |
|---|---|---|---|---|---|
| १ | वित्तीय साक्षरता | सेवा केन्द्रका सदस्यहरु | ३८ | नवप्रतिभा साकोस | १०९० |
| २ | सहकारी शिक्षा, अन्तरक्रिया, गोष्ठी, विस्तारित मंच कार्यक्रम | सेवा केन्द्रका सदस्यहरु | ५८ | नवप्रतिभा साकोस | ५०८२ |
| ३ | सदस्य शिक्षा तथा प्रविधि साक्षरता | सेवा केन्द्रका सदस्यहरु | १६ | नवप्रतिभा साकोस | १७२५ |
| ४ | सहकारी अध्ययन अवलोकन भ्रमण | सर्दी र पूर्वखोला सेवा केन्द्र | २ | नवप्रतिभा/बुटवल लुम्बिनी, हेटौडा | ८० |
| ५ | व्यवसायिक पशुपालन तालिम | आरुङ्गखोला, रजहर, गिरुवारी, चोरमारा | ८ | नवप्रतिभा साकोस | ३०३ |
| ६ | बेमौसमि तरकारी खेती | कावासोती | १ | नवप्रतिभा साकोस | ३७ |
| ७ | ६७ औं राष्ट्रिय सहकारी दिवस कार्यपत्र प्रस्तुति एवम् पुरक छलफल कार्यक्रम | सञ्चालक, उपसमिति तथा सदस्यहरु | १ | जिल्ला सहकारी, बचत संघ, मध्यविन्दु नगरपालिका | ६५ |
| ८ | डिजीटल साक्षरता तालिम | कावासोती र सर्दी सेवा केन्द्रका सदस्य | १ | सिएसडि काठमाण्डौं | २ |
| ९ | चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन | प्रमुख कार्यकारी बरिष्ठ कर्मचारी लगायत ८ वटा सेवा केन्द्रका सदस्य | १ | सिएसडि काठमाण्डौं | १३ |
| १० | वातावरण संरक्षण तथा पोषण सुधारको लागि फलफूलको विरुवा वितरण कार्यक्रम | गैडाकोट सेवा केन्द्रका ढोडेनी गडाम्दी र घोक्रोफाट क्षेत्रका सदस्यहरु | १ | नवप्रतिभा साकोस | ६९ |

| क्र.स. | कार्यक्रम | सहभागिता | कार्यक्रम संख्या | आयोजक/ स्थान | लाभान्वित संख्या |
|---|---|---|---|---|---|
| ११ | कृषि प्रवर्द्धनका लागि तरकारीको विउ वितरण | पूर्वखोला र रामपुर सेवा केन्द्रका सदस्यहरु | २ | नवप्रतिभा साकोस | ११४ |
| | जम्मा सहभागी संख्या | | | | ८५८० |

## ७. संस्थाद्वारा आ.व. २०८०/०८१ सञ्चालित सामाजिक तथा प्रर्वद्धनात्मक कार्यक्रमहरु

| क्र. स. | कार्यक्रम | सहभागिता | कार्यक्रम संख्या | स्थान | लाभान्वित संख्या |
|---|---|---|---|---|---|
| १ | खेलकुद प्रवर्द्धनका लागि खेलकुदमा नवप्रतिभा कार्यक्रमबाट सहयोग | ४ वटा युवा क्लव | ४ | गिरुवारी, मित्याल मौलाथर, कुसुण्डे | ६५० |
| २ | दोस्रो निस्दी कृषि पर्यटन सांस्कृतिक तथा खेलकुद महोत्सवमा सहकार्य | मित्याल सेवा केन्द्रका सदस्यहरु | १ | निस्दी-४, मित्याल | ७०० |
| ३ | चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनमा सहकार्य | संघ संस्थामा आबद्ध सदस्यहरु | १ | सिएसडि काठमाण्डौं | १७२५ |
| ४ | बुटवल होटल व्यवसायी संघद्वारा आयोजित रक्तदान कार्यक्रममा सहकार्य | बुटवल सेवा केन्द्रका सदस्यहरु | १ | बुटवल रुपन्देही | ७९ |
| ५ | नेपाल रेडक्रस सोसाईटीद्वारा आयोजित रक्तदान कार्यक्रम सहकार्य | कावासोती क्षेत्रका सदस्यहरु | १ | कावासोती रेडक्रस कार्यालय | ५८ |
| ६ | देवचुली टेलीभिजनसंगको सहकार्यमा नेपालको अर्थतन्त्रमा वर्तमान परिदृष्य र अवको यात्रा विषयक अन्तरक्रिया कार्यक्रममा सहकार्य | पूर्व प्रधानमन्त्री बाबुराम भट्टराईज्यू सहित कावासोती क्षेत्रका स्थानीय बुद्धिजिवी तथा समाजसेवी | १ | कावासोती | ९९ |
| ७ | विद्यार्थीहरुको शैक्षिक विकासमा टेवा पुऱ्याउनकालागि पंखा हस्तान्तरण | दिपेन्द्र मा.वि. सर्दीमा | १ | विनयी त्रिवेणी ३ सर्दी बगैचा | ५०० |
| ८ | सदस्यहरुको सुविधाका लागि विश्रामस्थल निर्माण | पूर्वखोला सेवा केन्द्रका सदस्यहरु | १ | पूर्वखोला गाउँपालिका वडा नं. ३, द्वारीगौडा | १००० |
| ९ | संस्कृति जर्गेनाका लागि तिज गित प्रतियोगिता, धन धान्यचल माहायज्ञमा सहकार्य | सेवा केन्द्र सर्दी र रजघरा चोरमारा सेवा केन्द्रका सदस्यहरु | १ | विनयी त्रिवेणी ५, रामपुर ३, मध्यविन्दु ७ | ११८० |
| | जम्मा सहभागी संख्या | | | | ५९९१ |

**८. सम्मान तथा पुरस्कार**

आ.व. २०८०/०८१ मा सेवा केन्द्रबाट उत्कृष्ट बचत गर्ने, पूँजी वृद्धिमा योगदान पुऱ्याउने, उत्कृष्ट उद्यमी सदस्य, उत्कृष्ट समुह, सक्रिय सदस्य, सक्रिय उप-समिति, जेहेन्दार विद्यार्थी, जेष्ठ नागरिक आदिलाई निम्नानुसार पुरस्कार तथा सम्मान गरिएको थियो ।

**तपसील**

| क्र.सं. | विधा | संख्या | क्र.सं. | विधा | संख्या |
|---|---|---|---|---|---|
| १ | बचत तर्फ | २५ | ६ | उत्कृष्ट समुह तर्फ | ४० |
| २ | पूँजी वृद्धि तर्फ | २० | ७ | जेष्ठ नागरिक सम्मान तर्फ | १०७ |
| ३ | व्यवसायी/उद्यमी तर्फ | २७ | ८ | शैक्षिक सामाग्री (मा.वि तह) तर्फ | १२४ |
| ४ | समुह प्रमुख/उपप्रमुख | १३ | ९ | १०+२ वार्षिक शुल्क | ४ |
| ५ | एकल उद्यमी सदस्य | ११ | १० | विक्लाङ्ग उद्यमी सदस्य | ३ |
| | जम्मा | ९६ | | | २७८ |

**आदरणीय सदस्यज्यूहरु**

संस्थाका समिति, उप-समिति एवम् शेयर सदस्यहरुको क्षमता अभिवृद्धि, संरक्षण, सम्वर्द्धन, सामाजिक सुरक्षा तथा उत्तरदायित्व, जीवनस्तर सुधार, स्वरोजगार सृजना, कर्मचारीको दक्षता तथा वृत्ति विकास, नीति, विधि र प्रविधिमा जोड, युवाहरुको सहभागिता, उद्यमशीलता र व्यवसायिक विकास, स्थानीय पालिकाहरुसँगको समन्वय र साझेदारी, कृषि तथा पशुपालन क्षेत्रको प्रवर्द्धन आदि कार्यक्रमहरु समावेश गरी आ.व. २०८१/०८२ को लागि प्रस्ताव गरिएका नीति तथा कार्यक्रमहरु क्रमिक रुपमा प्रस्तुत गर्न अनुमति चाहन्छु । साथै उक्त नीति तथा कार्यक्रमहरु छलफल गरी आवश्यक सुझाव सहित यस सभाबाट पारित गरी लक्ष्य प्राप्तीका लागि यहाँहरुले भूमिका निर्वाह गर्दै सहयोग र योगदान गर्नुहुनेछ भन्ने विश्वास एवम् अपेक्षा लिएकी छु ।

**आ.व. २०८१/०८२ का प्रस्तावित नीति तथा कार्यक्रमहरू**

**क. वित्तीय दृष्टिकोणबाट संस्थालाई सवल र सक्षम बनाउन निम्न बमोजिम कार्यहरु गरिनेछ ।**

**१) आ.व. २०८१/०८२ को सदस्यता तथा सेवा विस्तार योजना :-**

संस्थाको सदस्यता वृद्धिलाई नियमित बनाउँदै चालु आ.व.को असार मसान्तसम्ममा ५३९६४ जना सदस्य पुऱ्याउने लक्ष्य लिइएको छ । सो लक्ष्य पुरा गर्नको लागि **सदस्यबाट सदस्यता अभियान** अगाडि सारिएको छ । यस अभियानलाई सफल पार्न सबैले साथ दिनुहुन अनुरोध गर्दछु ।

**२) चालु आ.व. २०८१/०८२ को बचत वृद्धि योजना :**

सदस्यहरुको आवश्यकतामा आधारित बचत सेवाहरु वृद्धि गर्दै सम्पूर्ण बचत र कारोवार गर्न सदस्यहरुलाई प्रोत्साहन गरी चालु आ.व.को असार मसान्तसम्म रू. २ अर्ब ४५ करोड ४९ लाख ५१ हजार ९ सय ३४ बचत पुऱ्याउने लक्ष्य लिइएको छ ।

३) **चालु आ.व. २०८१/०८२ को शेयरपूँजी वृद्धिको योजना :**

संस्थामा आवद्ध सबै सदस्यहरूमा अपनत्वको भावनामा वृद्धि गरी न्यूनतम शेयर भएका सदस्यहरुलाई शेयर पूँजी वृद्धि गर्न प्रोत्साहन गरिनेछ । संस्थाको शेयर कारोबार वर्षभरि नै खुल्ला गरिनेछ भने शेयरमा मासिक मौज्दातको आधारमा शेयर लाभांश वितरण गरिने छ । चालु आ.व. को असार मसान्तसम्म रू. ४६ करोड ८ लाख ८ हजार ४ सय शेयरपूँजी पुऱ्याउने लक्ष्य लिइएको छ ।

४) **चालु आ.व. २०८१/०८२ को लगानीमा रहेको ऋणको योजना :**

वर्तमान समयमा आर्थिक मन्दीबाट प्रभावित भएका सदस्यहरूको व्यवसाय निरन्तरता, उद्यमशीलता विकास, कृषि प्रवर्द्धनमा टेवा पुग्ने खालका ऋण सेवाहरू विकास गरी अधिकतम रू. ८० लाखसम्म ऋण लगानी गर्ने नीति लिएको छ । धितो सुरक्षण र सानो तथा मझौला कर्जालाई प्राथमिकता दिंदै सदस्यको आवश्यकता, कर्जा ईतिहास, कर्जा तिर्ने क्षमता, सामाजिक अवस्था आदि विश्लेषण गर्दै सदस्यहरुलाई यसै संस्थाबाट आवश्यक पर्ने ऋण सेवा सहज रूपमा उपलब्ध गराउने नीति बमोजिम चालु आ.व. को असार मसान्तसम्म लगानीमा रहिरहेको ऋण रू. २ अर्ब ५१ करोड ५९ लाख ७८ हजार ३ सय २० पुऱ्याउने लक्ष्य लिएको छ ।

५) **आ.व. २०८१/०८२ को संस्थागत पूँजी वृद्धि योजना**

"जग बलियो भए, घर बलियो हुन्छ" भन्ने अवधारणा बमोजिम संस्थागत सक्षमता, दीगोपनाका लागि संस्थागत पूँजी वृद्धि गरिने छ । चालु आ.व. को असार मसान्तसम्म संस्थागत पूँजी रू. २७ करोड ७३ लाख २८ हजार ३ सय ७९ पुऱ्याउने लक्ष्य लिइएको छ ।

६) **आ.व. २०८१/०८२ को वित्तीय लगानीमा वृद्धि योजना**

सहकारीको विश्वव्यापी अभियान प्रति ऐक्यवद्धता, संस्थालाई सञ्जालहरूमा सञ्जालिकृत गराउदै, वित्तीय लगानी (शेयर) वृद्धि गरी रू. ८०,००,०००।- पुऱ्याइनेछ ।

७) **आ.व. २०८१/०८२ को बाह्य ऋणको योजना :**

संस्थाको तरलता व्यवस्थापन एवम् वित्तीय संकट टार्न आवश्यकता बमोजिम बैंक तथा वित्तीय संस्थाहरूबाट लिइने बाह्य कर्जा आ.व २०८१/०८२ को असार मसान्तसम्म शुन्य रहने अनुमान गरिएको छ ।

८) **आ.व. २०८१/०८२ को स्थिर सम्पत्तिको योजना :**

गत वर्ष प्रस्ताव गरिएको केन्द्रीय कार्यालयको भवन निर्माण र सवारी साधन खरिद गर्ने योजना संस्थाको वित्तीय सूचकहरुमा देखिएको कमीका कारण सम्पन्न गर्न नसकिएको हुँदा सो कार्यहरुलाई चालु आ.व. मा पुरा गर्न प्रस्ताव गरिएको छ । संस्थाको सम्पूर्ण कार्यालयलाई व्यवस्थित र सदस्यमैत्री बनाउदै सेवा प्रवाह गर्ने लक्ष्य बमोजिम आफ्नै रंग रोगन, ईमेल ईन्टरनेट, कार्यालय कक्ष, सदस्य सहयोग कक्ष, बैठक कक्ष, प्रतिक्षा कक्ष सहितको भौतिक पूर्वाधार व्यवस्थापन तथा स्तरोन्नती गर्दै सबै सेवा केन्द्रहरुबाट उत्कृष्ट र फरक ढङ्गको सेवा प्रदान गरिनेछ चालु आ.व वार्षिक बजेटमा आवश्यक उपकरण र भौतिक सामाग्रीहरु खरिद तथा व्यवस्थापनका गरी असार मसान्तसम्म रू. ३ करोड ६१ लाख २३ हजार ७ सय ५६ पुऱ्याउने लक्ष्य लिईएको छ ।

**९) आ.व. २०८१/०८२ को कूल सम्पत्तिको योजना :**

कूल सम्पत्तिमा वृद्धि गरी चालु आ.व. को असार मसान्तसम्म रू. ३ अर्ब ८४ करोड ६७ लाख ६६ हजार ३ सय २१ पुऱ्याइनेछ ।

**१०) वित्तीय विश्लेषण औजारको रूपमा रहेको पर्ल्स अनुगमन प्रणाली** (PEARLS Monitoring System) को नियमित विश्लेषण गरी सूचकहरू पूरा गर्नको लागि प्रभावकारी रणनीतिहरू अवलम्वन गरिनेछ ।

**११) आन्तरिक नीति तथा कार्यविधि निर्माण र संशोधन :**

संस्थामा सुशासन स्थापित गर्दै नीति, विधि तथा प्रविधिमैत्री, सक्षम र दिगो संस्थाको रुपमा विकास गर्न आवश्यक पर्ने नीति, निर्देशिका, कार्यविधि, साधारण सभाबाट पारित गरि लागु गरिएको छ । हाल संस्थामा ३५ वटा नीति, निर्देशिका कार्यविधि मार्फत सेवा प्रवाह गरिएको छ । चालु आ.व. मा संस्थाको विनियम, नीति तथा कार्यविधिलाई आवश्यकता अनुसार संशोधन, पुनर्लेखन गरी समय सापेक्ष बनाइनेछ ।

**१२) संस्थागत सुशासन :**

संस्थाले सहकारी विभाग, नियमनकारी निकायद्वारा जारी निर्देशन तथा छाता संघ, आन्तरिक तथा बाह्य लेखा परिक्षकद्वारा प्राप्त सुझाव, मार्गदर्शन र औंल्याएका कैफियत एवम् सुझावहरु माथि गम्भिरता पूर्वक छलफल गर्ने र सुधारका लागी व्यवस्थापनलाई निर्देशन दिने कार्यमा प्रभावकारी भूमिका खेल्दै आइरहेको छ । ऐन, नियम एवम् निर्देशन अनुसार विभिन्न निकायहरुमा पठाउनु पर्ने प्रतिवेदन, सूचना तथा जानकारीहरु तोकिएको समयमा पठाउने कार्य र एकीकृत व्यवस्थापन सूचना प्रणाली र सम्पत्ति शुद्धिकरण सम्बन्धी ऐन तथा नियमहरुले तोके बमोजिमको कार्य थप प्रभावकारी ढङ्गबाट गरिनेछ ।

**१३. आन्तरिक नियन्त्रण प्रणाली :**

संस्थाको कारोवारसंगै बढ्दै जाने जोखिम व्यवस्थापन गर्नका लागि संस्थाका सञ्चालक समिति, उच्च व्यवस्थापन तहबाट सबै कार्यालयहरुमा नियमित निरिक्षण तथा अनुगमन गर्ने गरिएको, त्रैमासिक रुपमा लेखा सुपरिवेक्षण समिति र आन्तरिक लेखा परिक्षण टिमद्वारा लेखा तथा समग्र पक्षको जाँच गरिदै आईरहेकोमा चालु आ.व. मा यस कार्यलाई थप प्रभावकारी बनाई आन्तरिक नियन्त्रण व्यवस्थित र चुस्त बनाइनेछ ।

**१४. जोखिम व्यवस्थापन :**

जोखिम व्यवस्थापनको लागि नियमित रुपमा जोखिम विश्लेषण गरि आवश्यक योजना तथा रणनितिहरु अवलम्बन गरिनेछ । केही सेवा केन्द्रमा सिसि टिभी जडान गर्न बाकी रहेकाले चालु आ.व.मा जडान गरिनेछ । क्रमश अग्नि प्रतिरोधि दराज, अग्नि नियन्त्रक, नक्कली नोट पत्ता लगाउने उपकरण जस्ता भौतिक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।

**१५. प्रविधि, विप्रेषण र बिल भुक्तानी सेवा :-**

प्रविधिको प्रयोगमा जोड दिदै Online Software मार्फत सवै सेवा केन्द्रहरुबाट ABBS, SMS, Tablet Banking, Mobile Banking , QR Payment, टेलिफोन, विद्युत, पानी महसुल, ईन्टरनेट, मोबाईल, डिसहोम रिचार्ज, हवाई तथा बस टिकट काट्ने व्यवस्था मिलाइएको छ । राष्ट्रिय सहकारी बैंकसंग सहकार्य गरी ATM [Coop Card] सिस्टमसंग अद्यावधिक गर्ने काम भईरहको छ र समय सापेक्ष प्रविधिसंग सम्बन्धित अन्य सेवाहरु समेत जोड्दै प्रभावकारी सेवा प्रदान गरिनेछ ।

**१६. बीमा सेवा :**

संस्थाद्वारा जोखिम न्युनिकरणका लागि विभिन्न सेवा प्रदायक बीमा कम्पनीहरूसंग सम्झौता गरी जीवन बीमा, सदस्यहरुको दुर्घटना बीमा, म्यादी बीमा, स्वास्थ्य बीमा, पशु बीमा, संस्थाको भल्ट, मार्गस्थन र काउन्टर तथा सवारी साधन बीमाका लागि चालु आ.व. मा समेत सहकार्य गरिनेछ ।

**ख. समिति, उप-समिति, कर्मचारी तथा सदस्यको क्षमता विकास एवम् संस्थालाई सुदृढ र दीगो बनाउन निम्न बमोजिमका कार्यहरू गरिनेछ**

**१) शिक्षा, तालिम र सूचना**

संस्थाका सदस्यहरुमा सहकारी सम्बन्धी बुझाईको विकास गर्न नियमित रुपमा सहकारी शिक्षा, विस्तारित मंच, वित्तीय, व्यवसाय, स्वास्थ्य, प्रविधि तथा ऋण साक्षरता कार्यक्रम, संस्थाको प्रगति, सेवा सुविधाको जानकारी प्रदान गर्न र पृष्ठपोषण लिनका लागि सदस्यहरुसंग अन्तरक्रिया एवम् क्षमता अभिवृद्धि, उद्यम तथा व्यवसाय प्रवर्द्धनका लागी आवश्यक सीप, र क्षमता विकास सम्बन्धी तालिम तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**२) सदस्यहरूको अध्ययन, अवलोकन भ्रमण :-**

चालु आ.व. मा बढिमा ३४० जना सदस्यहरूलाई उद्यमशीलता तथा सीप विकास, व्यवसाय प्रवर्द्धन गर्न, सञ्चालित व्यवसायको आधारमा, व्यवसायिक क्षेत्र, सहकारी, कृषि पशुपालन, उत्पादन सम्बन्धी उद्यम तथा धार्मिक, शैक्षिक, पर्यटकीय, भौगोलिक क्षेत्र राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरका अध्ययन अवलोकन भ्रमणमा सहभागी गराइने छ ।

**३) यूवा लक्षित कार्यक्रम**

क) **नवप्रतिभा युवा उद्यम विकास कार्यक्रम (निडेप) :-** संस्थामा आवद्ध सदस्य परिवारभित्रका युवा सदस्यहरुलाई व्यवहारिक सिप, तालिम र आवश्यकता अनुसार पूँजी समेत उपलब्ध गराई स्वदेशमा नै स्वरोजगार, उद्यमशिल बनाउदै समृद्ध र आत्मनिर्भर बनाउने लक्ष्य अनुरुप विभिन्न प्रकारका तालिम प्रदान गरिनेछ ।

ख) **युवा स्वरोजगार कोष :-** नेपाल सरकार युवा तथा साना व्यवसायी स्वरोजगार कोष ललितपुर सँग सहकार्य गरी थप कर्जा लिई सहुलियत दरमा कर्जा लगानी गरिनेछ ।

४) **एक सेवा केन्द्र एक उद्यम**

संस्थाको सेवा केन्द्र अन्तर्गतका सदस्यहरूले सामुहिक व्यवसाय गरि प्रतिफल प्राप्त गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ । सामूहिक तथा नमूनाको रुपमा सञ्चालन गरिएका उद्यम तथा व्यवसायहरुलाई प्रोत्साहन गरिनेछ ।

५) **सदस्य सुरक्षा तथा उत्तरदायित्व**

हरेक सदस्यलाई जन्मदेखि मृत्यूसम्म आईपर्ने सुख-दुःखमा साथ दिने उद्देश्यले सदस्य तथा परिवारभित्रका सदस्यहरूको मृत्युमा घरमै उपस्थित भई समवेदना प्रकट गर्ने, विरामी तथा सुत्केरी भेटघाट र जीवन तथा आवास सुविधा, सदस्य राहत, अति विपन्न सदस्य उपचार सहयोग जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदै थप प्रभावकारी बनाइनेछ । चिन्तामुक्त कोषमा सहभागी भई संस्थाबाट समुह जमानी तर्फको कर्जा लिने सदस्यको मृत्यू भएमा रू. ५ लाखसम्म लगानी गरिएको कर्जा मिनाहा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६) **शैक्षिक कार्यक्रम**

क. **विपन्नसंग नवप्रतिभा कार्यक्रम**

प्रत्येक सेवा केन्द्रबाट वार्षिक रूपमा विपन्न सदस्यका मा. वि. सम्म अध्ययन गर्ने जेहेन्दार छात्र छात्रालाई शैक्षिक सामाग्री वितरण र कक्षा १२ र एस.ई.ई. मा उत्कृष्ट नतिजा ल्याउने छात्र छात्रालाई अध्ययनका लागि वार्षिक शैक्षिक शुल्क प्रदान गरिनेछ ।

ख. **सुनौलो बिहानी कार्यक्रम** :-

संस्थामा बाल तथा युवाहरूको सहभागिता वृद्धि तथा वित्तीय चेतना बढाउन विद्यालयहरुमा वित्तीय साक्षरता कक्षा, सचेतना एवम् क्षमता अभिवृद्धि तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

७) **जेष्ठ नागरिक सम्मान तथा सम्मान चौतारी कार्यक्रम** :-

- संस्थामा आवद्ध सदस्य तथा परिवारभित्रका जेष्ठ नागरिकहरूलाई सम्मान गर्ने, दोसल्ला, पोषणयुक्त सामग्री र सहाराको रूपमा नवप्रतिभाको लोगो अंकित टेक्ने लठ्ठी वितरण गरिनेछ ।
- वृद्ध अवस्थामा एक्लो महशुस हुन नदिन आफ्ना कुरा राख्न सेवा केन्द्रहरूमा आवश्यकता अनुसार जेष्ठ नागरिक चौतारी स्थापना गरिनेछ । उक्त चौतारीमा जेष्ठ नागरिकहरु भेला भएर भजन कृतन गरी मनोरञ्जन गर्न सक्नेछन् ।

८) **एकल महिला प्रोत्साहन कार्यक्रम** :-

- एकल महिलाहरुलाई समाजमा अर्थपूर्ण जीवन बिताउन र स्वरोजगार बनाउन आवश्यक सीप, दक्षता र उत्प्रेरणात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । क्षमता वृद्धिका लागि विभिन्न निकायहरुसंग समन्वय, सहकार्य र सहयोग, संजाल गठन आदि कार्यलाई निरन्तरता दिइनेछ ।

९) **संरक्षण कार्यक्रम** :-

- संस्थाका शेयर सदस्य स्थायी रूपमा पूर्ण असक्त/ अपांग भएको अवस्थामा निजको जीवनयापनका लागि संस्थाले वार्षिक रू. ३ हजार ६ सय उपलब्ध गराउनेछ।

- शेयर सदस्य बुबा, आमा दुवै जना दुर्घटना मृत्यु भई छोराछोरी अनाथ भएको अवस्थामा बालिग नहुन्जेलको अवस्थासम्म शिक्षा, दिक्षा र पालनपोषणको लागि संस्थाद्वारा सहयोग गरिनेछ ।

**१०) स्वास्थ्य नै सम्पति, सुखी रहौं दम्पति :-**

- वर्तमान समयमा मानिसहरूमा नसर्ने तथा प्राणघातक रोगहरूबाट प्रभावित भएको परिवेशमा विषादी रहित उत्पादन र उपभोगका लागि चेतना अभिवृद्धि गर्ने । सदस्यहरूलाई मर्निङ्गवाक, खेलकुद, व्यायाम र योगा गर्न प्रोत्साहित गर्ने ।
- विभिन्न संस्थाहरूसँग समन्वय गरी कार्यक्षेत्रभित्र स्वास्थ्य शिविर, वृहत योग शिविर तथा स्वास्थ्य सम्बन्धी अन्य कार्यक्रमहरू सञ्चालन गर्ने ।
- अस्पतालहरूसंग सहकार्य गरी सहुलियत तथा छुटकार्डको लागि व्यवस्था गरिने ।

**११) मेरो खुशी, मेरो नवप्रतिभा :-**

यस कार्यक्रम अन्तर्गत आँखा चेक जाँच, आँखा शिविर, निशुल्क औषधी वितरण र मोतिया बिन्दुको शल्यक्रिया गर्न सहयोग पुऱ्याइनेछ ।

**१२) खेलकुदमा नवप्रतिभा :-**

युवाहरूलाई अनुशासनमा राख्न र खेलको माध्यमबाट संस्थाको पहिचान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउन स्थानीय सामाजिक संघ-संस्थासंग सहकार्य गरी फुटवल, भलिबल, क्रिकेट, तेक्वान्दो आदि जस्ता खेलहरूको प्रवर्द्धन विकास गर्न एवम् खेलकुद क्षेत्रमा लाग्न युवाहरूलाई प्रोत्साहन गरिनेछ ।

**१३) पढ्दै कमाउदै कमाउदै पढ्दै कार्यक्रम :**

कक्षा १० सम्म अध्ययनरत विद्यार्थीहरुलाई शिक्षासंगै कमाई पनि गर्नुपर्छ भन्ने भावना जागृत गर्नका लागी व्यवहारिक सिप प्रदान गर्ने र उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई शिक्षासंगै काममा जोडदै स्वरोजगार बनाउने तथा आय वृद्धि गर्दै स्वदेशमै उद्यम गर्ने वातावरण सृजनाका लागी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**१४) वातावरण मैत्री नमूना गाउँ निर्माण कार्यक्रम**

ग्रामीण समुदायमा वसोवास गर्ने न्यून तथा मध्यम वर्गका समुदायको सहज जिविकोपार्जनको लागि विभिन्न खालका आर्थिक, सामाजिक र साँस्कतिक सशक्तिकरणका लागि आधारभुत सिपको प्रयोग मार्फत समाज र वातावरण सुहाँउदो आयमुलक क्रियाकलापहरुमा स्थानीय समुदायहरुलाई स्थानीय तहमै स्वरोजगार बन्न प्रेरित गर्दै र वातावरण संरक्षण गरी कार्वन उत्सर्जन न्यूनिकरण गर्ने उद्देश्य अनुरुप कार्यक्षेत्रभित्रका समुदायहरुमा वातावरण मैत्री गाउँ निर्माणका लागि आवश्यक क्रियाकलापहरु सञ्चालन गरिनेछ र आवश्कता अनुसार विभिन्न निकायहरुसंग समन्वय गरी कार्यक्रम विस्तार गर्दै लगिनेछ ।

**१५) नवदम्पति /बाल सदस्यता स्वागत कार्यक्रम :**

संस्थाको सदस्यता विस्तारका लागि विवाह भएर आउने बेहुलीलाई विवाहकै दिनमा स्वागत र शुभकामना दिई संस्थाबाट सदस्यता प्रदान गर्ने साथै संस्थाका सुत्केरी सदस्य भेटघाट कार्यक्रममा

सहभागी भई नवजात शिशुको नाममा बाल बचत खाता खोली बचत गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**१६) संस्कृति/पर्यटन संरक्षण तथा प्रवर्द्धन कार्यक्रम**

सदस्यहरूलाई आफ्ना धर्म संस्कृति रिती रिवाजहरूको जगेर्ना गर्न बाजा, पोशाक तथा अन्य सामाग्री व्यवस्थापन, विभिन्न प्रतियोगितात्मक कार्यक्रम, दिवस तथा अभियानहरू सञ्चालन गर्न आवश्यकता अनुसार सहयोग गरिनेछ । त्यसैगरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि तथा अभियानहरू सञ्चालन र होमस्टे प्रवर्द्धनका लागि सहयोग गरिनेछ । र आवश्यकता अनुसार घरेलु तथा साना उद्योग कार्यालय, स्थानीय पालिकाहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

**१७) सामाजिक व्यवसाय कार्यक्रम**

सामाजिक दिवसको अवसरमा नेपाल कन्ट्रीफोरमद्वारा तय गरिएको राष्ट्रिय कार्ययोजना बमोजिम उद्यमशीलता विकास, लघुवित्त कार्यक्रम मार्फत गरिबी र कार्बन ( हरितगृह ग्यास) न्यूनिकरणका लागी गरिएका कार्यक्रम र कार्य योजनालाई निरन्तरता दिईनेछ ।

**१८) सामुदायिक विकास कोष परिचालन :-**

संस्थाद्वारा सामुदायिक विकासका लागि “मेरो गाउँ मेरो लगानी कार्यक्रम” सञ्चालन गरिनेछ । यसको लागि सामुदीयक विकास कोषको रकम परिचालन गरिनेछ । जस अन्तर्गत केन्द्र, प्रदेश, जिल्ला समन्वय ईकाई, स्थानीय पालिका, घरेलु तथा साना उद्योग कार्यालय, उद्योग बाणिज्य संघ, बजार व्यवस्थापन समिति र सरोकारवालासंग लागत सँझेदारी, सहकार्य र सहभागितामा संस्थाका कार्यक्षेत्रभित्र रहेका अत्यावश्यक सामुदायिक विकासका क्रियाकलाप, पर्यटन प्रवर्द्धन, सर-सफाई अभियान, शैक्षिक सहयोग, साना भौतिक संरचना निर्माण, स्मार्ट चोक निर्माण लगायत गाउँ शहर सुन्दर बनाउन विभिन्न रचनात्मक कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

**१९) कृषि, पशुपालन, दुग्ध व्यवसाय तथा प्रवर्द्धनात्मक कार्यक्रम :-**

सदस्यहरुलाई कृषि, पशुपालन र दुग्ध व्यवसाय मार्फत उद्यमी र स्वरोजगार बनाउन आवश्यकता बमोजिम तालिम, अवलोकन भ्रमण, अन्तरक्रिया, भेला सम्मेलनमा सहभागी गराउने, औषधि, मल, विउ विजनमा अनुदानका साथै कृषि उपज उत्पादन प्रशोधन र यान्त्रिकीरणका लागि सहयोग तथा प्रोत्साहन एवं सहुलियत दरको कर्जा प्रवाहको लागि सरोकारवाला निकाय, स्थानीय तथा प्रदेश सरकार, कृषि ज्ञान केन्द्रसँग समन्वय र सहकार्य गरिनेछ ।

**२०) समन्वय, सम्बन्ध विस्तार, सहकार्य तथा साँझेदारी :-**

संस्थाको ख्याति तथा पहिचान वृद्धि, सदस्यहरुको क्षमता अभिवृद्धि, सामुदायिक विकास एवम् सामाजिक रुपान्तरणका लागि स्थानीय पालिका, प्रादेशिक र केन्द्रीय स्तरका छाता संघहरु लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न संघ संस्थाहरुसँगको सहकार्यलाई अगाडि बढाईएको छ । विभिन्न संघ संस्थाबाट आयोजना गरिने लघुवित्त सम्मेलन, साकोस शिखर गोष्ठी, व्यवसाय तथा कला

संस्कृतिको प्रवर्द्धन संरक्षणमा सहयोग पुऱ्याउने खालका कार्यक्रहरुको आयोजक, सह-आयोजक र प्रायोजकको भूमिका निर्वाह गरिनेछ ।

**२१) कार्य सम्पादन मुल्याङ्कन :-**

- सञ्चालक समिति, उप-समितिको स्वमूल्यांकनलाई निरन्तरता दिइनेछ। उत्कृष्ट सेवा केन्द्रलाई कार्यसम्पादन मुल्याङ्कनको आधारमा सम्मान तथा पुरस्कृत गरिनेछ ।
- वार्षिक रूपमा कर्मचारीहरूको लक्ष्य अनुसार प्रगतिको कार्यसम्पादन मूल्यांकन गरी सम्मान तथा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**२२) प्रकाशन तथा प्रचार प्रसार**

संस्थाबाट भए गरेका कार्यक्रम, सूचना तथा जानकारीहरु सदस्यहरु माझ पुऱ्याउनका लागि नियमित रुपमा संस्थाको नामबाट सामाजिक संजाल फेसबुकको प्रयोग गरिएको छ । वेभसाइटलाई अद्यावधिक गर्दै रेडियो, टेलिभिजन, यूट्युव जस्ता प्रविधिहरुको प्रयोग गरी संस्थाको सूचना तथा जानकारीहरु प्रकाशन, प्रसारण गरिनेछ । संस्थाको डकुमेण्ट्री भित्तेपात्रो, सदस्य बडापत्र, स्मारिका, ब्रोसर, क्याटलग, फ्लेक्स प्रिन्ट, झोला, किरिङ्ग, लोगो अंकित छाता, टिसर्ट लगायतका सामाग्री व्यवस्थापन, प्रकाशन तथा वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

**२३) संस्थागत दिगोपना तथा जनशक्ति व्यवस्थापन :**

क) सञ्चालक, लेखा समिति र उप-समिति, कार्यदल तथा कर्मचारीहरुको क्षमता विकास गरि थप क्रियाशील बनाउन आन्तरिक र विभिन्न अन्य संस्थाबाट आयोजना गरिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका तालिम, गोष्ठी, भ्रमण र अन्तरक्रियामा सहभागी गराइनेछ ।

ख) सञ्चालक, उप-समिति तथा कार्यदलहरुको बैठकमा सक्रियता र सहभागितालाई थप प्रभावकारी बनाइनेछ । संस्थाका सबै समिति एवम् उप-समितिका पदाधिकारीहरुलाई नेतृत्वदायी भूमिका निभाउनका लागि अभिप्रेरित गरिनेछ ।

ग) शेयर सदस्यको विशेषज्ञताको आधारमा संस्थामा आवश्यक उप-समितिहरु गठन गरी परिचालन गरिनेछ ।

घ) समिति तथा उप-समितिहरुको वार्षिक रुपमा स्वमूल्याङ्नको आधारमा क्षमता विकास सम्बन्धी योजनाहरु तय गरिनेछ ।

ङ) कर्मचारीहरुलाई संस्थाको वित्तीय विश्लेषण, संस्थाको क्षमता, प्रतिस्पर्धी बजार एवम् विद्यमान नियम कानुन बमोजिम सेवा सुविधाहरु थप गर्दै लगिनेछ ।

छ) कर्मचारीको विभागीय संरचना बमोजिम २०८१ असार मसान्तसम्म १७६ जना कर्मचारी रहेकोमा संस्थाको सेवा विस्तार वित्तीय तथा अन्य कार्यक्रमको आवश्यकताको आधारमा सहायक कार्यकारी निर्देशक, वरिष्ठ प्रबन्धक, वरिष्ठ अधिकृत, वरिष्ठ सहायक, सहायक, जुनियर सहायक, बचत सहायक, सुरक्षा गार्ड, सवारी चालक, कार्यालय सहयोगी गरी जम्मा १२ जना थप गरि २०८२ असार मसान्तसम्म १८८ जनाको दरबन्दी कायम रहनेछ

**२४) महामारी, संक्रमण तथा विपद व्यवस्थापन कार्यक्रम :-**

विगत वर्षहरुमा जस्तै माहामारी, संक्रमण देखापर्ने तथा प्राकृतिक विपद आईपर्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै महामारी, संक्रमण तथा विपद व्यवस्थापनका लागि पूर्वतयारी गरिनेछ । यी घटनाहरुमा सदस्यहरुलाई राहत तथा सुविधा प्रदान गरिनेछ ।

**२५) सहकारी एकीकरण :-**

सहकारी क्षेत्रलाई अझ प्रतिस्पर्धी र बलियो बनाउदै सदस्यहरुलाई सम्पूर्ण वित्तीय समाधान सहितको गुणस्तरिय सेवा प्रदान र दोहोरो सदस्यता न्युनिकरण गर्न कार्यविधि अनुरुप एकीकरण गरिनेछ ।

**अन्य कार्यक्रम**

- चालु आ.व. मा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार लेखापरिक्षण गर्ने कार्यलाई कार्यान्वयन गरिनेछ ।
- संस्था तथा सेवा केन्द्रहरुको स्थापना दिवसमा विविध कार्यक्रमहरु गरी मनाइनेछ ।
- संस्थाको ख्याती वृद्धिका लागी विभिन्न निकायबाट संचालन गरिएका ब्राण्डीङ्ग कार्यक्रममा सहभागिता जनाइनेछ ।
- संस्थाले पुऱ्याएको योगदान, सदस्यहरुमा आर्थिक उन्नतिमा पुगेको प्रभावको विश्लेषण तथा उपलब्धीहरुको लेखाजोखाका लागि खोज तथा अनुसन्धान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- संस्थाबाट कर्जा लिई तोकिएको समयमा साँवा र व्याज भुक्तानी गर्नका लागि संस्थाबाट सहजीकरण र विकल्प प्रदान गर्दा समेत अटेर गरी भाखा नघाउने ऋणी सदस्यको तिन पुस्ते विवरण स्थानीय र राष्ट्रिय पत्रिकामा प्रकाशित गर्ने, कार्यालयको सूचना पाटिमा टाँस गर्ने, कालो सूचीमा समावेश गर्ने र असुलीका लागी कानूनी कार्वाही अगाडि बढाइनेछ ।
- सहभागीतामूलक बार्षिक योजना तथा बजेट, रणनितिक व्यवसायिक योजनाहरु निर्माण तथा समय समयमा पुनरावलोकन एवम् समिक्षा गरी लक्ष्य तथा उद्देश्य हाँसिल गर्न थप कार्यहरु सञ्चालन गरिनेछ ।
- युवा परिचालन उप-समितिको माध्यमद्वारा युवाहरुमा बढ्दो विकृती र विसंगती न्यूनिकरण गर्न संचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**अनुमान गरिएका चुनौती तथा जोखिमहरू:**

- अधिक तरलता र कर्जा लगानीमा कमी हुदा संस्थाको व्याज आम्दानीमा असर पर्न सक्ने ।
- केही सहकारी संस्थाहरुमा समस्या देखिएका कारण सदस्यहरुमा नकारात्मक असर परी बचत घट्न सक्ने ।
- वर्तमान अवस्थामा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रदान गर्ने बचत तथा कर्जाको व्याजदरका कारण संस्थाको कारोबारमा असर पर्न सक्ने ।

- राजनैतिक अस्थिरता, सुरक्षा र सम्भावित बजार संङ्कुचनका कारण पर्न सक्ने असरहरु ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा हुने आर्थिक मन्दिका कारणबाट हुन सक्ने असरहरु ।
- आर्थिक मन्दीका कारण सदस्यहरुको व्यापार-व्यवसाय राम्रोसंग संचालन हुन नसकी कर्जा असुलीमा कमि भई भाखा नाघेको कर्जा वृद्धि हुन सक्ने ।
- वित्तीय क्षेत्रमा देखा परेका भ्रामक गतिविधिका कारण पर्न सक्ने असर ।
- ऐन नियमावली तथा नीति परिवर्तन हुदा सिर्जना हुन सक्ने सम्भावित जोखिमहरु ।
- विपद, प्राकृतिक प्रकोप तथा महामारीबाट सृजना हुने जोखिमहरु ।

यी अनुमान गरिएका चुनौती तथा जोखिमबाट संस्थाको वित्तीय प्रगतिमा पर्न सक्ने असरबारे सचेत रहदै सम्भावित हानी नोक्सानी तथा जोखिम न्युनिकरण गर्न प्रस्तावित बजेट तथा कार्यक्रम निर्माण गर्दा विशेष ध्यान दिइएको छ ।

अन्त्यमा संस्थाको विकाश र प्रगतिमा सहयोग गर्नुहुने नियामक निकाय, छाता संघहरू, सञ्चार जगत, सरोकारवाला संघ- संस्था, सहकारी अभियन्ताहरू, संस्था र सदस्यको सेवामा समर्पित पूर्व सञ्चालक, वर्तमान सञ्चालक समिति, उप-समितिका सहकर्मी साथीहरू, अग्रपंक्तिमा खटिने कर्तव्यनिष्ठ कर्मचारी वर्ग, वित्तीय अनुसाशन र इमान्दारीतामा रही आफ्नो र संस्थाको हितमा कटिबद्ध सदस्य महानुभावहरूप्रति हार्दिक आभार एवम् कृतज्ञता ज्ञापन गर्दछु । आगामी दिनमा संस्थालाई आउन सक्ने समस्या एवं चुनौतीमा साथ दिई संस्थालाई सुरक्षित तथा व्यवस्थित रूपमा सञ्चालनका लागि सम्पूर्ण सदस्यहरूज्यूहरू सक्रिय भूमिका निर्वाह गर्नुहुन अनुरोध गर्दै मेरो प्रतिवेदन अन्त्य गर्दछु ।

धन्यवाद ! जय नवप्रतिभा ! जय सहकारी !

## बचतका सेवाहरु

| | | |
|---|---|---|
| १. नियमित/समूह बचत | ६. पर्व बचत | ११. आवधिक बचत |
| २. दीर्घजीवन बचत | ७. आवास बचत | १२. उपकार बचत |
| ३. शिक्षा बचत | ८. समृद्धि बचत | १३. नारी कल्याणकारी बचत |
| ४. बाल बचत | ९. स्वास्थ्य बचत | १४. व्यक्तिगत/ऐच्छिक/दैनिक बचत |
| ५. विवाह बचत | १०. जेष्ठ नागरिक बचत | १५. नवप्रतिभा स्पेशल बचत |

# २७औँ वार्षिक साधारण सभामा प्रस्तुत आर्थिक प्रगति प्रतिवेदन, एवम् प्रस्तावित लक्ष्य तथा बजेट आ.व. २०८०/०८१



कौशिला सापकोटा
कोषाध्यक्ष

२७औं वार्षिक साधारण सभाका श्रद्धेय सभाध्यक्षज्यू, हाम्रो आतिथ्यतालाई स्वीकार गरी पाल्नुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथि एवम् विशेष अतिथिज्यूहरु, विभिन्न संघ संस्था तथा कार्यालयको प्रतिनिधित्व गरी मञ्चमा आसिन अन्य अतिथिज्यूहरू, सञ्चारकर्मी, सुरक्षाकर्मीज्यूहरू, प्रेरणादायी व्यक्तित्वहरू, शेयर सदस्यज्यूहरू एवम् सञ्चालक समिति तथा विभिन्न उप-समितिका पदाधिकारीज्यूहरू लगायत शुभचिन्तक महानुभावहरूमा न्यानो सहकारी अभिवादन टक्र्याउदछु । साथै सम्पूर्णमा सुख, शान्ति एवम् सु-स्वास्थ्यको कामना गर्दछु ।

तत्कालीन जिल्ला सहकारी कार्यालय नवलपरासीबाट वि.सं २०५४/०९/१६ गते औपचारिक रुपमा दर्ता भई २७ जना युवाहरूबाट शुरुवात गरिएको यस संस्थाको कोषाध्यक्षको हैसियतले आ.व. २०८०/०८१ को वित्तीय विवरणहरू प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्षित भएकी छु ।

**आदरणीय शेयर सदस्यज्यूहरू**

समग्र विश्व बजारमा विगतका वर्षहरु देखि देखा परेको महामारी, आर्थिक, सामाजिक र राजनैतिक युद्ध, आयात-निर्यातमा असन्तुलन, लगानीका क्षेत्रमा सङ्कूचन, ब्याजदरमा अस्वभाविक उतार चढाव, घर जग्गा कारोवारमा छाएको सुस्तता, बैदेशिक अध्ययन तथा रोजगार प्रति युवाहरुको बढ्दो आर्कषणका कारण राष्ट्रिय पूँजी बाहिरिनु, उच्च तरलता, उत्पादनमूलक उद्योग, निर्माण र व्यापार व्यवसाय राम्रोसँग सञ्चालन आउन नसक्नु लगायतका विभिन्न कारणले गर्दा वित्तीय क्षेत्र र समग्र अर्थतन्त्रमाथि नकरात्मक अवस्था सृजना हुन पुगेको छ । त्यसैगरी केही सहकारीहरू संस्थाहरु सहकारी सिद्धान्त, मूल्य मान्यता विपरीत सञ्चालन हुनु, एवम् समस्याग्रस्त घोषणा हुनु, दैनिकजसो मिडियामा सहकारीका विषयमा नकारात्मक समाचारहरु प्रसारण भईरहनु तथा वित्तीय क्षेत्र विरुद्ध अराजक क्रियाकलाप देखापर्नु आदी जस्ता क्रियाकलापको प्रभाव हाम्रो संस्थामा समेत पर्न गई आर्थिक वर्ष २०८०/८१ भरि नै उच्च तरलता, न्यून ऋण लगानी र बैंक तथा वित्तीय संस्थाबाट न्यून व्याज प्राप्त हुँदा सञ्चालन बचतमा कमी हुनुको साथै अन्य वित्तीय सूचकहरुमा समेत लक्ष्य बमोजिम प्रगती गर्न सकिएन । तथापी अत्यन्त प्रतिकूल अवस्था रहदा समेत सदस्यज्यूहरुले देखाउनुभएको सद्भाव, अटुट माया र सक्रियताका कारणले वित्तीय स्थिरता कायम गर्न र आन्तरिक स्रोतमा दरिलो बन्दै युवा स्वरोजगार कोषको न्यून कर्जा बाहेक अधिक मात्रामा रहेको बाह्य कर्जा भुक्तानी गर्न सफल भएको छ । वर्तमान परिस्थितिमा अन्य सहकारीहरुमा जस्तो समस्या हाम्रो सहकारीमा आउन नदिनका लागि सदैव सजग रही सहकारी मापदण्ड, मूल्य-मान्यता, सिद्धान्त र विभागद्वारा जारी निर्देशनलाई पालना गर्दै आईरहेका छौं ।

**आदरणीय शेयर सदस्यज्यूहरू**

आ.व.२०८०/०८१ मा हाँसिल गरिएका उपलब्धीहरूलाई समीक्षा गर्दै यसलाई सदस्यज्यूहरूले सकारात्मक रूपमा ग्रहण गर्नुहुनेछ भन्ने आशा लिएकी छु ।

**आ. व. २०८०।०८१ को आर्थिक समीक्षा**

| क्र.स. | विवरण | २०८० आषाढ | वृद्धि (%) | २०८१ आषाढ |
|---|---|---|---|---|
| १ | बचत | १५२६७२८९७७ | ३६।४४ | २०८३०७९९१३ |
| २ | शेयरपूँजी | ३६६०४५००० | ११।४४ | ४०७९२५५०० |
| ३ | लगानीमा रहिरहेको रकम | १९९७००००५६ | (०।७४ | १९८२२५२२५५ |
| ४ | स्थिर सम्पत्ति | २०७२८२८६ | (७।३५ | १९२०४८७६ |
| ५ | संरक्षित पूँजी फिर्ता कोष | १६१३६६६३ | (२१।०० | १२७४७९४४ |
| ६ | कर्जा सुरक्षण कोष | ६५२६२२३७ | २०।१५ | ७८४१४४०८ |
| ७ | कूल आम्दानी | ३७८७८९४७७ | (६।९५ | ३५२४५२११३ |
| ८ | कूल खर्च | २७९१५८८४७ | (३।५१ | २६९३६६४३४ |
| ९ | सञ्चालन नाफा | ९९६३०६३० | (१६।६१ | ८३०८५६७९ |
| १० | कूल सम्पत्ति | २७८१४५२८१२ | १३।९० | ३१६८१५३५८३ |

संस्थाको संस्थागत एवम् वित्तीय सक्षमता विकास र सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका लागि नीति, विधि एवम् प्रविधिमा जोड, वित्तीय विवरणहरुको उचित व्यवस्थापन गर्दै आर्थिक क्रियाकलापलाई सकेसम्म मितव्ययी, पारदर्शी, सुरक्षित र व्यवस्थित बनाइराख्नका लागि संस्थागत सुशासनको पालना गर्दै आइरहेको व्यहोरा यस सभा समक्ष अवगत गराउन चाहन्छु । वर्तमान अवस्थासम्म आइपुग्दा हाँसिल गरेका वित्तीय उपलब्धीहरूलाई अझ गुणात्मक रूपमा वृद्धि गर्न सदस्य सेवा र सन्तुष्टिलाई प्राथमिकतामा राख्दै नीति नियम तथा सेवा सुविधाहरुलाई समय सापेक्ष परिमार्जन गरिएको छ । उद्यमशीलता तथा व्यवसाय प्रवर्द्धन, स्वरोजगार सृजना एवम् प्रविधियुक्त सेवा प्रदान गर्ने लक्ष्य अनुरूप संस्थाको सेवाहरूलाई विविधीकरण गर्ने, समय सापेक्ष व्याजदर संशोधन गर्ने, कोषहरूको वृद्धि, एवम् विभिन्न निकायहरूसँग सहकार्य तथा साझेदारी गरिनेछ । प्रविधियुक्त सदस्यमैत्री कार्यालय, जग्गा भवन तथा सवारी साधन, आवश्यक फर्निचर, फिक्चर्स, विद्युतीय सामग्री आदि जस्ता भौतिक पूर्वाधार निर्माण, खरिद तथा व्यवस्थापन गर्ने योजना अगाडी सारिएको छ । आ.व.२०८१/०८२ को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रमको अधिनमा रहि प्रस्तावित लक्ष्य र बजेट तय गर्दा सदस्य, समाजका बुद्धिजिवी र प्रतिष्ठित व्यक्तिहरुसँग समेत अन्तरक्रिया र सुझाव संकलन गरी सदस्यहरुको मनोभावना सम्बोधन हुने र सदस्यहरुलाई बढि भन्दा बढि लाभ हुने कार्यलाई प्राथमिकता दिईएको दिदै वर्तमान अवस्थाको विश्लेषण, विगत वर्षको प्रगति समीक्षा, सदस्यहरूको आवश्यकता, माग र चाहना, संस्थाको कार्यक्षेत्र, सेवा केन्द्र र सेवा विस्तार योजना, कार्यक्षेत्रभित्रको जनसंख्या पेशा, व्यवसाय र अवस्थाको अध्ययन, बचत तथा ऋण

अभियान र प्रतिस्पर्धी बजार, अन्य निकायबाट उपलब्ध हुन सक्ने सहयोग, एकिकरण सम्भावना र त्यसको प्रभावहरुको अध्ययन विश्लेषण गरी तयार पारिएको छ । सो प्रस्तावित लक्ष्य र बजेट यहाँहरु माझ प्रस्तुत गर्दछु । यसको कार्यान्वयनमा हामीलाई मार्गदर्शन तथा सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा लिएकी छु ।

## आ.व. २०८१/०८२ को अनुमानित लक्ष्य, वास्तविक अवस्था र आ.व. २०८१/०८२ को प्रस्तावित लक्ष्य

| क्र. स. | विवरण | अनुमानित आ.व. २०८०/०८१ (रकम रू. मा) | वास्तविक आ.व. २०८०/०८१ (रकम रू. मा) | प्रस्तावित आ.व. २०८१/०८२ (रकम रू. मा) |
|---|---|---|---|---|
| १ | बचत | १८४१८८८८३४ | २०८३०७९९१३ | २४५४९५१९३४ |
| २ | शेयरपूँजी | ४२२९३५५०० | ४०७९२५५०० | ४६०८०८४०० |
| ३ | लगानीमा रहिरहेको रकम | २५६९६९७७१० | १९८२२५२२५५ | २५१५९७८३२० |
| ४ | लगानी | ८०००००० | ६४६२५०० | ८०००००० |
| ५ | संस्थागत पूँजी | २१६५६१२४७ | २५२३२१७४२ | २७७३२८३७९ |
| ६ | वाह्य ऋण | १२२१८५६३ | १९०३२४७ | ० |
| ७ | स्थिर सम्पत्ति | ३३२३३५४७ | १९२०४८७६ | ३६१२३७५६ |
| ८ | कूल सम्पत्ति | ३२४६६६१२०६ | ३१६८१५३५८३ | ३८४६७६६३२१ |

## आ.व २०८०/०८१ को वित्तीय प्रगति तथा आ.व २०८१/०८२ को अनुमानित आय व्यय विवरण

| क्र. स. | विवरण | अनुमानित आ.व. २०८०/०८१ | वास्तविक आ.व. २०८०/०८१ | प्रतिशत | प्रस्तावित आ.व. २०८१/०८२ |
|---|---|---|---|---|---|
| १ | **कुल आम्दानी** | ४४१४५७८३१ | ३५२४५२११३ | ८० | ४४३५५७११९ |
| | ऋणमा ब्याज आम्दानी | ३६७२१५४३६ | २८२३२८०८४ | | ३६१०४३२०९ |
| | अन्य आम्दानी | ७४२४२३९५ | ७०१२४०२९ | | ८२५१३९१० |
| २ | **कुल खर्च** | ३२०९०२८२१ | २६९३६६४३५ | ८४ | ३३३५५१५६९ |
| **क** | **कर्मचारी खर्च** | ८६१२२४०० | ६३५५४७०९ | ७४ | ८३७८०५०० |
| | तलब भत्ता तथा अन्य सुविधा | ७८६४०९०० | ५९४२६१२४ | | ७६३९४००० |
| | कर्मचारी पोशाक खर्च | ६६१००० | २८६२०७ | | ६६०००० |
| | कर्मचारी बिदाकोष खर्च | २६६२५०० | २२७९१२९ | | २५७४५०० |
| | उपदान कोष खर्च | ३६००००० | १५६१५३९ | | ३६००००० |
| | दुर्घटना उपचार खर्च | ५५८००० | १७१० | | ५५२००० |
| **ख** | **कार्यालय सञ्चालन खर्च** | २४८१९८६० | १६७०४७७४ | ६७ | २४१९२१४५ |
| | कार्यालय घरभाडा खर्च | ७२९५६०० | ६१६१००३ | | ७४७५८४० |

| क्र.स. | विवरण | अनुमानित आ.व. २०८०/०८१ | वास्तविक आ.व. २०८०/०८१ | प्रतिशत | प्रस्तावित आ.व. २०८१/०८२ |
|---|---|---|---|---|---|
| | सञ्चार खर्च | ४२८९०० | १५६७६१ | | ३२६९०० |
| | इण्टरनेट खर्च | ४९०७०० | २८३२२९ | | ४१०९०० |
| | विद्युत तथा पानी खर्च | ६९५१०० | ५१९१६५ | | ६४८८०० |
| | यातायात तथा इन्धन खर्च | २३६७००० | २११९४५७ | | २३५९६०० |
| | छपाई तथा मसलन्द खर्च | २४०८६६० | २०७२६५३ | | २३४०००५ |
| | पत्रपत्रिका खर्च | १९०५०० | ३४०० | | १५१५०० |
| | कर्मचारी भर्ना खर्च | ९०००० | ६९६१५ | | ९०००० |
| | अनुगमन तथा सुपरिवेक्षण खर्च | ४४६५०० | १३६६८६ | | ४४६५०० |
| | सदस्यता शुल्क | २४०००० | १३५३१५ | | २४०००० |
| | दर्ता र नविकरण शुल्क | १२००० | ९००० | | १२००० |
| | बीमा खर्च (नगद मार्गस्थन, सदस्य, कर्मचारी) | १३२९४०० | ८४७६६३ | | १३४१४०० |
| | सवारी साधन बीमा/नवीकरण खर्च | १०८०० | ८६७२ | | १०८०० |
| | लेखा परिक्षण शुल्क/खर्च (आन्तरिक, वाह्य) | ३००००० | १८०८०० | | ४००००० |
| | बैंक दस्तुर खर्च | ३४५०० | ६७८६ | | ३३९०० |
| | कार्यालय सरसफाई खर्च | ८०९००० | १११६०५ | | ६४१६०० |
| | बैठक तथा समन्वय खर्च | १७९३३०० | १०२५७१५ | | १७३६८०० |
| | मेष सञ्चालन खर्च | १९६५०० | १५२०१० | | १९११०० |
| | आवास तथा भ्रमण खर्च | १०३८००० | ४००२२७ | | ८०४००० |
| | क्लोजिंग खर्च | ८६६०० | ५४७७० | | ५७५०० |
| | अतिथि सत्कार खर्च | ६८२००० | ११३०४९ | | ६२५००० |
| | मर्मत सम्भार खर्च | ६९७५०० | ५४७८३९ | | ७७९६०० |
| | ज्याला तथा ढुवानी खर्च | ४०९१०० | ४९८०० | | ३९२१०० |
| | फुटकर फर्निचर तथा मेस सामान खरिद खर्च | २३९५०० | २६१३५ | | २३४००० |
| | सफ्टवेयर सेवा तथा सर्वर शुल्क | १९२५००० | १२६७८६० | | १५२०००० |
| | अन्य/व्यवसायिक कर खर्च | १९५७०० | ८००० | | १९५७०० |
| | भैपरी खर्च | ३०४५०० | | | ३०१५०० |

| क्र.स. | विवरण | अनुमानित आ.व. २०८०/०८१ | वास्तविक आ.व. २०८०/०८१ | प्रतिशत | प्रस्तावित आ.व. २०८१/०८२ |
|---|---|---|---|---|---|
| | मोबाईल बैंकिङ्ग खर्च | | १९१९५९ | | ३२९१०० |
| | कानुनी परामर्श खर्च | १०३५०० | ४५६०० | | ९६००० |
| ग. | **वित्तीय खर्च** | १७००७७७८० | १६७३४२७९६ | ९८ | १८८१८४४६६ |
| | ऋणपुंजीमा ब्याज खर्च | ९३८९४० | ६२०९२२ | | १२९०९४ |
| | बचतमा ब्याज खर्च | १६९०३८८४० | १६६७२१८७४ | | १८८०५५३७२ |
| | सेवा शुल्क खर्च | १००००० | | | ० |
| घ | **कार्यक्रम खर्च** | २७०३६३५० | ५४७६३८३ | २० | २१६३४१०० |
| | क्षमता अभिवृद्धि तालिम खर्च | १४२२००० | | | ९३०००० |
| | विपन्नसंग नवप्रतिभा (शैक्षिक) कार्यक्रम खर्च | ७०८००० | १३४६७२ | | ५००४०० |
| | वातावरण संरक्षण कार्यक्रम खर्च | ३०६००० | | | २९४००० |
| | सदस्यलाइ आय आर्जन तालिम खर्च | १२७८००० | ८४५३० | | १३७२८०० |
| | तालिम/गोष्ठी अन्तरक्रिया खर्च | २५९४००० | ७४७१८९ | | १८३०००० |
| | सहकारी शिक्षा/वित्तीय साक्षरता खर्च | ९७८००० | १६९५५ | | ६५१००० |
| | राष्ट्रिय/अन्तर्राष्ट्रिय भ्रमण खर्च | २४३६००० | | | १७३४००० |
| | आयोजक/प्रायोजक तथा एकिकरण खर्च | ६९०००० | ११०६४५ | | ४८३००० |
| | अनुसन्धान तथा विकास खर्च | २४०००० | | | १४४००० |
| | युवा उद्यम विकास प्रबर्द्धन खर्च | १२३६००० | | | ५७६००० |
| | वार्षिक साधारण सभा खर्च | ४०८३६०० | ३४९८९२६ | | ३९४२००० |
| | प्रकोप/विपद व्यवस्थापन कोष खर्च | २६१६०० | | | २५५६०० |
| | महामारी व्यवस्थापन खर्च | ३६४६०० | | | ३३५६०० |
| | सुनौलो विहानी कार्यक्रम खर्च | ३१७५०० | | | २७८००० |
| | सेवा विस्तार खर्च | ३००००० | | | २४०००० |
| | स्वास्थ्य कार्यक्रम खर्च | १४८२००० | | | १४५५००० |
| | पुरस्कार तथा प्रोत्साहन तथा सम्मान खर्च | ७५६००० | २९९५७५ | | ७३२००० |
| | सेवा केन्द्र वार्षिक उत्सव खर्च | ३१२००० | २८२१० | | ३१२००० |
| | सेवा केन्द्र उद्घाटन खर्च | २४०००० | | | १५०००० |

| क्र.स. | विवरण | अनुमानित आ.व. २०८०/०८१ | वास्तविक आ.व. २०८०/०८१ | प्रतिशत | प्रस्तावित आ.व. २०८१/०८२ |
|---|---|---|---|---|---|
| | दिवस तथा र्‍याली कार्यक्रम | ३६०००० | ४६४० | | ३१८००० |
| | पारिवारिक भेला/अभिभावक उत्प्रेरणा खर्च | ४२०००० | | | ५०४००० |
| | राहत खर्च | ७५१२५० | १९५९४० | | १०५०१०० |
| | संस्कृति तथा पर्यटन प्रवर्द्धन कार्यक्रम खर्च | ७८०००० | ९८९४१ | | ६६७२०० |
| | खेलकुद प्रवर्द्धन कार्यक्रम खर्च | ४५९००० | ६६०९५ | | ४२३००० |
| | आवास निर्माण प्रवर्द्धन कार्यक्रम खर्च | २५९८०० | | | २४२४०० |
| | सामाजिक व्यवसाय कार्यक्रम | १४००००० | ३०४० | | ५४५००० |
| | पढ्दै कमाउँदै, कमाउँदै पढ्दै | ४५०००० | | | ३००००० |
| | रजत जयन्ती कार्यक्रम | ४५७००० | | | ० |
| | जेष्ठ नागरिक सम्मान खर्च | ५२१००० | १४१५०७ | | ४४६००० |
| | सामुदायिक विकास खर्च | २१६००० | | | १९८००० |
| | कृषि प्रवर्द्धनात्मक कार्यक्रम खर्च | ९५७००० | ४५५१८ | | ७२५००० |
| **ङ** | **अप्रत्यक्ष खर्च** | १२,६००,७३१ | १६,२४२,०९२ | १२९ | १५,५१७,६५८ |
| | कर्जा जोखिम कोष खर्च | ८५३३५८२ | १३१५२१७१ | | १२१३९८१६ |
| | ह्रासकट्टि खर्च | ३९४७१४९ | २,९४८,७६७१७ | | ३१६७८४२ |
| | अपलेखन खर्च | १२०००० | १४१,१५४ | | २१०००० |
| **च** | **अन्य खर्च** | २४५७०० | ४५६८१ | १९ | २४२७०० |
| | विविध खर्च | २४५७०० | ४५६८१ | | २४२७०० |
| **छ** | **कर र बोनस अधिको खुद नाफा** | १२०,५५५,०१० | ८३,०८५,६७९ | ६९ | ११०००५५५० |
| **ज** | **बोनस खर्च व्यवस्था** | १०९५९५४६ | ७५५३२४४ | | १००००५०५ |
| **झ** | **आयकर अधिको खुद बचत** | १०९,५९५,४६३ | ७५,५३२,४३५ | | १००,००५,०४६ |
| **ञ** | **यस वर्षको कर व्यवस्था** | ५४७९७७३ | ७५६,७५३१ | | १०,०००,५०५ |
| | **गत वर्षको आय तथा अन्य कर** | | | | |
| **ट** | **आय करपछिको खुद बचत हिसाव** | १०४,११५,६९० | ६७,९६४,९०४ | | ९०,००४,५४१ |

**आदरणीय शेयर सदस्यज्यूहरू**

सहकारी संस्थाका मालिक स्वयम सदस्य नै हुने र सदस्यहरुले गरेको सम्पूर्ण वित्तीय कारोबारले संस्थालाई दिगो र संस्थागत रूपमा अगाडि बढाउन सहयोग पुऱ्याउने व्यहोरा अवगत गराउन चाहन्छु ।

अनपेक्षित विषम परिस्थितिमा हाम्रा वित्तीय लक्ष्य तथा योजनाहरूलाई उपलब्धीमूलक बनाउन र चुस्त दुरुस्त राख्न ईमान्दारिता तथा सक्रियतापूर्वक भूमिका निर्वाह गरी अतुलनीय योगदान र सहयोग गर्नुहुने सम्पूर्ण सदस्यज्यूहरू, लक्ष्य नबिर्सी अहोरात्र काममा खटिने लगनशील कर्मचारी लगायत जिम्मेवारीबोधले निरन्तर क्रियाशील समिति, उप-समिति, सम्बद्ध सवैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै आगामी दिनमा समेत यस्तै साथ र सहयोग प्राप्त हुने अपेक्षा राखेको छु । अब म २६औं वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएका कुवेर एन भट्टराई एण्ड कम्पनीका लेखा परीक्षक वरिष्ठ चार्टर्ड एकाउण्टेन्ट श्री अनिल जोशीद्वारा आ.व. २०८०/०८१ को लेखा परीक्षण गरी प्रस्तुत गरिएको आर्थिक प्रतिवेदन यस सभा समक्ष राख्न चाहन्छु साथै यो प्रतिवेदन र चालु आ.व. २०८१/०८२ को अनुमानित वित्तीय लक्ष्य तथा बजेट अध्ययन गरेर सल्लाह, सुझाव प्रदान गर्नुहुन र सर्वसम्मतीबाट पारित गरिदिनुहुनका लागी यस सम्मानित साधारण सभा समक्ष हार्दिक अनुरोध गर्दै यहाँहरु माझबाट बिदा हुन चाहन्छु ।

धन्यवाद ! जय नवप्रतिभा ! जय सहकारी !

## संस्थाका सञ्चालित र व्यवस्थापन भइरहेका सेवा केन्दहरु

| | | | | | |
|---|---|---|---|---|---|
| आरुङ्खोला | : ०७८-५५५३११<br>: ०७८-५५५३१२ | बर्दघाट | : ०७८-५८०६८२ | कावासोती | : ०७८-५४००१२ |
| सर्दी | : ०७८-५०५०१२ | रजहर | : ०७८-५४५१६५ | गिरुवारी | : ०७८-५९०१८९ |
| त्रिवेणी | : ०७८-५६००८५ | भुमही | : ९७४८४३७६६४ | डेढगाउँ | : ९७४८४३७६६० |
| बुलिङ्गटार | : ९८६१९५५५१४ | गैंडाकोट | : ०७८-५०१०५३ | सुनवल | : ९७४८४३७६६८ |
| चोरमारा | : ०७८-४१०१७५ | सेमरी | : ९७४८४३७६८० | मित्याल | : ९७४८४३७६७१ |
| रजघरा | : ९७४८४३७७८५ | पूर्वखोला | : ९७४८४३७७४२ | रामनगर | : ०७१-४३७७१९ |
| बासटारी | : ०७५-४११०२८ | देवीनगर | : ९७४८४३७६५१ | गुञ्जनगर | : ९७४८४३७६५२ |
| भरतपुर | : ९७४८४३७६५७ | रमापुर | : ९७४८४३७७९१ | सालझण्डी | : ९७४८४३७७९३ |
| बेजाड | : ९७४८४३७७८२ | | | | |

Kuber N. Bhattarai & Co.
Chartered Accountants

Thirbum Marg, Gyaneshwor
Kathmandu, Nepal, PO Box: 890
Phone : +977 1 4516547, 4546395
Email : info@knco.com.np
URL : www.knco.com.np

## स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको
शेयरधनी महानुभावहरु समक्ष,
आ.व. २०८०/८१ को लेखा परिक्षण प्रतिवेदन

### मौन राय (Disclaimer Opinion)

हामीले श्री नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको यसैसाथ संलग्न २०८१ असार ३१ को वासलात (Statement of Financial Position) र सो मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब (Statement of Profit or Loss) नगद प्रवाह विवरण (Statement of CashFlows), इक्वीटीमा भएको परिवर्तन विवरण (Statement of changes in Equity) एवं प्रमुख लेखा नीति तथा लेखासम्बन्धीको टिप्पणीहरुको लेखापरिक्षण सम्पन्न गरेका छौं ।

मौन रायको आधारको अनुच्छेदमा उल्लेख भए बमोजिमको वस्तुस्थितिको महत्वको आधारमा, पहिलो पटक नेपाल वित्तीय प्रतिवेदन मान प्रयोगमा ल्याउदा वित्तीय विवरणको पुनर्लेखन, प्रस्तुतीकरण र खुलासाहरुमा पर्ने सक्ने समस्टिगत प्रभावको लागि पर्याप्त र उपयुक्त सबुद, प्रमाणहरु प्राप्त गर्न सकिएन, तसर्थ, यस संस्थाको वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदन मान अनुरुप तयार नगरिएकोले,सो उपर कुनै राय व्यक्त गरिएको छैन ।

### मौन रायको आधार (Basis of Disclaimer Opinion)

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारि गरिएको नेपाल वित्तिय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) वित्तिय संस्थाहरुलाई आ.व. २०७३।७४ देखि अनिवार्य रुपमा लागु गरिएको छ जस अनुसार यस आर्थिक वर्ष २०८०।८१ को वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदन अनुरुप तयार पारी प्रस्तुत: गर्नुपर्नेमा सो बमोजिम गरिएको छैन । यसरी नेपाल वित्तीय प्रतिवेदन मान अनुरुप आर्थिक विवरण नहुँदा यसबाट वित्तीय विवरणमा पर्न सक्ने असर जुन सारभूतरुपमा वित्तीय विवरणमा परेको हुनसक्ने प्रभाव जसको समष्टिगत रुपमा यकिन गर्न सकिदैन।

### लेखापरीक्षकको मुख्य विषय (Key Audit Matters)

लेखापरीक्षकको मुख्य विषयहरु ती विषयहरु हुन जुन हाम्रो व्यवसायिक निर्णयमा हालको अवधिको वित्तीय विवरणहरुको लेखापरिक्षणमा सबैभन्दा महत्वपुर्ण छ । यि विषयहरु हाम्रो समग्र वित्तीय विवरणहरु लेखापरिक्षणको सन्दर्भमा र त्यसमा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको थियो र हामी यि विषयहरु छुट्टै राय व्यक्त गर्दैनौं। संस्था र लेखापरीक्षणका तथ्य र परिस्थितिहरुमा निर्भर गर्दै, हामीले हाम्रो प्रतिवेदनमा सञ्चार गर्न कुनै प्रमुख लेखापरीक्षण विषयहरु छैनन् भनी निर्धारण गरेका छौं ।

### अन्य विषय (Other Matter)

लेखापरिक्षणका कममा हामीलाई जानकारी हुन आएका आन्तरिक नियन्त्रण प्रणालिसँग सम्बन्धित कमीकमजोरी तथा सो निराकरणको लागि दिइएका सुझावहरु व्यावस्थापन पत्र (Management Letter) प्रति यहाँहरुको ध्यानाकर्षण गर्दछौं ।

### व्यवस्थापन तथा सुःशासनसंग सम्बन्धित व्यक्तिहरुको उत्तरदायित्व

उल्लेखित वित्तिय विवरणहरु नेपाल वित्तिय प्रतिवेदन मानले तर्जुमा गरेको सिद्धान्तका आधारमा तयारी तथा समुचित चित्रण गर्ने उत्तरदायित्व व्यवस्थापनको रहन्छ । ति उत्तरदायित्वहरुमा वित्तिय विवरणहरुको तयारी तथा समुचित चित्रण गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणाली रुपाङ्कन, कार्यन्वयन तथा संचालन गरि वित्तिय विवरणहरु गल्ति वा धोका धडिबाट हुन सक्ने सारभुत गलत आँकडाहरुबाट रहित राख्ने साथै उपयुक्त लेखा नितिको चयन तथा प्रयोग गर्नुपर्ने रहन्छ ।

वित्तिय विवरण तयार गर्दा संस्थाले अविच्छन्नता (Going Concern) कायम गर्न सक्ने नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ र साथै संस्था वा संस्थाका कारोबारहरु बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छन्नता का आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पुर्ण रुपमा जिम्मेवार रहन्छ ।

Kuber N Bhattarai & Co. Kathmandu 1964 Chartered Accountants

Kuber N. Bhattarai & Co.
Chartered Accountants

सुःशासनसंग सम्बन्धित व्यक्तिहरु संस्थाको वित्तिय प्रतिवेदन प्रक्रियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

**वित्तिय विवरणको लेखापरिक्षणको लागी लेखापरिक्षकको उत्तरदायित्व**

व्यवस्थापनले तयार गरेको वित्तिय विवरणहरु गल्ति वा धोका धडिबाट हुन सक्ने सारभुत रुपमा गलत आँकडा रहित छ भन्ने उचित आश्वासन (Reasonable Assurance) को आधार प्राप्त गर्नु तथा सो उपर उचित राय प्रकट गर्नु हाम्रो उत्तरदायित्व हो । उचित आश्वासन (Reasonable Assurance) एक उच्च स्तरको आश्वासन हो । तथापी, यसले लेखापरिक्षण मान तथा लेखापरिक्षणसँग सम्बन्धित अन्य प्रचलनको आधारमा गरिएको लेखापरिक्षणले वित्तिय विवरणहरु सारभुत रुपमा गलत आँकडा रहित छ भन्ने कुराको प्रत्याभूति गर्दैन । वित्तिय विवरणहरुमा गलत आँकडा गल्ति वा धोका धडिबाट समावेश हुन सक्छ र त्यसले, एकल वा समग्रमा, यदि प्रयोग कर्ताको निर्णयमा असर गर्ने भएमा मात्र सारभुत रुपमा गलत रहेको मानिन्छ ।

नेपाल लेखापरिक्षणमान अनुरुप लेखापरिक्षण गर्दा हामी पेशागत स्वविवेकको अभ्यास गर्दछौं र लेखा परिक्षणको कममा व्यवसायीक सन्देह (Professional Skepticism) कायम राख्दछौं । यसका अलावा हामी :

- वित्तिय विवरणहरुमा सारभूत गलत आंकडाको (Material Mistatements) जोखिमहरुको पहिचान र मूल्यांकन गर्दछौं, चाहे ती गल्तिका कारणबाट होस् वा धोका धडिको कारणले गर्दा होस् । ति जोखिमहरुका लागी उत्तरदायी लेखापरिक्षण प्रक्रियाहरु रुपांकन तथा अवलम्बन गर्ने, साथै हाम्रो रायका लागि आधार प्रदान गर्न पर्याप्त र उचित लेखापरिक्षण प्रमाणहरु प्राप्त गर्दछौं । सारभूत गलत आंकडा पत्ता लगाउन नसक्ने जोखिम, गल्तीबाट हुने जोखिमको तुलनामा धोकाधडिको परिणामस्वरुप हुने जाखिम बढी हुन्छ, किनकी धोकाधडिमा सामुहिक सम्बन्ध, जालसाजी, जानाजानी चुक, गलत प्रस्तुती वा आन्तरीक नियन्त्रणको अधीलेखन (Override of Internal Controls) समावेश हुन सक्छ ।
- संस्थाको आन्तरिक नियन्त्रणको प्रभावकारितामा राय व्यक्त गर्ने उद्देश्यका लागि नभई परिस्थिति अनुरुप उपयुक्त हुने लेखापरिक्षण प्रक्रियाहरु डिजाइन गर्नको लागि संस्थासंग सम्बन्धित आन्तरिक वित्तिय नियन्त्रणको जानकारी लिर्ने गर्दछौं ।
- संस्थाले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यवहारिकता र व्यवस्थापन द्वारा सम्बन्धित खुलासाहरुको मूल्यांकन गर्नेगर्दछौं ।
- व्यवस्थापनले कार्यान्वयन गरेको अविच्छन्नताको आधारको उचितताका साथै लेखापरिक्षणका प्रमाणका आधारमा अविच्छन्नताको सारभूत अनिश्चितता माथि शंका उत्पन्न गर्ने घटना वा अवस्थाहरु रहे नरहेको यकीन गर्दछौं । यदी सारभूत अनिश्चितता रहेको निश्कर्षमा पुगकोखण्डमा हाम्रो लेखापरिक्षण प्रतिवेदनमा वित्तिय विवरणहरुसंग सम्बन्धीत खुलासाहरुमा ध्यान केन्द्रित गर्न आवश्यक पर्ने हुन्छ । यदि त्यस्ता खुलासाहरु अपर्याप्त छन्भने हाम्रो रायमा परिमार्जन गर्नु पर्दछ । हाम्रो निश्कर्ष हाम्रो लेखापरिक्षण प्रतिवेदनको मितिसम्म प्राप्त लेखापरिक्षण प्रमाणमा आधारित छ । यद्यपी संस्था भविष्यका घटनाहरु वा अवस्थाहरुका कारणले अविच्छन्नताको रुपमा संचालन नभइ बन्द हुन पनि सक्नेछ ।
- व्यव्स्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेको लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्यांकन गर्ने गर्दछौं ।

हामी सुःशासनसंग सम्बन्धित व्यक्तिहरुलाई लेखापरिक्षणको योजना, दायरा र समयको जानकारी गराउनुको साथै महत्वपूर्ण लेखापरिक्षणको निष्कर्ष तथा लेखापरिक्षणको दौरान पहिचान भएका आन्तरिक नियन्त्रणसंग सम्बन्धित कमजोरीहरु पनि जानकारी गराउँदछौं ।

**अन्य कानुनी तथा नियामक निकायका आवश्यकता सम्बन्धी प्रतिवेदन हामीबाट गरिएको लेखापरिक्षणका आधारमा देहायका बमोजिमको प्रतिवेदन पेश गर्दछौं ।**

- हामीलाई लेखापरिक्षणको लागि आवश्यक सुचना तथा स्पष्टिकरणहरु यथाशीघ्र पायौं ।
- हामीले लेखापरिक्षणको सन्दर्भमा आवश्यक ठानेर सोधिएका तथा प्रतिवेदन जारी गरिएका कुराहरुको जवाफ तथा स्पष्टीकरणहरु सन्तोषजनक रुपमा पायौं ।
- संस्थाबाट प्राप्त जानकारी, हामीलाई दिइएको स्पष्टिकरण र हामीले परिक्षण गरेको श्रेस्ताबाट संचालक समिति अथवा कुनै पदाधिकारीले कानुनी व्यवस्थाहरु विपरित वा अनियमित कार्य गरेको वा संस्थालाई हानी नोक्सानी गरे गराएको तथा सहकारी विभाग, सहकारी संस्थालाई जारी गरिएको निर्देशनको उलंघन गरी संस्था, निक्षपकर्ता तथा लगानी कर्ताको हित सुरक्षण विपरित कार्य गरेको जानकारी हुन आएन ।

Kuber N. Bhattarai & Co. Kathmandu 1964 Chartered Accountants

**Kuber N. Bhattarai & Co.**
Chartered Accountants

- कर्जा, सापटी तथा लगानीबाट प्राप्त हुने ब्याज सहकारी विभागको निर्देशन अनुसार नगद प्राप्तिका आधारमा लेखांकन गरिएको छ ।
- संस्थाले गरेको कारोबार आफ्नो अख्तियारी भित्र रहेको र यी कारोबार सन्तोषजनक रुपमा भएको देखिन्छ ।
- संस्थाको सञ्चालक समिति वा कुनै सञ्चालक वा संस्थाको कुनै कर्मचारीले लेखा सम्बन्धी कुनै ऐनविरुद्ध काम गरेको वा संस्थालाई कुनै हानी नोक्सानी वा बेहिसाब गरेको देखिदैन ।
- हाम्रो लेखा परिक्षणको आधारमा संस्थाले
  - सहकारी सिद्धान्त, मूल्य मान्यता अनुरुप काम गरेको पायौं ।
  - लेखापालनमा माथि रायको आधारमा जनाइएको कैफियत बाहेक ऐनको दफा ७४ बमोजिम लेखा राखेको पायौं ।
  - ऐनको दफा ६८, ६९ र ७० मा व्यबस्था गरे बमोजिमको कोषहरुमा रकम जम्मा गरेको पायौं ।

सी.ए. अनिल जोशी
कुबेर एन. भट्टराई एण्ड कं.
चार्टर्ड एकाउन्टेन्टस्

Kuber N Bhattarai & Co. Kathmandu 1964 Chartered Accountants

मितिः २०८१.०७.२६
स्थानः काठमाडौं
UDIN: 241202CA00367src5w

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)

## वित्तीय अवस्थाको बिवरण

२०८१ साल आषाढ ३१ (जुलाई १५, २०२४)

| बिवरण | अनुसूची | चालु आ.व. रू. | गत आ.व. रू. |
|---|---|---|---|
| सम्पत्ती | | | |
| गैर चालू सम्पत्ती | | २,२१८,६०२,११८ | २,०७९,८०९,९२८ |
| स्थिर तथा अदृश्य सम्पत्ती | १ | १९,२०४,८७६ | २०,७२८,२८६ |
| लगानी हिसाब | २ | २१७,१४४,९८७ | ६२,०८१,५८६ |
| ऋण लगानी | ३ | १,९८२,२५२,२५५ | १,९९७,०००,०५६ |
| (सदस्यहरूसंग बाकी ऋण) | | | |
| चालू सम्पत्ती | | ९४९,५५१,४६५ | ७०१,६४२,८८४ |
| पाउनु पर्ने हिसाब | ४ | १६,३३४,८९३ | १२,०३६,८८५ |
| नगद मौज्दात | ५ | ११,४२६,२४२ | ७,९५७,६२४ |
| बैंकमा रहेको मौज्दात | ५ | ९२०,२९५,८४७ | ६७९,८०३,८१३ |
| जिन्सी मौज्दात | | १,४९४,४८३ | १,८४४,५६२ |
| जम्मा सम्पत्ती | | ३,१६८,१५३,५८३ | २,७८१,४५२,८१२ |
| पूंजी तथा दायित्व | | | |
| इक्विटी | | ८१४,०५३,१५९ | ७३९,७१३,६७८ |
| शेयर पूंजी | ६ | ४०७,९२५,५०० | ३६६,०४५,००० |
| (शेयर रू. १०० को दरले) | | | |
| जगेडा कोष | ७ | २३९,९०८,५४६ | १७८,६४१,८७४ |
| कर्जा जोखिम व्यवस्था | | ७८,४१४,४०८ | ६५,२६२,२३७ |
| अन्य कोषहरू | ८ | ८७,८०४,७०५ | १२९,७६४,५६७ |
| स्थगन कर दायित्व | | २,९९५ | २७,१२३ |
| चालू दायित्व | | २,३५४,०९७,४२९ | २,०४१,७१२,०११ |
| निक्षेप/बचत संकलन | ९ | २,०८३,०७९,९१३ | १,५२६,७२८,९७७ |
| बाह्य ऋण | १० | १,९०३,२४७ | १३,१४६,७७१ |
| अन्य दायित्व हिसाब | | २६९,११४,२६९ | ५०१,८३६,२६३ |
| जम्मा पूंजी तथा दायित्व | | ३,१६८,१५३,५८३ | २,७८१,४५२,८१२ |

*आजको मितिको हाम्रो प्रतिवेदनको आधारमा*

| | | | |
|---|---|---|---|
| मोहन सिंह थापा बाकबल | विजय प्रसाद पाठक | कौशिला सापकोटा कण्डेल | सी.ए. अनिल जोशी |
| अध्यक्ष | संयोजक, लेखा सुपरिवेक्षण समिति | कोषाध्यक्ष | कुबेर एन. भट्टराई एण्ड कं. |
| | | | चार्टर्ड एकाउण्टेण्ट्स |

| | | | |
|---|---|---|---|
| राम प्रसाद काफ्ले | जोगमाया महतो | सुरेश यादव | मिति : २०८१.०७.२६ |
| प्रमुख कार्यकारी निर्देशक | सचिव | वरिष्ठ अधिकृत | स्थान : काठमाण्डौ |

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)

## नाफा वा नोक्सानीको बिवरण

आ.ब. २०८०।८१ को आषाढ मसान्तसम्मको

| आम्दानी | अनुसूची | चालु आ.ब. रू. | गत आ.ब. रू. |
|---|---|---|---|
| आम्दानी | | | |
| ऋण लगानी बाट प्राप्त व्याज | | २८२,३२८,०८४ | ३२२,९३१,४६३ |
| बैंक बाट प्राप्त व्याज | ११ | ४७,२६१,३७८ | ३१,०९२,७६६ |
| अन्य आम्दानी | | २२,८६२,६५१ | २४,७६५,२४८ |
| **कुल आम्दानी** | | **३५२,४५२,११३** | **३७८,७८९,४७७** |
| खर्च : | | | |
| वित्तीय खर्च | | | |
| क) निक्षेप/बचत व्याज खर्च | | १६६,७२१,८७४ | १६२,१५९,६८७ |
| ख) ऋण व्याज खर्च | | ६२०,९२२ | ९,६७५,४९४ |
| कर्मचारी खर्च | १२ | ५९,४२६,१२४ | ५९,६१३,३७४ |
| प्रशासनिक खर्चहरू | १२ | २६,४९६,५७६ | २५,४२७,४९७ |
| ह्रासकट्टी खचं | | २,९४८,७६७ | २,९४१,०३३ |
| कर्जा जोखिम व्यवस्था थप/(फिर्ता) | | १३,१५२,१७१ | १९,३४१,७६२ |
| **कुल खर्च** | | **२६९,३६६,४३४** | **२७९,१५८,८४७** |
| **कर र बोनस अघिको खूद नाफा** | | **८३,०८५,६७९** | **९९,६३०,६३०** |
| बोनस खर्च व्यबस्था | | (७,५५३,२४४) | (९,०५७,३३०) |
| **कर अघिको खूद नाफा** | | **७५,५३२,४३५** | **९०,५७३,३००** |
| जोड: आयकर व्यवस्था | | (७,५६७,५३१) | (४,५०१,३९७) |
| जोड: गतवर्षको आयकर | | - | - |
| जोड: स्थगन कर | | २४,१२८ | (९,७०१) |
| **आयकर पछिको खुद नाफा / (नोक्सानी)** | | **६७,९८९,०३२** | **८६,०६२,२०२** |
| न्युन:जगेडाकोषमा सारेको (२५ प्रतिशत) | | १६,९९७,२५८ | २१,५१५,५५१ |
| **अरू कोषहरूका लागि बाकि नाफा** | | **५०,९९१,७७४** | **६४,५४६,६५१** |
| संरक्षित पूँजी फिर्ता कोष (२५ प्रतिशत) | | १२,७४७,९४४ | १६,१३६,६६३ |
| सहकारी प्रबर्द्धन कोष (०१५ प्रतिशत) | | २५४,९५९ | ३२२,७३३ |
| **अन्य कोषहरूका लागि बाकि नाफा** | | **३७,९८८,८७१** | **४८,०८७,२५५** |
| बांडफांड | | | |
| शेयर लाभांश कोष (७० प्रतिशत) | | २६,५९२,२०७ | ३३,६६१,०७७ |
| सहकारी शिक्षा कोष (५ प्रतिशत) | | १,८९९,४४४ | २;४०४,३६३ |
| घाटापूर्ति कोष (५ प्रतिशत) | | १,८९९,४४४ | २,४०४,३६३ |
| स्थिरीकरण कोष (५ प्रतिशत) | | १,८९९,४४४ | २,४०४,३६३ |
| सहकारी विकास कोष (५ प्रतिशत) | | १,८९९,४४४ | २,४०४,३६३ |
| सामुदायिक विकास कोष (५ प्रतिशत) | | १,८९९,४४४ | २,४०४,३६३ |
| अन्य जोखिम व्यवस्थापन कोष (५ प्रतिशत) | | १,८९९,४४४ | २,४०४,३६३ |
| | | **३७,९८८,८७१** | **४८,०८७,२५५** |

*आजको मितिको हाम्रो प्रतिवेदनको आधारमा*

| | | | |
|---|---|---|---|
| मोहन सिंह थापा बोकबल | विजय प्रसाद पाठक | कौशिला सापकोटा कण्डेल | सी.ए. अनिल जोशी |
| अध्यक्ष | संयोजक, लेखा सुपरिवेक्षण समिति | कोषाध्यक्ष | कुबेर एन. भट्टराई एण्ड के. |
| | | | चार्टर्ड एकाउण्टेण्ट्स |

Kuber N Bhattarai & Co. Chartered Accountants Kathmandu 1964

| | | | |
|---|---|---|---|
| रम प्रसाद काफ्ले | जोगमाया महतो | सुरेश यादव | मिति : २०८१.०७.२६ |
| प्रमुख कार्यकारी निर्देशक | सचिव | वरिष्ठ अधिकृत | स्थान : काठमाण्डौं |

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)

## नगद प्रबाह विवरण

आ.ब. २०८०।८१ को आषाढ मसान्तसम्मको

| विवरण | चालु आ. व. रू. | गत आ.ब. रू. |
|---|---|---|
| क) संचालन बाट नगदको प्रवाह | | |
| आाम्दानी खर्च विवरण अनुसारको बढि देखिएको आम्दानी | ६७,९८९,०३२ | ८६,०६२,२०२ |
| जोडः गैर नगद खर्चहरू | - | - |
| ह्रासकट्टी खर्च | २,९४८,७६७ | २,९४१,०३३ |
| सम्पत्तीमा अपलेखन | १४१,१५४ | १११,२५० |
| कर्जा जोखिम व्यवस्था थप/(फिर्ता) | १३,१५२,१७१ | १९,३४१,७६२ |
| स्थगन कर | (२४,१२८) | ९,७०१ |
| कर व्यवस्था | ७,५६७,५३१ | ४,५०१,३९७ |
| कार्यशिलपुंजी समायोजन पुर्वको बाहिरी नगद प्रवाह | ९१,७७४,५२७ | ११२,९६७,३४५ |
| निक्षेप/बचत संकलनमा बृद्धि | ५५६,३५०,९३६ | १७४,०८७,९५७ |
| अन्तिम मौज्दातमा बृद्धि/(कमि) | ३५०,०७९ | (९२२,०१६) |
| अन्य दायित्वमा बृद्धि/(कमि) | (२४३,९६५,५१८) | (३३,३१५,३२४) |
| खुद ऋण लगानीमा कमि/(बृद्धि) | १४,७४७,८०१ | १७६,८१३,९९९ |
| पाउनु पर्ने हिसावमा कमि/(बृद्धि) | (४,२९८,००८) | (२,१८०,५०३) |
| कर भुक्तानी रकम | (७,५६७,५३१) | (४,५०१,३९७) |
| संचालन गतिविधि बाट नगदको खुद बाहिरी प्रवाह | ४०७,३९२,२८६ | ४२२,९५०,०६१ |
| ख) लगानी गतिविधि बाट नगदको प्रवाह | | |
| स्थिर सम्पत्ती बिक्रि बाट प्राप्त रकम | - | - |
| स्थिर सम्पत्तीमा लगानी | (१,५६६,५१२) | (३,७९५,८८१) |
| लगानी हिसाब | (१५५,०६३,४०१) | (५६,६६९,८८६) |
| लगानी गतिविधि बाट नगदको खुद बाहिरी प्रवाह | (१५६,६२९,९१३) | (६०,४६५,७६७) |
| ग) वित्तीय गतिविधिबाट नगदको प्रवाह | | |
| शेयरपूँजीमा बृद्धि | ४१,८८०,५०० | ५३,२०८,९०० |
| जगेडा कोषमा बृद्धि | ४४,२६९,४१४ | ३,६६६,७२४ |
| अन्य कोष समायोजन | (९२,९५१,६३६) | (६१,४५६,६९१) |
| वित्तीय गतिविधिबाट नगदको खुद भित्रि प्रवाह | (६,८०१,७२२) | (४,५८१,०६७) |
| यसअवधिको खुद नगद प्रवाह (क, ख र ग को योग) | २४३,९६०,६५२ | ३५७,९०३,२२७ |
| वर्षारम्भमा नगद तथा बैंक मौज्दात | ६८७,७६१,४३७ | ३२९,८५८,२१० |
| आषाढ मसान्तमा नगद तथा बैंक मौज्दात | ९३१,७२२,०८९ | ६८७,७६१,४३७ |

*आजको मितिको हाम्रो प्रतिवेदनको आधारमा*

मोहन सिंह थापा बाकबल
अध्यक्ष

विजय प्रसाद पाठक
संयोजक, लेखा सुपरिवेक्षण समिति

कौशिला सापकोटा कण्डेल
कोषाध्यक्ष

सी.ए. अनिल जोशी
कुबेर एन. भट्टराई एण्ड कं.
चार्टर्ड एकाउण्टेण्ट्स

राम प्रसाद काफ्ले
प्रमुख कार्यकारी निर्देशक

जोगमाया महतो
सचिव

सुरेश यादव
बरिष्ठ अधिकृत

मिति : २०८१.०७.२६

स्थान : काठमाण्डौ

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

मध्यविन्दु-१०, आरुङ्खोला, नवलपरासी (ब. सु. पू)

## इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण

२०८१ साल आषाढ ३१ (जुलाई १५, २०२४)

| विवरण | शेयर पूंजी | जगेडा कोष | कर्जा जोखिम व्यवस्था | अन्य कोषहरू | जम्मा |
|---|---|---|---|---|---|
| **शुरू मौज्दात** | ३६६,०४५,००० | १७८,६४१,८७४ | ६५,२६२,२३७ | १२९,७६४,५६७ | ७३९,७१३,६७८ |
| समायोजन | - | - | - | - | - |
| **परिवर्तित शुरूको मौज्दात** | ३६६,०४५,००० | १७८,६४१,८७४ | ६५,२६२,२३७ | १२९,७६४,५६७ | ७३९,७१३,६७८ |
| यस वर्षको आय विवरणबाट | - | १६,९९७,२५८ | १३,१५२,१७१ | ५०,९९१,७७४ | ८१,१४१,२०३ |
| शेयर लाभांश कोषबाट भुक्तानी | | | | (३३,५१७,६२८) | (३३,५१७,६२८) |
| संरक्षित पूंजी फिर्ता कोषबाट सदस्यलाई भुक्तानी | | | | (१३,७८७,०३६) | (१३,७८७,०३६) |
| सहकारी शिक्षा कोषबाट खर्च | | | | (१,६६९,०८९) | (१,६६९,०८९) |
| सामुदायिक विकास कोषबाट खर्च र समायोजन | | | | (७४,००५) | (७४,००५) |
| यस वर्षको अन्य समायोजन | | ४४,२६९,४१४ | | (४३,९०३,८७८) | ३६५,५३६ |
| शेयर पूंजी | ४१,८८०,५०० | - | - | - | ४१,८८०,५०० |
| **अन्तिम मौज्दात** | ४०७,९२५,५०० | २३९,९०८,५४६ | ७८,४१४,४०८ | ८७,८०४,७०५ | ८१४,०५३,१५९ |

*आजको मितिको हाम्रो प्रतिवेदनको आधारमा*

मोहन सिंह थापा बाकबल
अध्यक्ष

विजय प्रसाद पाठक
संयोजक, लेखा सुपरिवेक्षण समित

कौशिला सापकोटा कण्डेल
कोषाध्यक्ष

सी.ए. अनिल जोशी
कुबेर एन. भट्टराई एण्ड कं.
चार्टर्ड एकाउण्टेण्ट्स

Kuber N Bhattarai & Co. Chartered Accountants Kathmandu 1964

राम प्रसाद काफ्ले
प्रमुख कार्यकारी निर्देशक

जोगमाया महतो
सचिव

सुरेश यादव
बरिष्ठ अधिकृत

मिति : २०८१.०७.२६

स्थान : काठमाण्डौ

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)

स्थिर तथा अदृश्य सम्पत्ती

आ.व. २०८०।८१ को आषाढ मसान्तसम्मको

अनुसूची १

| विवरण | परल मोल | | | | ह्रासकट्टि | | | | | खुद मोल | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत वर्ष सम्मको | यस आ.व.को थप रू. | अपलेखन | जम्मा रू. | ह्रास कट्टि दर | गत वर्ष सम्मको | यस आ.ब.को रू. | अपलेखन | जम्मा रू. | २०८१ आषाढ मसान्त | २०८० आषाढ मसान्त |
| स्थिर सम्पत्ती | | | | | | | | | | | |
| जग्गा | ७,२१६,९५० | - | - | ७,२१६,९५० | | - | - | | - | ७,२१६,९५० | ७,२१६,९५० |
| भवन | २,५७२,२८७ | २८,०२४ | - | २,६००,३११ | ५% | ७६३,८४७ | ९१,१२३ | | ८५४,९७० | १,७४५,३४१ | १,८०८,४४० |
| फर्निचर तथा फिक्चर्स | ६,७५९,७०६ | ६३३,४५१ | ४६,५४५ | ७,३४६,६१२ | २५% | ३,०५०,२७९ | ९५६,७६४ | | ४,००७,०४३ | ३,३३९,५६९ | ३,७०९,४२७ |
| कम्प्युटर तथा कार्यालय उपकरण | ९,५२९,७३६ | ६९१,१९६ | ६४,३५७ | १०,१५६,५७५ | २५% | ४,४०९,०९७ | १,३१४,९८६ | | ५,७२४,०८३ | ४,४३२,४९२ | ५,१२०,६३९ |
| सवारी साधन | २१२,००० | - | - | २१२,००० | २०% | १४०,९५२ | १४,२०९ | | १५५,१६१ | ५६,८३९ | ७१,०४८ |
| लीजहोल्ड सम्पत्ति | ३,०१४,८४७ | १७८,०५६ | ८,७७५ | ३,१८४,१२८ | १०% | ७६८,७३२ | ४७०,३४३ | | १,२३९,०७५ | १,९४५,०५२ | २,२४६,११५ |
| अन्य सम्पत्ती | ३०४,९१३ | ३५,७८५ | २१,४७७ | ३१९,२२१ | १५% | १४०,३२९ | २३,१२४ | | १६३,४५३ | १५५,७६८ | १६४,५८४ |
| अदृश्य सम्पत्ती | | | | | | | | | | | |
| एकाउन्ट सफ्टवेयर | ७५६,८२५ | - | - | ७५६,८२५ | २०% | ३६५,७४२ | ७८,२१८ | | ४४३,९६० | ३१२,८६५ | ३९१,०८३ |
| यसबर्षको जम्मा | ३०,३६७,२६४ | १,५६६,५१२ | १४१,१५४ | ३१,७९२,६२२ | | ९,६३८,९७८ | २,९४८,७६७ | - | १२,५८७,७४५ | १९,२०४,८७६ | २०,७२८,२८६ |
| गतवर्षको जम्मा | २६,६८२,६३३ | ३,७९५,८८१ | १११,२५० | ३०,३६७,२६४ | | ६,६९७,९४५ | २,९४१,०३३ | - | ९,६३८,९७८ | २०,७२८,२८६ | १९,९८४,६८८ |

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)

## वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु

२०८१ साल आषाढ ३१ (जुलाई १५, २०२४)

अनुसूची २: लगानी हिसाब

| विवरण | चालु आ. व. (रू.) | गत आ.व. रू. |
|---|---|---|
| शेयर लगानी | ६,४६२,५०० | ६,४४८,८९५ |
| नेफ्स्कून शेयर | ६००,००० | ६००,००० |
| जिल्ला बचत संघ शेयर (ब.सु.पू.) | २३५,७०० | २२२,०९५ |
| जिल्ला सहकारी संघ शेयर (ब.सु.प.) | ४,०००,००० | ४,०००,००० |
| जिल्ला सहकारी संघ शेयर (ब.सु.पू.) | १४,८०० | १४,८०० |
| साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. | १२,००० | १२,००० |
| राष्ट्रिय सहकारी बैंक शेयर | १,४००,००० | १,४००,००० |
| हब कोअपरेटिभ सर्विस लि. | २००,००० | २००,००० |
| बचत | ६८२,४८७ | ६३२,६९१ |
| जिल्ला बचत संघ, बचत (ब.सु.पू.) | १७०,२६४ | १४८,९५५ |
| नेफ्स्कून बचत | ५१२,११० | ४८३,६२३ |
| जिल्ला सहकारी संघ बचत (ब.सु.पू.) | ११३ | ११३ |
| आवधिक बचत (बैंक) | २१०,०००,००० | ५५,०००,००० |
| कृषि विकास बैंक | - | ५,०००,००० |
| सिटिजन्स बैंक ईण्टरनेशनल | ५०,०००,००० | - |
| राष्ट्रिय सहकारी बैंक | ७०,०००,००० | ५०,०००,००० |
| कामना सेवा विकास बैंक | ५,०००,००० | - |
| कुमारी बैंक | ८५,०००,००० | - |
| जम्मा | २१७,१४४,९८७ | ६२,०८१,५८६ |

अनुसूची ३: ऋण लगानी

| विवरण | चालु आ. व. (रू.) | गत आ. व. (रू.) |
|---|---|---|
| साधारण ऋण हिसाब | १,५१०,६३३,८४३ | १,५३७,७०७,५०९ |
| मौसमी ऋण हिसाब | २७,३३१,२७८ | ३३,३५०,७५२ |
| आपतकालिन ऋण हिसाब | ३७३,४९२ | २७४,९८८ |
| लघुउद्यम ऋण हिसाब | १८२,७७९,३११ | १६५,७१८,३२१ |
| आवास ऋण हिसाब | २४९,०१६,१५५ | २४१,१८९,२४६ |
| हायर पर्चेज ऋण हिसाब | ७,५८८,५९२ | ११,७२८,५२१ |
| युवा उद्यम विकास ऋण हिसाब | २,६३३,७७४ | ६,७३९,८३० |
| युवा स्वरोजगार ऋण हिसाब | १,८९५,८१० | २९०,८९० |
| जम्मा | १,९८२,२५२,२५५ | १,९९७,०००,०५६ |

Kuber N Bhattarai & Co. Chartered Accountants Kathmandu 1964

नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. मध्यविन्दु-१०, आरुङ्खोला, नवलपरासी

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)

**वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु**

२०८१ साल आषाढ ३१ (जुलाई १५, २०२४)

अनुसूची ४: पाउनु पर्ने हिसाव

| विवरण | चालु आ. व. (रू.) | गत आ.व. रू. |
|---|---|---|
| अग्रिम कर | ११,२९९,९९० | ७,९९४,०५६ |
| अग्रिम विमा | २८५,५६६ | २५९,९९९ |
| पाउनुपर्ने ब्याज (कृषि विकास बैंक) | ३७,३४२ | ९८,०४५ |
| टेलिफोन धरौटी | १५,००० | १६,००० |
| एस. एम. एस. मौज्दात | ५,७९८ | ८,२३४ |
| पाउनुपर्ने ब्याज | २२,३५५,४६१ | ११,५४७,५२० |
| ब्याज मुल्तबी हिसाब | (२२,३५५,४६१) | (११,५४७,५२०) |
| आईएमई पे | ७९९,६१७ | ३८१,२२६ |
| खल्ति इ वालेट | १०२,२३३ | - |
| आईएमई रेमिट | १,१५७,२७१ | १,९३०,५७५ |
| हिमाल रेमिट | ५८,९५६ | ९७,४१२ |
| सिटी एक्सप्रेस रेमिट | १४१,१४१ | १५७,८५५ |
| प्रभु रेमिट | २,३४५,३९५ | १,०६२,८२२ |
| आइ पे रेमिट | ४७७ | ४१७ |
| वेस्टर्न युनियन रेमिट | - | १८,२९९ |
| समसरा रेमिट | ५०,१०६ | (१) |
| ई सेवा रेमिट | १ | - |
| पाउनुपर्ने हिसाब | ३६,००० | ११,९४६ |
| जम्मा | १६,३३४,८९३ | १२,०३६,८८५ |

अनुसूची ५: नगद तथा बैक मौज्दात

| विवरण | चालु आ. व. (रू.) | गत आ.व. रू. |
|---|---|---|
| नगद मौज्दात | ११,४२६,२४२ | ७,९५७,६२४ |
| बैक मौज्दात | ९२०,२९५,८४७ | ६७९,८०३,८१३ |
| रा. बा. बैंक बर्दघाट | २२९,५०१ | ४३७,२०१ |
| रा. बा. बैंक कावासोती | १८,३३० | ६११,०३० |
| प्रभु बैंक, बर्दघाट | ४६,७७० | २१३,२६७ |
| प्रभु बैंक, सेमरी | १,६१४,६५० | २,७००,५८० |
| प्रभु बैंक, चोरमारा | २७,००६,७९८ | २,५१४,७३७ |
| प्रभु बैंक, त्रिवेणी | १०,७९५,९३३ | ३,५८९,१८७ |
| ग्लोबल आईएमई. बैंक, बुटवल | ९४,४६० | ७,८५८ |
| ग्लोबल आईएमई. बैंक, भुमही | २,१८२,२०९ | ५,०१९,२७० |
| ग्लोबल आईएमई. बैंक, पूर्वखोला | ३,१८५,००० | १,८४१,०५४ |

नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी

Kuber Bhattarai & Co. Chartered Accountants Kathmandu 1964

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)

**वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु**

२०८१ साल आषाढ ३१ (जुलाई १५, २०२४)

| विवरण | चालु आ. व. (रू.) | गत आ.व. रू. |
|---|---|---|
| ग्लोबल आईएमई. बैंक, बासटारी | ३५,३७२ | ६३३,८६२ |
| ग्लोबल आईएमई. बैंक, बुटवल | ७१,१२३ | ७१,१२३ |
| राष्ट्रिय सहकारी बैंक बर्दघाट | ३४,४६६,५२१ | ३८,००२,८२७ |
| राष्ट्रिय सहकारी बैंक कावासोती | २,२१८,४०९ | ७,५८५,८७७ |
| राष्ट्रिय सहकारी बैंक कावासोती | ३२१,९४६,८५७ | २८१,५६७,७०७ |
| राष्ट्रिय सहकारी बैंक, बुटवल | २०,६५४,२४७ | ११,९७६,२६२ |
| एनआईसी एशिया बैंक सुनवल | ६,९२३,४७३ | ५,३१९,००२ |
| नबिल बैंक | ४,६७९,५४४ | ७,२३८,०३७ |
| कुमारी बैंक | ८८,४०८,१९२ | - |
| कुमारी बैंक, आरूङ्गखोला | ३५,५२८,६७५ | ३१,५२७,०७३ |
| कुमारी बैंक, आरूङ्गखोला | ९३,४६४,४५४ | ५६,१६८,२९७ |
| कुमारी बैंक, दलदले | २७,७५८,२५७ | २२,७५२,०२२ |
| कुमारी बैंक, गैंडाकोट | २,२६३,८८२ | ४,०५६,८६१ |
| कामना सेवा विकास बैंक, दुम्किबास, सर्दी | ४,३७६,६०९ | ६,४८०,६४७ |
| कामना सेवा विकास बैंक, रामपुर | १,९२१,७३९ | १,२२१,०२८ |
| कृषि विकास बैंक, रजहर | २५,६९५,७६० | ९,६८५,२०५ |
| नेपाल इन्भेष्टमेण्ट मेगा बैंक, कावासोती | १६७,१२४ | १६७,१२४ |
| नेपाल इन्भेष्टमेण्ट मेगा बैंक, रजहर | ५३०,०५९ | ५२२,७३७ |
| नेपाल इन्भेष्टमेण्ट मेगा बैंक, चोरमारा | १,२१२,३८२ | ९,१७८,०४६ |
| नेपाल इन्भेष्टमेण्ट मेगा बैंक, बुटवल | १,३७६,८३३ | ३५६,८४८ |
| लक्ष्मी सनराईज बैंक, ढुङ्गानाबेसी | १,७८१,०८९ | ३,९२४,५८५ |
| मुक्तिनाथ विकास बैंक, गिरूबारी | २१,९९८,३३१ | १०,१४९,४८७ |
| मुक्तिनाथ विकास बैंक, डेढगाउं | १५,१९३,७०३ | ५,५९६,९९८ |
| मुक्तिनाथ विकास बैंक, पूर्वखोला | १,६८४,८७९ | १,९५१,३७४ |
| मुक्तिनाथ विकास बैंक, भूमही | ६९,६६८ | ३,२९९,०८३ |
| मुक्तिनाथ विकास बैंक, रामपुर | १,५८१,१७५ | ५८९,६९२ |
| सिटिजन्स बैंक ईण्टरनेशनल, आरूङ्गखोला | १५,५५०,२१९ | १३,५६२,०६५ |
| सिटिजन्स बैंक ईण्टरनेशनल, भूमही | २,४४० | २,४३८ |
| सिटिजन्स बैंक ईण्टरनेशनल, बासटारी | ७८०,६४३ | १,०८२,८७९ |
| फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | - | ३९६ |
| प्राइम कमर्शियल बैंक, आरूङ्गखोला | १२३,७८५,८२५ | ११५,७६२,५३२ |
| हिमालयन बैंक, कावासोती | ७७,८६२ | ७७,८६२ |
| हिमालयन बैंक, कावासोती | ८,३३७ | ८,३०९ |
| एनएमबी बैंक, नारायणगढ | ३,२८० | ३,२८० |
| एनएमबी बैंक, सर्दी | ४,८९०,१११ | १२,३३८,०६४ |
| साना किसान लघुवित्त वित्तीय संस्था लि. | १९,७१८ | - |
| नेफस्कून, भूमही | १३,९९५,४०४ | - |
| कुल | ९३१,७२२,०८९ | ६८७,७६१,४३७ |

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)

## वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु

२०८१ साल आषाढ ३१ (जुलाई १५, २०२४)

### अनुसूची ६: शेयर पूंजी

| विवरण | चालु आ. व. (रू.) | गत आ. व. (रू.) |
|---|---|---|
| शेयर पूंजी<br>(४,०७९,२५५ शेयर रू. १०० को दरले) | ४०७,९२५,५०० | ३६६,०४५,००० |
| जम्मा | ४०७,९२५,५०० | ३६६,०४५,००० |

### अनुसूची ७: जगेडा कोष

| विवरण | चालु आ. व. (रू.) | गत आ. व. (रू.) |
|---|---|---|
| साधारण जगेडा कोष | २२२,९११,२८८ | १५७,१२६,३२३ |
| जोड: यस वर्षको थप | १६,९९७,२५८ | २१,५१५,५५१ |
| जम्मा | २३९,९०८,५४६ | १७८,६४१,८७४ |

### अनुसूची ८: अन्य कोषहरू

| विवरण | चालु आ. व. (रू.) | गत आ. व. (रू.) |
|---|---|---|
| संरक्षित पूंजी फिर्ता कोष | १२,७४७,९४४ | १६,१३६,६६३ |
| सहकारी प्रवर्द्धन कोष | २५४,९६० | ३२२,७३३ |
| शेयर लाभांश कोष | २६,५९२,२०७ | ३३,६६१,०७७ |
| सहकारी शिक्षा कोष | ९,६८१,८७८ | ९,४५१,५२३ |
| घाटापुर्ति कोष | १२,४०४,१९६ | १०,५०४,७५३ |
| सहकारी विकास कोष | १,८९९,४४४ | २१,९१४,७८४ |
| सामुदायिक विकास कोष | १,८९९,४४४ | ११,९४९,३१३ |
| अन्य जोखिम व्यवस्थापन कोष | २०,४२५,१८८ | १८,५२५,७४४ |
| स्थिरीकरण कोष | १,८९९,४४४ | ७,२९७,९७७ |
| जम्मा | ८७,८०४,७०५ | १२९,७६४,५६७ |

### अनुसूची ९: निक्षेप/बचत संकलन

| विवरण | चालु आ. व. (रू.) | गत आ. व. (रू.) |
|---|---|---|
| नियमित बचत | ५२२,३५२,४२८ | ४५४,७८९,७९१ |
| ऐच्छिक बचत | ३०४,०१८,७३३ | २४१,३४०,४३९ |
| उपकार बचत | १३,०२०,३४० | ११,८२६,८०३ |
| बाल बचत | ११०,७०२,५२६ | १०३,८२६,०२५ |
| पर्व/विवाह बचत | ११,७३१,२०२ | १२,४७०,६५२ |
| आवास बचत | ५२,३२४,३२७ | ५८,१८६,०४० |
| शिक्षा बचत | ७०८,८६४,९२७ | ४०६,४९०,०८६ |
| नारी कल्याणकारी बचत | ५९,०२५,३१७ | ३२,२५६,९८६ |
| आवधिक बचत | २२१,९९६,७०० | १२०,८३६,८४९ |
| समृद्धि बचत | ७९,०४३,४१३ | ८४,७०५,३०६ |
| जम्मा | २,०८३,०७९,९१३ | १,५२६,७२८,९७७ |

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

मध्यविन्दु-१०, आरुङ्खोला, नवलपरासी (ब. सु. पू)

**वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु**

२०८१ साल आषाढ ३१ (जुलाई १५, २०२४)

अनुसूची १०: बाह्य ऋण तथा अन्य दायित्व हिसाब

| विवरण | चालु आ. व. (रू.) | गत आ.व. रू. |
|---|---|---|
| **बाह्य ऋण** | **१,९०३,२४७** | **१३,१४६,७७१** |
| ऋणपूंजी साना किसान लघुवित्त वित्तीय संस्था लि. | - | १०,४४६,७७१ |
| ऋणपूंजी नेफ्स्कून | - | २००,००० |
| ऋणपूंजी युवा स्वरोजगार कोष | १,९०३,२४७ | २,५००,००० |
| अन्य दायित्व हिसाब | २६९,११४,२६९ | ५०१,८३६,२६३ |
| **भूक्तानी दिनबाँकी** | **१०,१२२,४६२** | **७,०९८,८७१** |
| भूक्तानी दिनबाकी आय कर | ७,५६७,५३१ | ४,५०१,३९७ |
| भूक्तानी दिनबाकी ले. प. शुल्क | १७८,४०० | १८०,८०० |
| भूक्तानी दिनबाकी वि. पि. | - | २,००० |
| भुक्तानी दिन बांकी ब्याज कर | २,२४८,६६३ | २,२७३,२६८ |
| भुक्तानी दिन बांकी हिसाब | - | १०,००० |
| भुक्तानी दिन बांकी घरभाडा कर | २५,८२० | ३७,७६४ |
| भुक्तानी दिन बांकी टि. डि. एस. | १०२,०४८ | ९३,६४२ |
| अन्य दायित्व | २५८,९९१,८०७ | ४९४,७३७,३९२ |
| शिक्षा बचत ब्याज व्य. कोष | ४८,९३३,४२२ | २८२,१३१,९७७ |
| नारी कल्याणकारी ब्याज ब्य. कोष | ६,५३९,३४६ | २६,५२३,१९८ |
| जिवन तथा आवास सु.यो.को. | १०,९९९,१२९ | ९,२५८,३४२ |
| चिन्तामूक्त कार्यक्रम | १३०,८९८,०९८ | ११९,५८६,९९४ |
| केन्द्र/सदस्य राहत कोष | १३,५०१,६२६ | १०,८८०,६२६ |
| उपदान कोष | २६,४१४,०२५ | २३,४४३,९६४ |
| विपद व्यवस्थापन कोष | १,६२४,१३९ | १,६२४,१३९ |
| घुम्ति कोष | २५,००० | २५,००० |
| युवा उद्यम प्रबर्द्धन कोष | ३,२४७,६४४ | ३,२४७,६४४ |
| कर्मचारी विदा कोष | ५,८९९,६५१ | ५,९२९,९९८ |
| क. स. कोष | १,२७५,४८३ | ९४७,१८० |
| कर्मचारी बोनस व्यवस्था | ७,५५३,२४४ | ९,०५७,३३० |
| कर्मचारी वृति विकास तथा कल्याणकारी कोष | २,०३१,००० | २,०३१,००० |
| धरौटी हिसाब (मूल्यांकनकर्ता) | ५०,००० | ५०,००० |
| **जम्मा** | **२७१,०१७,५१६** | **५१४,९८३,०३४** |

Kuber N. Bhattarai & Co. Kathmandu 1964 Chartered Accountants

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)

**वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु**

२०८१ साल आषाढ ३१ (जुलाई १५, २०२४)

अनुसूची ११: अन्य आम्दानी

| विवरण | चालु आ. व. (रू.) | गत आ. व. (रू.) |
|---|---|---|
| बैंकबाट प्राप्त ब्याज | ४७,२६१,३७८ | ३१,०९२,७६६ |
| बैंकबाट प्राप्त ब्याज आम्दानी | ४७,२६१,३७८ | ३१,०९२,७६६ |
| अन्य आम्दानी | २२,८६२,६५१ | २४,७६५,२४८ |
| कार्यक्रम सञ्चालन आम्दानी | ३६,००० | २६३,२०० |
| प्रवेश तथा सदस्यता शुल्क | ६१९,००० | ७५४,००० |
| कमिशन आम्दानी | ६८३,४७६ | ८९६,२२६ |
| ऋण व्यवस्थापन शुल्क | १८,७६९,११३ | २०,१४३,०५७ |
| कर्मचारी आवेदन शुल्क | २१,१०० | ९९,५०० |
| मोबाईल बैंकिंग आम्दानी | २,७०० | - |
| शेयर लाभांश आम्दानी | ९८,४०५ | ६२२,५६४ |
| विविध आम्दानी | २,६३२,८५७ | १,९८६,७०१ |
| जम्मा | ७०,१२४,०२९ | ५५,८५८,०१४ |

अनुसूची १२: प्रशासनिक तथा अन्य खर्चहरू

| विवरण | चालु आ. व. (रू.) | गत आ.व. रू. |
|---|---|---|
| तलब/सुविधा खर्च | ५९,४२६,१२४ | ५९,६१३,३७४ |
| उपदान कोष खर्च | १,५६१,५३९ | २,७९४,९०९ |
| कर्मचारी विदाकोष खर्च | २,२७९,१२८ | - |
| पोशाक खर्च | २८६,२०७ | १८४,४२९ |
| दुर्घटना उपचार खर्च | १,७१० | ३,०९८ |
| घरभाडा खर्च | ६,१६१,००३ | ५,७१३,६६० |
| संचार खर्च | १५६,७६१ | २११,७२९ |
| ईन्टरनेट खर्च | २८३,२२९ | ३६९,२२८ |
| मोबाईल बैंकिंग एपिआई शुल्क | ३३,९०० | - |
| मोबाईल बैंकिंग शुल्क | १५८,०५९ | - |
| सि.आई.वि. शुल्क | - | १,००० |
| विद्युत महशुल खर्च | ५१९,१६५ | ४७९,७८० |
| डकुमेन्ट्री खर्च | २४,४९८ | |
| यातायात/इन्धन खर्च | २,११९,४५७ | २,१३७,०८६ |
| मसलन्द खर्च | २,०५१,५५५ | २,२७२,३३८ |
| सफ्टवेयर नवीकरण शुल्क | ९३१,०८० | ९५२,०८० |
| सफ्टवेयर सर्वर खर्च | ३४५,७८० | ३४५,७८० |
| वेबसाइट खर्च | - | ११,३०० |
| एसएमएस चार्ज | - | १,५९७ |
| अनुगमन तथा सुपरिवेक्षण खर्च | १३६,६८६ | ७४,४०० |
| परामर्श खर्च | ४५,६०० | ८,८०० |

Kuber N Bhattarai & Co. Chartered Accountants Kathmandu

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)

## वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु

२०८१ साल आषाढ ३१ (जुलाई १५, २०२४)

| विवरण | चालु आ. व. (रू.) | गत आ.व. रू. |
|---|---|---|
| विविध खर्च | ४५,६८१ | ११,४९३ |
| सदस्यता शुल्क | १३५,३१५ | १२५,०६४ |
| व्यवसायिक कर खर्च | ८,००० | ७,१०० |
| लेखा परीक्षण शुल्क | १८०,८०० | १८०,८०० |
| लेखा परीक्षण खर्च | - | २०,४६५ |
| आवास तथा भ्रमण खर्च | ४००,२२७ | ३४३,०३५ |
| फिल्ड भ्रमण खर्च | - | १०,८१० |
| बैठक तथा समन्वय खर्च | १,०२५,७१५ | ९३७,६७९ |
| कर्मचारी भर्ना खर्च | ६९,६१५ | ८,४७० |
| काउण्टर तथा मार्गस्थान विमा खर्च | ३६१,८३७ | ३५३,६९७ |
| सदस्य/कर्मचारी विमा खर्च | ४८५,८२६ | ३९७,०३८ |
| सवारी साधन विमा खर्च | ३,३७२ | ३,१४९ |
| सवारी साधन नविकरण शूल्क | ५,३०० | ५,३०० |
| साधारण सभा खर्च | ३,४९८,९२६ | ३,८८६,६२० |
| वार्षिक उत्सव खर्च | २८,२१० | १३१,३८३ |
| रजत महोत्सव कार्यक्रम खर्च | - | २४,४१५ |
| दिवस तथा ऱ्याली खर्च | ४,६४० | २,३०० |
| क्लोजिंग खर्च | ५४,७७० | ६९,६०० |
| बैंक दस्तुर खर्च | ६,७८६ | ६,१३९ |
| सम्पत्तीमा अपलेखन खर्च | १४१,१५४ | १११,२५० |
| मर्मत सम्भार खर्च | ५४७,८३९ | ३५८,१९७ |
| कार्यालय सरसफाई खर्च | १११,६०५ | ८३,५९३ |
| ज्याला तथा ढुवानी खर्च | ४९,८०० | ६०,८९० |
| अतिथि सत्कार खर्च | ११३,०४९ | १००,५८७ |
| मेष सञ्चालन खर्च | १७८,१४५ | १८४,०७० |
| राहत खर्च | १९५,९४० | १८१,३५९ |
| सदस्य संरक्षण खर्च | - | १३,००० |
| सेवा विस्तार खर्च | - | १८,८९० |
| तालिम गोष्ठी खर्च | ७२९,१३४ | ९३१,४५९ |
| कार्यक्रम प्रायोजक खर्च | ११०,६४५ | ६४,१९० |
| स्वास्थ्य शिविर खर्च | - | १,७३५ |
| सदस्य पुरस्कार/विपन्नसंग नवप्रतिभा खर्च | ४३४,२४७ | ६३९,५८९ |
| अन्तरक्रिया कार्यक्रम खर्च | १८,०५५ | ३८,७०१ |
| उद्यमशीलता विकास तालिम खर्च | ८४,५३० | - |
| सहकारी सचेतना/वित्तीय साक्षरता खर्च | १६,९५५ | १०३,८२३ |
| मेरो खुशी मेरो नवप्रतिभा | - | ९,१३० |
| संस्कृति प्रवर्द्धन खर्च | ९८,९४१ | ९२,२५० |
| खेलकूद प्रवर्द्धन खर्च | ६६,०९५ | ६,५०० |
| सामाजिक व्यवसाय खर्च | ३,०४० | २५,८४० |
| कृषि प्रबर्द्धन खर्च | ४५,५१८ | ६७,६९७ |
| जेष्ठ नागरिक सम्मान खर्च | १४१,५०७ | २४७,९२६ |
| सुनौलो विहानी कार्यक्रम खर्च | - | १,०५० |
| **जम्मा** | ८५,९२२,७०० | ८५,०४०,८७१ |

Kuber N Bhattarai & Co. Chartered Accountants Kathmandu

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)

**प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरू**

२०८१ साल आषाढ ३१ (जुलाई १५, २०२४)

## प्रमुख लेखा नीतिहरू

**१ परिचय**

नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. सहकारी ऐन २०४८ अन्तर्गत डिभिजन सहकारी कार्यालय नवलपरासीमा दर्ता भई मध्यविन्दु-१०, आरुङ्गखोला नवलपरासी (ब. सु. पू) मा केन्द्रीय कार्यालय र स्वीकृत कार्यक्षेत्रभित्र सेवा केन्द्रहरु स्थापना गरी सेवा प्रदान गर्दै आईरहेको छ।

नेपाल वित्तीय लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ।

**२ वित्तीय विवरणहरू तयारको आधार**

संस्थाको वित्तीय विवरणहरू ऐतिहासिक मूल्य अवधारणाको आधारमा सर्वमान्य लेखा सिद्धान्त, यस्ता व्यवसायमा प्रचलित लेखा नीतिलाई आधार लिई तयार गरिएको छ।

## संस्थाले अपनाएको प्रमुख लेखा नीतिहरू देहाय बमोजिम छन्।

**३ स्थिर सम्पत्ति तथा ह्रास कट्टी नीति**

क) संस्थाको अचल सम्पत्तिलाई ऐतिहासिक लागत अवधारणाको आधारमा सम्पत्ति खरिदसँग सम्बद्ध अन्य खर्चहरु समेत सोही स्थिर सम्पत्तिमा समावेश गरी पूँजीकरण गर्ने गरिएको छ।

ख) संस्थाले आफ्नै ह्रासकट्टी दर लिएर स्थिर सम्पत्तिको ह्रासकट्टी गर्ने गरेको छ। संस्थाले लिने दर र आयकर ऐन अन्तर्गत लिइने दरको कारणले आएको फरक स्थगन कर दायित्वमा देखिएको छ।

**४ आयकर व्यवस्था**

**क) चालु आयकर व्यवस्था** (Current Tax Provision)

संस्थाले "आयकर ऐन, २०५८" र सो मा समय-समयमा आर्थिक ऐनले गरेको संशोधनको आधारमा आयकर व्यवस्था गरिने नीति अपनाएको छ। बढी तथा कम आयकर व्यवस्था भएमा अन्तिम कर निर्धारण गर्दा सोही बखत आवश्यक समायोजन गर्ने नीति अपनाएको छ।

**ख) स्थगन कर व्यवस्था** (Deferred Tax Provision)

स्थगन करको व्यवस्था नेपाल लेखामान १२ ले तोकेको प्रक्रिया तथा विधि अनुसार गर्ने नीति रहेको छ।

**५ लगानी सम्बन्धी नीति**

विभिन्न सघं संस्थाको शेयर लगानीलाई परलमोल आधारमा लेखाकंन गर्ने नीति रहेको छ।

Kuber N Bhattarai & Co. Chartered Accountants Kathmandu 1964

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)

## प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरू

२०८१ साल आषाढ ३१ (जुलाई १५, २०२४)

**६ कर्जा नोक्सानी व्यवस्था सम्बन्धी नीति**

सहकारी विभागबाट लागु गरिएको मापदण्ड अनुसार कर्जा वर्गीकरण गरी नाफा नोक्सानमा आवश्यक व्यवस्था कायम गर्ने नीति लिएको छ। वासलातमा कर्जा नोक्सानी व्यवस्था रकमलाई अलग्गै दायित्वमा प्रस्तुत गरिएको छ।

**७ नाफा/नोक्सान हिसाबमा आम्दानी र खर्च जनाउने नीति**

**क) आम्दानी जनाउने नीति**

अ) **ब्याज : संस्थाले** सहकारी विभागले जारी गरेको सहकारी संघ/संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड वमोजिम कर्जा लगानीको ब्याज आम्दानीलाई नगद प्राप्तिको आधार (Cash Basis) मा आम्दानी जनाउने नीति रहेको छ, जुन नेपाल लेखामान अनुरुप छैन। अन्य आम्दानीलाई प्रोदभावी आधार (Accrual Basis) लेखा सिद्धान्तको आधारमा लेखाङ्कन गर्ने नीति रहेको छ।

आ) अन्य आम्दानी: अन्य आम्दानी र सेवा शुल्कको आम्दानीलाई प्रोदभावी आधार (Accrual Basis) लेखा सिद्धान्तको आधारमा लेखाङ्कन नीति रहेको छ।

**ख) खर्च जनाउने नीति**

अ) प्रोदभावी आधार (Accrual Basis) लेखा सिद्धान्तको आधारमा सम्पूर्ण नगद भुक्तान भएको र भुक्तानी हुनुपर्ने खर्चलाई लेखाङ्कन गर्ने नीति रहेको छ।

आ) सम्पूर्ण निक्षेप दायित्व तथा अन्य बैंकबाट लिएको सापटीमा तिर्नुपर्ने ब्याजलाई पाकेको आधारमा लेखाङ्कन गर्ने नीति रहेको छ।

**८ अविछिन्न निरन्तरताको आधार** (Going Concern Basis)

यो वित्तीय विवरण Going Concern मान्यताका आधारमा तयार गरिएको छ।

## लेखा सम्बन्धी टिप्पणीहरू

१ सस्थाको आर्थिक बर्ष २०८०/०८१ मा भएको शेयर पुंजी परिवर्तन तलको तालिका बमोजिम रहेको छ।

| विवरण | कुल रकम |
|---|---|
| गत वर्ष सम्मको पुंजी | ३६६,०४५,००० |
| यस आ.व. मा पुंजी थप | ४१,८८०,५०० |
| **जम्मा रकम** | ४०७,९२५,५०० |

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

मध्यविन्दु-१०, आरुङ्खोला, नवलपरासी (ब. सु. पू)

**प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरू**

२०८१ साल आषाढ ३१ (जुलाई १५, २०२४)

२ **सम्भावित कर्जा नोक्सानी व्यवस्था तथा कर्जाहरुको अपलेखन नीति**

संस्थाले सहकारी विभागले जारी गरेको मापदण्ड वमोजिम कर्जा नोक्सानी व्यवस्था गरेको छ।

| विवरण | ३१ आषाढ २०८१ | ३१ आषाढ २०८० |
|---|---|---|
| यस वर्षसम्म गर्नुपर्ने जम्मा कर्जा नोक्सानी कोष व्यवस्था | ७८,४१४,४०८ | ६५,२६२,२३७ |

संस्थाले यस वर्ष रु. १३,१५२,१७१।२४ कर्जा जोखिम व्यवस्था गरेको छ।

३ **अन्य कोष बाडफाड:**

सहकारी नियमावली २०७५ अनुरुप कोषहरुको बाँडफाँड गरिएको छ र यसलाई इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण मार्फत हेर्न सकिन्छ।

४ **कर्मचारी बोनस**

कर्मचारी बोनस रु.७,५,५३,२४४ व्यबस्था गरिएको छ।

५ तिन महिना भन्दा बढी अवधिको मुद्दती लगानीलाई लगानी व्यवस्थामा र सो अवधि भन्दा कम अवधिको लगानीलाई बैंक मौज्दातभित्र बर्गिकरण गरिएको छ।

६ गत वर्षका अंकहरु तुलना योग्य बनाउन आवश्यकता अनुसार पुर्नरसंरचना र पुर्नवर्गिकरण तथा तालिकीकरण गरिएको छ।

*आजको मितिको हाम्रो प्रतिवेदनको आधारमा*

| | | | |
|---|---|---|---|
| मोहन सिंह थापा बाकबल | विजय प्रसाद पाठक | कौशिला सापकोटा कण्डेल | सी.ए. अनिल जोशी |
| अध्यक्ष | संयोजक, लेखा सुपरिवेक्षण समिति | कोषाध्यक्ष | कुबेर एन. भट्टराई एण्ड कं. |
| | | | चार्टर्ड एकाउण्टेण्ट्स |

| | | | |
|---|---|---|---|
| राम प्रसाद काफ्ले | जोगमाया महतो | सुरेश यादव | मिति : २०८१.०७.२६ |
| प्रमुख कार्यकारी निर्देशक | सचिव | बरिष्ठ अधिकृत | स्थान : काठमाण्डौ |

# २७औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन



विजय प्रसाद पाठक
प्रस्तुतकर्ता

यस नवप्रतिभा साकोसको २७ औ गरिमामय वार्षिक साधारण सभाका श्रद्धेय सभा अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू मञ्चमा आसिन अतिथिगण, सञ्चालक समिति, विभिन्न उपसमिती र यस संस्थालाई वर्तमान अवस्थासम्म ल्याई पुऱ्याउन भूमिका खेल्नुहुने शेयर सदस्यज्यूहरु, कर्मचारीज्यूहरु सञ्चारकर्मी एवम् सुरक्षाकर्मीज्यूहरु प्रति लेखासुपरिक्षेण समितिको तर्फबाट न्यानो सहकारी अभिवादन तथा नमन गर्न चाहन्छु ।

स्थानीय स्तरमा असंगठित रुपमा रहेका आम सर्वसाधारण (विशेष गरी महिला) संग छरिएर रहेको सानो सानो रकम (पूँजी) लाई संगठित रुपमा परिचालन गरि आर्थिक सामाजिक तथा जनचेतनालाई वृद्धि गर्दै आत्मनिर्भर बनाउन संस्थाले खेलेको भूमिका सराहनीय एवम् प्रशंसायोग्य छ ।

यस लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रुपमा संस्थाका कार्यालय तथा सेवा केन्द्रहरुमा स्थलगत रुपमा अनुगमन निरिक्षण गरी त्यहाँ देखिएका सवल पक्ष तथा सुधारात्मक पक्षको बारेमा त्रैमासिक रुपमा सञ्चालक समितिलाई सुझावको रुपमा प्रस्तुत गर्ने गरिएको कुरा यस साधारण सभालाई जानकारी गराउन चाहन्छौं ।

संस्थाले प्राप्त गरेका उपलब्धीहरुको समिक्षा, नीति तथा कार्यक्रमहरु संशोधन, वार्षिक बजेट तथा कार्यक्रम तय लगायतका विषयमा संस्थाको सञ्चालक समितिको संयुक्त बैठकमा उपस्थित भई यस समितिबाट सल्लाह सुझावहरु प्रदान गर्ने गरिएको छ । पूर्व सूचना दिई वा नदिई कार्यालयहरुमा उपस्थित भई स्थलगत निरिक्षण गरी आवश्यकता अनुसार सुझाव दिने समेत गरिएको छ ।

विगत केहीवर्ष देखि समग्र वित्तीय क्षेत्रमा परेको असर यस आर्थिक वर्षमा पनि देखिन्छ । राष्ट्रिय स्तरमा देखिएको आर्थिक संकुचन, व्याजदरमा देखिएको उतार चढाव, व्यापार व्यवसायमा देखिएको शिथिलता, युवा जनशक्तिको पलायन, अस्थिर राजनीति, बढ्दै गएको व्यक्तिवादी स्वईच्छाचारिता, एवम् उक्साहट लगायतका गतिविधिले यस आ.व. मा पनि शतप्रतिशत उपलब्धि हासिल गर्न नसकेता पनि सञ्चालक, उपसमिति एवम् व्यवस्थापन तहको कार्यकुशलता र सदस्यहरुको अटुट मायाका कारण आ.व २०८०/०८१ मा पनि आशातित लक्ष्य प्राप्त गर्न सकेको देखिन्छ ।

**आदरणीय शेयर सदस्यज्यूहरू**

यस संस्थाको गरिमामय सभामा लेखा सुपरिवेक्षण समितिको हैसियतले हामीलाई सुम्पिएको जिम्मेवारीप्रति जवाफदेही रहदै हाम्रो विवेक र क्षमताले भ्याएसम्म आर्थिक वर्ष २०८०/०८१ को लेखा अभिलेख परीक्षण, साधारण सभाबाट अनुमोदन गरिएका संस्था सञ्चालन सम्बन्धी नीति, नियम एवम् कार्यविधि, सञ्चालक समितिका निर्णयहरु, नियामनकारी निकाय तथा छाता संघहरुबाट जारी परिपत्र र निर्देशन कार्यान्वयनको अवस्था, संस्थाको सम्पत्ति एवं जायजेथा पूँजी तथा दायित्व, नाफा नोक्सानको अवस्था, नगद प्रवाह, संस्थाद्वारा विभिन्न क्षेत्रमा गरिएका ऋण लगानी र असुलीको अवस्था, संस्थाका

सामाजिक क्रियाकलाप तथा सेवा केन्द्रहरुको स्थलगत अनुगमन तथा निरीक्षण, संस्थाको भित्री तथा बाहिरी प्रभावको विश्लेषण जस्ता सरोकारका क्षेत्रहरु लगायत समग्र पक्षहरुको सूक्ष्मरुपले अनुगमन तथा निरीक्षण गरी यस सभा समक्ष वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौं ।

१. २६ औं वार्षिक साधारण सभाबाट भएका निर्णयहरू मध्ये ८५% कार्यान्वयन भएको देखिन्छ ।

२. आ.व. २०८०/०८१ मा सञ्चालक समितिको बैठक १५ पटक, लेखा सुपरिवेक्षण समितिको ५ पटक र विभिन्न उप-समितिहरूको कार्यविधि अनुरूप बैठक बसेको पाइयो । बैठकमा संस्थाको प्रचलित नीति, नियम, निर्देशिका तथा कार्यविधि अनुसार नै निर्णय र सोको कार्यान्वयन गरेको देखिन्छ ।

३. संस्थाबाट लगानी रू. ५ लाखसम्मका कर्जाहरू ऋण व्यवस्थापन उपसमितिबाट स्वीकृत गर्ने गरिएको छ ।
   - रू. १० लाखसम्मका कर्जाहरुको धितो मूल्यांकन उपसमितिबाट र रू. १० लाखभन्दा माथिका सम्पूर्ण कर्जाहरूको धितो मूल्यांकन बाह्य परामर्शदाता इन्जिनियरबाट प्राप्त मूल्यांकन प्रतिवेदनका आधारमा ऋण उप-समितिबाट ऋण स्वीकृत गरी लगानी गर्ने सुरक्षित उपायलाई अपनाएको देखिन्छ ।
   - संस्थाबाट धितो जमानतमा लगानी गरिने सम्पूर्ण ऋण सम्बन्धित मालपोत कार्यालयबाट धितोबन्धक राखी लगानी गर्ने गरिएको छ ।
   - लेखा परिक्षणका क्रममा ऋण फाईलहरू अध्ययन गर्दा ऋण सम्बन्धी आवश्यक कागजात, लगानी प्रकृया, ऋण सुरक्षण, धितोको अवस्था, आम्दानीको स्रोत आदिको मूल्यांकन गरी ऋण स्वीकृत गर्ने गरेको पाइयो ।

४. सहकारी विभागद्वारा जारी गरिएका मापदण्ड निर्देशन तथा परिपत्रहरूको पालना
   - सहकारी विभाग तथा अन्य नियमनकारी निकायबाट समय समयमा गरिएका परिपत्र, निर्देशन एवम् अनुगमन गरी दिइएको सुझाव तथा निर्देशनहरुलाई संचालक समिति समक्ष छलफल र निर्णय गरी कार्यान्वयन तथा पालना गरेको देखिन्छ ।
   - सहकारी प्रवर्द्धन कोष र स्थिरीकरण कोषको रकम तोकिएको खातामा जम्मा गरिएको छ ।
   - संस्थाको कूल बचतको १५-२० प्रतिशतसम्म तरलता रहनुपर्ने व्यवस्था भएकोमा यस्तो संकटको समयमा पनि संस्थामा २०८१ असार मसान्तमा ४४.६१ प्रतिशत रहेको छ ।
   - सहकारी मापदण्ड बमोजिम नगद काउन्टर, भल्ट तथा ट्रान्जीट तथा सम्पत्ति बीमा गरिएको छ ।
   - सम्पति शुद्धिकरण ऐनको पालना गर्दै नेपाल राष्ट्र बैंक वित्तीय जानकारी ईकाईमा GOAML मार्फत तोकिएको मितिमा प्रतिवेदन TTR र चौमासिक प्रतिवेदन पेश गरिएको पाईयो ।
   - सहकारी विभागद्वारा जारी गरिएको कोपोमिस सफ्टवेयरमा तोकिएको मितिभित्र मासिक समष्टिगत प्रतिवेदन, र शेयर सदस्यको विवरण अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।
   - सहकारी विभागद्वारा जारी निर्देशन बमोजिम आफ्ना मासिक प्रतिवेदनहरू तोकिएको मितिभित्र सार्वजनिक गरेको पाइयो ।

५. संस्था सञ्चालनका लागि सहकारी विभाग, छाता संघ, राष्ट्रिय सहकारी बैंक तथा अन्य सम्बन्धित निकायसँग पनि राय सुझाव लिने दिने गरेको पाइयो ।

६. सञ्चालक समितिलाई बैठक सञ्चालन हुने दिन मात्र खाजा तथा यातायात खर्च वापत प्रति सदस्य रू. १७००।- र उप-समितिका पदाधिकारी तथा सदस्यहरूलाई रू. ६००।- बैठक भत्ता र बैठक बस्दा खाजा सुविधा दिने गरिएको छ ।

७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू

- कर्मचारी सेवा शर्त नीति समय सापेक्ष परिमार्जन गरिएको र सो बमोजिम कर्मचारी आवश्यकताका आधारमा पदपुर्ती समितिले विज्ञापन प्रकाशन गरी लिखित, मौखिक परीक्षा लिई करार, अस्थायी, स्थायीको व्यवस्था अनुसार कर्मचारी भर्ना गरिएको हुँदा प्रतिस्पर्धी र पारदर्शी भएको देखिन्छ ।
- संस्थाको प्रचलित कर्मचारी सेवा शर्त नीति अनुसार कर्मचारीहरूलाई सेवा सुविधा प्रदान गरिएको देखिन्छ ।
- कर्मचारीको कार्यबोझ र तारतादम्यता मिलेको देखिन्छ ।
- कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न आन्तरिक रुपमा तालिम, गोष्ठी, संचालन गरिएको र अन्य संघ संस्थाबाट आयोजना गरिएका तालिम गोष्ठी, भ्रमण, अन्तरक्रिया कार्यक्रममा कर्मचारीहरूलाई सहभागी गराइएको पाईयो ।

८. लेखा सुपरिवेक्षण समितिले दिएको राय एवम् सुझावहरू सञ्चालक समितिले पालना तथा कार्यान्वयन गर्ने गरेको पाइयो ।

९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू

- संस्थाले सदस्य, समुदाय तथा विभिन्न निकायहरुमाझ आफ्नो साख र छवि वृद्धि गर्दै यस वर्ष राष्ट्रिय सहकारी महासंघ ललितपुरबाट गण्डकी प्रदेशस्तरीय उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०८० बाट सम्मानित भएको पाइयो ।
- आ.व. २०७९/०८० को आयकर तर्फ सबैभन्दा बढी आयकर दाखिला गरेको र कुनै पनि बेरुजु नभएकोले आन्तरिक राजश्व कार्यालय कावासोतीबाट संस्था सम्मानित भएको छ ।
- संस्थाको हित नीति नियम कार्यान्वयनका लागि संचालक समिति, उपसमिति, व्यवस्थापन अहोरात्र खटिएको देखिन्छ ।
- समय सापेक्ष आफ्ना नीति तथा कार्यविधिहरू संशोधन गरी कार्यान्वयनमा ल्याएका कारण बचत वृद्धि भई संस्थामा यथेष्ट तरलता रहेको पाइयो ।
- नेपाल सरकारको सहुलियत ऋण बाहेक अन्य बाह्य ऋण नभएको पाईयो ।
- संस्था सञ्चालनका क्रममा हुने खर्चहरुमा मितव्यीता अपनाइएको छ ।
- सरल र सहजरुपमा वित्तीय सेवाका साथै सदस्य सम्बन्ध विस्तार र आत्मीयता अभिबृद्धि तथा शिक्षा, सचेतना, उद्यमशिलता र स्वरोजगार सृजनाका लागि नियमित रुपमा क्रेडिट प्लसका कार्यक्रमहरु गर्दै प्रतिस्पर्धी सेवा प्रवाह गरेको पाइयो ।
- गत वर्षको तुलनामा यस वर्ष डिजिटल सेवाका उत्पादनहरुमा बृद्धि गरी सेवा प्रदान गरेको पाइयो ।
- संस्थाले सदस्यहरूको जन्मदेखि स्वर्गसम्म हुने सुख दुःखका हरेक क्षणहरूमा सहभागीता जनाएको पाइयो ।

- जोखिम व्यवस्थापनका लगि आवश्यक जोखिम कोषको व्यवस्था गरिएको छ । वार्षिक रुपमा जगेडाकोषमा रकम बृद्धि हुदै गईरहेको देखिन्छ ।
- संस्थाद्वारा गुणस्तरीय उत्पादन तथा सेवा प्रवाह, जोखिम न्यूनिकरण, वित्तीय विश्लेषण एवम् व्यवस्थापन र कारोवारको तुलनात्मक समिक्षा गर्न विषय विज्ञहरुसंग परामर्श तथा पर्ल्स पद्धतिको प्रयोग गरिएको छ ।
- संस्थाद्वारा संचालित शिक्षा, स्वास्थ्य, सामाजिक उत्तरदायित्व, राहत तथा सामुदायिक विकासका क्रियाकलापहरुले संस्थाप्रति सदस्यहरुलाई आकर्षित गरिरहेको छ ।
- नेपाल सरकार, छाता संघ, वित्तीय संस्थाहरू, स्थानीय पालिका, स्थानीय समुदायसंगको सहकार्यले वित्तीय कारोवार र संस्थाको साख एवम् छवि बृद्धिमा टेवा पुगेको पाईयो ।
- यस वर्ष संस्थाले राजस्वका विभिन्न शीर्षकहरुमा गरी रू. २,२१,८८,६९५।- योगदान पुऱ्याएको देखिन्छ ।

१०. लेखा सुपरिवेक्षण समितिको तर्फबाट सुझाइएको सुझावहरूलाई सभा समक्ष निम्न वुँदाहरूमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- संस्थाको साधारण सभाबाट पारित भएका नीति, कार्यक्रम तथा बजेटमा राखिएका लक्ष्यहरुमा सतप्रतिशत उपलब्धि हासिल हुनेगरी कार्यसम्पादन गर्नुहुन सुझाव गरिन्छ ।
- संस्थाको उच्च दरमा रहेको तरलता व्यवस्थापनका नयाँ-नयाँ सेवा तथा उत्पादनको व्यवस्था तथा असल ऋणी पहिचान गरी उत्पादनमूलक क्षेत्रहरुमा कर्जा लगानीलाई प्राथमिकता दिनुहुन सुझाव गरिन्छ ।
- आर्थिक वर्ष २०७९/०८० को तुलनामा भाखा नाघेको ऋण वृद्धि हुदै गएको पाइएकोले भाखा नाघेको ऋण असुली गर्ने कार्यलाई तदारुकताका साथ अघि बढाउनुहुन सुझाव गरिन्छ ।
- विद्यमान वित्तीय संकटका कारण कर्जा अझ भाखा नाघ्न सक्ने सम्भावना रहेकोले ऋण सुरक्षण, असुली कार्य तथा भाखा नाघेको कर्जाको व्यवस्थापनका लागि रणनैतिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।
- कर्जा लगानी पश्चात सदुपयोगिता निरिक्षणलाई विशेष महत्व दिई अद्यावधिक गर्न सुझाव गरिन्छ ।
- कृषि तथा पशुपालन क्षेत्रको प्रवर्द्धन गर्दै सदस्यहरुको उद्यमशीलता तथा व्यवसायिक विकासमा जोड दिई उत्पादन वृद्धि, रोजगारी सृजना तथा बजारीकरण गर्ने नीतिलाई प्रभावकारी रुपमा अगाडि बढाउनुपर्ने देखिन्छ ।
- पर्ल्स अनुगमन प्रणाली अनुसार संस्थागत पूँजीमा कमि देखिएको हुँदा संस्थागत पूजीं बृद्धिका लागि आवश्यक कार्य गर्नुपर्ने देखिन्छ ।
- संस्थाद्वारा सम्पादन भएका क्रियाकलापहरुको नियमित र प्रभावकारी रुपमा अनुगमन र सो को तथ्यांक अद्यावधिक गर्नका लागि क्षमतावान र दक्ष जनशक्तिको व्यवस्था गर्नुहुन सुझाव गरिन्छ ।

- संस्थागत सुशासन र वित्तीय स्थायित्वमा ध्यान दिएर मात्र अन्य संघ संस्था, बैंकहरुमा अल्पकालीन तथा दीर्घकालीन रुपमा निक्षेप राख्नुहुन सुझाव दिइन्छ ।
- सदस्यको व्यवसाय र बजारलाई चलायमान बनाउन आवश्यक रणनीति तय गरी कार्यान्वयन गर्नुहुन सुझाव गरिन्छ ।
- गत वर्षको तुलनामा सदस्यहरूलाई वित्तीय, प्रविधि साक्षरता, विस्तारित मंच, सहकारी तथा ऋण शिक्षा, आय–आर्जन र उद्यमशीलता सम्बन्धी तालिमहरू प्रदान गरिएता पनि यसलाई अझ व्यापक बनाउनुपर्ने देखिन्छ ।
- सदस्यहरूलाई संस्थाको डिजिटल सेवा अझ तिव्रता र प्रभावकारी तरिकाले अगाडी बढाउनुहुन र सो सम्बन्धमा सदस्यहरुलाई प्रशिक्षित गर्दै यसको प्रयोग गर्ने सदस्य संख्या बृद्धि गर्नुपर्ने देखिन्छ ।
- संस्थाका महत्वपूर्ण कागजातहरू, सदस्य तथा संस्थाका अभिलेखहरू, ऋणको तमसुक, निर्णय, लगायत अन्य वित्तीय विवरणहरू विद्युतीय प्रविधि मार्फत इलेक्ट्रोनिक कपी सुरक्षित राख्ने कार्य पूर्ण रुपमा अद्यावधिक नभएको पाईएकोले पूर्ण रुपमा अद्यावधिक गर्नुहुन सुझाव गरिन्छ ।
- सञ्चालक समितिले उप-समितिहरूलाई क्रियाशील र क्षमतावान बनाउन भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।
- संस्थामा युवा सहभागिता वृद्धिका लागि युवा परिचालन सम्बन्धी उपसमिति गठन गरी युवा सदस्यता विस्तार गर्नुपर्ने देखिन्छ ।
- संस्थाका सवै सदस्यहरुलाई सकृय बनाई नियमित बचत गर्न प्रोत्साहन गर्नुहुन सुझाव गरिन्छ ।
- सहकारी एकिकरण कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाउनहुनु सुझाव गरिन्छ ।
- वर्तमान विषम परिस्थतीबाट सृजना हुनसक्ने चुनौतीको बीचबाट सम्भावना र अवसरको खोजी गर्ने रणनीति तय गर्न सुझाव गरिन्छ ।

अन्तमा लेखापरिक्षणका क्रममा हामीलाई सञ्चालक समिति र व्यवस्थापनबाट अत्यन्त सौहार्दपूर्ण वातावरण मिलाई गर्नु भएको सहयोगको उच्च प्रशंसा गर्न चाहन्छौं र संस्थाले सञ्चालन गरेका सेवाहरुले सदस्य महानुभावहरूलाई अत्याधिक लाभ र सन्तुष्टि प्रदान गर्न सकोस भन्ने कामनाका साथ संस्थालाई यो अवस्थासम्म ल्याउन मेहनत गर्नु हुने पूर्व सञ्चालक, वर्तमान सञ्चालक, उप-समितिका पदाधिकारीज्यूहरू, शेयर सदस्यज्यूहरू, उच्च व्यवस्थापन, सम्पूर्ण कर्मचारीहरू, शुभचिन्तक एवम् सम्बद्ध सबैमा हार्दिक आभार प्रकट गर्दै यो प्रतिवेदन अन्त्य गर्ने अनुमति चाहन्छु ।

धन्यवाद ! जय नवप्रतिभा ! जय सहकारी !

## २७औँ वार्षिक साधारण सभामा ऋण उप-समितिद्वारा प्रस्तुत प्रतिवेदन



गन बहादुर बाकाबल
संयोजक

यस नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. को गरिमामय २७औं वार्षिक साधारण सभाका अध्यक्षज्यू, श्रद्धेय प्रमुख अतिथिज्यू, विशिष्ठ अतिथिज्यू, अतिथिज्यूहरू, सल्लाहकारज्यूहरू, पत्रकारज्यूहरू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा विभिन्न उप-समितिका पदाधिकारीज्यूहरू एवम् सदस्यज्यूहरूमा ऋण उप-समितिको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन ।

**आदरणीय शेयर सदस्यज्यूहरु**

सहकारी सिद्धान्त, मुल्य मान्यता, ऐन, नियमावली, संस्थाको नीति र विधिको परिधिभित्र रही हाम्रो २७ वर्षको सिकाई र अनुभवहरुलाई एकिकृत गर्दै सुरक्षित, कम झन्झटिलो प्रकृयाबाट सबै सेवा केन्द्र मार्फत वर्तमान प्रतिस्पर्धी वित्तीय बजारमा सदस्यहरुको चाहना बमोजिमका ऋण सेवा प्रदान गरी हजारौं परिवारलाई क्षमता अभिबृद्धि गर्दै उद्यमी र व्यवसायी बनाउन सफल भएका छौं । वार्षिकरुपमा केही नमुना उद्यमी र व्यवसायीको सफलताको कथा यसै प्रतिवेदनमा संलग्न गर्दै आईरहेका छौं । संस्थाको मुख्य आम्दानीको श्रोत ऋण लगानीबाट प्राप्त प्रतिफल हो । संस्थाको कूल सम्पत्तीको ठूलो हिस्सा ओगटेको ऋण लगानी प्रभावकारी र व्यवस्थित भएन र असुलीलाई नियमित गर्न सकिएन भने अन्यत्र जति सुकै उत्कृष्ट कार्य भएतापनि संस्था अगाडि बढ्न सक्दैन भन्ने विषयमा हामी सदैव सचेत र सतर्क रही कार्य गर्दै आईरहेको छौं ।

सरकारको सहकारीप्रतिको उदासिनता, केही सहकारी संस्थाहरु सुशासन, ऐन, नियम र विधिभन्दा बाहिर रहेर संचालित हुदा सृजना भएको वेथिति र विसंगतिले सिङ्गो सहकारीप्रति आम समुदायको विश्वास गुम्न पुगेको, समुदाय स्तरमा देखिएका भ्रामक तथा अराजक क्रियाकलाप, आर्थिक क्षेत्र तथा व्यापार व्यवसायमा देखा परेको मन्दी आदिको प्रभावबाट आर्थिक वर्ष २०८०/०८१ समग्र सहकारी क्षेत्रका लागि सकारात्मक बर्षको रुपमा नरहेको यहाँहरु सबैमा सर्वविदितै छ। यस्तो विषम परिस्थीतिका कारण गत वर्ष लगानीको सम्भावना न्यून, युवा जनशक्तिको विदेश पलायन र मौजुदा व्यापार व्यवसायमा आएको शिथिलताले गर्दा ऋण माग कम हुन पुग्यो । सोको प्रभावबाट लक्ष्य बमोजिम ऋण लगानी तथा असुली हुन नसकेता पनि संस्थाले जोखिमहरुको मूल्यांकन गर्दै आवश्यक रणनीति बनाई सेवा प्रवाह गरेका कारण आ.व. २०८०/०८१ मा हासिल गरेको वित्तीय सूचांकहरु सन्तोषजनक नै रहेको यथार्थ यहाँहरु समक्ष राख्दै यस गरिमामय सभा समक्ष ऋण उप-समितिको तर्फबाट आ.व. २०८०/०८१ मा ऋण लगानी तथा असुलीको सन्दर्भमा भए गरेका यथार्थ विवरणहरूलाई प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**ऋण सीमा एवम् स्वीकृती सम्बन्धमा**

- संस्थाको तरलता र वर्तमान वित्तीय बजारको अवस्था आदिलाई मध्यनजर गर्दै ऋणको सीमा रू. ८० लाखसम्म कायम गरिएको भएता पनि साना कर्जाहरुलाई प्राथमिकता दिई ऋण स्वीकृत गरिएको छ ।

- सदस्यहरूलाई छिटो छरितो र सहज रूपमा कर्जा प्रवाहका लागि रू. ५ लाखसम्मको कर्जा संस्थाको ऋण व्यवस्थापन उप-समितिबाट, रू. ५ लाखभन्दा माथिको सम्पूर्ण ऋणहरू ऋण उप-समितिको बैठक बसी स्वीकृत गरी लगानी गरिएको छ ।
- आ.व २०८०/०८१ मा ऋण व्यवस्थापन उप-समितिको १०१ पटक र ऋण उप-समितिको ५१ पटक बैठक बसी विभिन्न शीर्षकमा कर्जा स्वीकृत गरिएको छ ।
- ऋण लगानीलाई सुरक्षित बनाउन १० लाख भन्दा कमका ऋण धितो मूल्यांकन उपसमितिबाट र १० लाख भन्दा माथिको सबै ऋणहरू बाह्य संस्थागत धितो मूल्यांकनकर्ताबाट मूल्यांकन गराई लगानी गर्ने गरिएको छ ।

**ऋण लगानी सम्बन्धमा**

- संस्थामा भएका २१ वटा कर्जा शीर्षकहरूमध्ये आ.व. २०८०/०८१ मा ११३५३ जना सदस्यलाई १४ वटा शीर्षकमा रू. १,८९,३६,५०,९००।०० कर्जा लगानी, रू. १,९०,८३,९८,७०२।०० असुली गरी २०८१ असार मसान्तमा १४३९७ जना ऋणी सदस्यहरूमा रू. १,९८,२२,५२,२५५।०० लगानीमा रहिरहेको ऋण बाँकी रहेको छ । लगानीमा रहिरहेको ऋण आ.व. २०७९/२०८० भन्दा आ.व.२०८०/२०८१ मा ०।७३% ले कम रहेको छ ।
- २०८१ असार मसान्तसम्म प्रति ऋणी औंषत ऋण लगानी रू. १,३७,६८५।- रहेको छ ।
- आ.व. २०८०/०८१ मा संस्थाले गुणस्तरीय र धितो सुरक्षणका कर्जाहरुलाई प्राथमिकता दिँदै आइरहेको छ ।
- ऋणको क्षेत्रगत अवस्था विश्लेषण गर्दा कृषि तथा पशुपालनमा ४९.२३%, व्यापार व्यवसाय २३.३९% जग्गा खरिद तथा आवास निर्माण १४.५९%, सवारी साधन कर्जा १.२४%, शैक्षिक कर्जा २.३३%, लघुउद्यम कर्जा ९.२२% रहेको छ ।
- ऋण लगानी गर्दा ऐन, नियम, मापदण्ड एवम् संस्थाको विनियम, ऋण नीतिको परिपालना गर्दै सदस्यको 5c विश्लेषण र आवश्यक कागजात संलग्न गरी लगानी गर्न योग्य देखिएमा ऋण उपलब्ध गराउने गरिएको छ ।
- कर्जाको जोखिम न्यूनीकरण गर्नका लागि सदस्यको कर्जा ईतिहास, आम्दानीको स्रोत, ऋण तिर्न सक्ने क्षमता, धितो र विभिन्न निकायहरुसँग समन्वय गरी कर्जा सूचना लिई ऋण लगानी गर्ने गरिएको छ ।
- संस्थाद्वारा धन तथा धितो जमानतको आधारमा सदस्यको व्यवसायको प्रकृति, उद्देश्य तथा अनुभव, तिर्न सक्ने क्षमता र विगतको आचरण, नगद प्रवाह विश्लेषण आदिको आधारमा आ.व. २०८०/०८१ मा बढिमा रू. ३५,००,०००।- सम्म ऋण लगानी गरिएको छ ।

- वर्तमान समयमा संस्थाको लगानी र सदस्यहरुको आम्दानी वृद्धिका लागि कृषि पशुपालन क्षेत्रको प्रवर्द्धन गर्दै स्थानीय स्तरमै स्वरोजगार सृजनाका लागि स्थानीय पालिका तथा सरोकारवाला निकायहरुसंग सहकार्य गरिएको छ ।
- प्रत्येक सेवा केन्द्रबाट कर्जा लिई उत्कृष्ट व्यवसाय गर्ने उद्यमीहरूलाई हरेक वर्ष सम्मान गर्ने परिपाटीलाई निरन्तरता दिइएको छ ।
- संस्थाको ऋण लगानीलाई सुरक्षित र गुणस्तरीय बनाउन कर्जा लगानी गर्नु अगाडी ऋण सम्बन्धमा परामर्श, ऋण विश्लेषण ऋण लगानी पश्चात सदुपयोगिता निरिक्षण, वित्तीय साक्षरता, ऋण तथा सहकारी शिक्षा प्रदान गर्ने गरिएको छ ।
- ऋण उप-समिति र ऋणसँग सम्बन्धित कर्मचारीहरुलाई सुरक्षित ऋण लगानी र असुली सम्बन्धी विषयमा एडभान्स तालिम दिई क्षमता अभिवृद्धि गरिएको छ ।

**भाखा नाघेको ऋण र असुली सम्बन्धमा**

- ऋण लगानी तथा असुलीलाई थप प्रभावकारी बनाउन सञ्चालक समिति, सेवा केन्द्र व्यवस्थापन उपसमिति उच्च व्यवस्थापन तहबाट फिल्डमा अनुगमन निरीक्षण गर्ने गरिएको छ । धितो निरीक्षण, परियोजना तथा व्यवसाय निरीक्षण, असुली ताकेता गरी भाखा नाघेको ऋणलाई असुली गर्ने कार्यलाई तिव्रताका साथ अघि बढाईरहेको छ ।
- संस्थाबाट ऋण उपभोग गरि संस्थाको ऋण नीति विपरित मासिक साँवा, व्याज नबुझाई भाखा नघाउने निष्कृय ऋणी सदस्यहरुलाई समस्या समाधानका उपाय तथा विकल्प प्रदान गर्दा समेत अटेर गरी ऋण भुक्तानी नगरेमा पर्याप्त सूचना र जानकारी गराई पत्रपत्रिकामा फोटोसहित तिन पुस्ते नाम प्रकाशन र धितो लिलामी कारवाही अगाडि बढाइने छ ।

**कर्जा जोखिम कोष व्यवस्था सम्बन्धमा**

संस्थाद्वारा हालसम्म भाखा नाघेको ऋणलाई सहकारी ऐन नियम बमोजिम वर्गीकरण गरी जोखिम व्यवस्थापनका लागि रू. ७,८४,१४,४०८।२४ कोषको व्यवस्था गरिएको छ ।

**ऋण विश्लेषण, सदुपयोगिता तथा अनुगमन सम्बन्धमा**

वित्तीय संस्थाहरु लगानी बढाउने होडबाजी तथा अस्वस्थ प्रतिस्पर्धा कारण सदस्यहरुमा ऋणको अधिक भार पर्न गई कर्जा असुलीमा जोखिम हुने र एउटै सदस्यले धेरै जनाको नामबाट कर्जा चलाउन सक्ने सम्भावना आदिलाई मध्यनजर गर्दै कर्जा लगानी पूर्व विश्लेषण र लगानी पश्चात सदुपयोगिता तथा निरिक्षण गर्ने कार्यलाई नियमितता र थप प्रभावकारी तथा व्यवस्थित गरिनेछ ।

**चिन्तामुक्त कार्यक्रम (कर्जा सुरक्षण कोष)**

समूह जमानी प्रवाह गरिने रू. ५ लाखसम्मको ऋण लिई ऋणी सदस्यको मृत्यु भएमा बाँकी ऋण मिनाहाका लागि चिन्तामुक्त कार्यक्रम सञ्चालन गरिएको छ ।

**सुरक्षित ऋण लगानी र प्रभावकारी असुलीका लागि चालु आ.व. मा निम्न बमोजिम कार्य गरिनेछ ।**

- साना तथा मझौला नियमितरुपमा संचालन हुने र नियमित आम्दानी हुने खालका व्यवसायमा लगानीलाई प्राथमिकता दिईनेछ ।
- सेवा केन्द्र व्यवस्थापन उप-समितिको क्षमता अभिवृद्धि गर्दै कर्जा स्वीकृतिको लागि जिम्मेवार बनाइने छ ।
- संस्थामा नियमित बचत गर्ने, संस्थाप्रति सकारात्मक भावना राखी विगतमा राम्रो पेशा व्यवसाय गरी आम्दानी गरेका, मासिक साँवा, व्याज किस्ता तिरिरहेका र थप व्यवसाय प्रवर्द्धन गर्न चाहने सदस्य एवम् उत्कृष्ट उद्यमी, असल, सम्मानित व्यवसायी, सामाजिक प्रतिष्ठा भएका सदस्यहरुलाई प्राथमिकता दिइनेछ ।
- वर्तमान समयमा वस्तु तथा सेवाको उत्पादनमा कमी र उत्पादित वस्तुको बजारीकरणमा देखिएको समस्याका कारण व्यवसायीहरुको आत्मबल कमजोर बन्दै गरेको अवस्थामा कृषि र पशुपालन क्षेत्रमा पर्याप्त सम्भावना रहेको, सदस्यको आम्दानीको भरपर्दो आधार कृषि भएकाले कृषि र पशुजन्य वस्तुको उत्पादन, प्रशोधन तथा बजारिकरण जस्ता कार्यमा ऋण लगानीलाई प्राथमिकता दिइनेछ । सरोकारवाला निकायसंग सहकार्य गरिनेछ ।
- संस्थाले सदस्यलाई ऋण लगानी गर्दा धितो मूल्यांकन सीमाले स्वीकृत ऋणलाई खाम्ने र आम्दानीले तिर्न सक्ने क्षमता (Ability to pay) लाई उच्च प्राथमिकताका साथ विश्लेषण गरी गुणात्मक र सुरक्षित (Qualitative & Secure) लगानी गर्ने र ऋण लगानी पश्चात् ऋणीले पेश गरेको व्यवसायिक योजना अनुसार निरन्तर सदुपयोगिता निरीक्षण अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।
- उत्पादन क्षेत्र, स्वलागत (Equity) धेरै भएका, परियोजनामा आधारित साना उद्यमी व्यवसायी र उत्पादन क्षेत्र, उच्च प्रतिफल दर राम्रो आम्दानी दिने व्यवसायमा लगानीलाई प्राथमिकता दिइनेछ ।

यस संस्थाले स्थापनाकालदेखि नै सदस्यको सदस्य सेवा र सन्तुष्टिमा विशेष जोड दिई सदस्यको अधिकार संरक्षण हुने कार्यशैलीलाई उच्च मान्यताका साथ अवलम्बन गर्दै आइरहेको यहाँहरुलाई अवगत नै छ । सदस्यज्यूहरुलाई यस संस्थामा कारोवार गर्न सुरक्षित छ र संस्थाले मेरो हित विपरित कार्य गरेको छैन भन्ने विश्वासको भावना बढाउन आग्रह गर्दछु । साथै यस संस्थाले सदस्यहरुबाट थोरै थोरै जम्मा गरेको पूँजी ऋणको रुपमा परिचालन गरिएको विषयलाई आत्मवोध गर्नुहुन र वित्तीय अनुशासनको पालना गर्दै समयमै ऋण भुक्तानी गरी असल सदस्यको भूमिका निर्वाह गर्नुहुन अनुरोध गर्दै मेरो प्रतिवेदन अन्त्य गर्दछु ।

धन्यबाद ! जय सहकारी ! जय नवप्रतिभा !




स्वावलम्बन विकास केन्द्रको संयोजनमा आयोजना भएको चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन २०८० मा गण्डकी प्रदेश स्तरीय उत्कृष्ट केन्द्र प्रमुखको रुपमा सम्मानित हुदै संस्थाका शेयर सदस्य सल्मा पठानज्यू



चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन २०८० मा कार्यपत्र प्रस्तुती र सहजीकरण गर्दै संस्थाका प्रमुख कार्यकारी निर्देशक श्री राम प्रसाद काफ्लेज्यू





२६ औं वार्षिक साधारण सभाको उद्घाटन गर्नुहुदै प्रमुख अतिथि पाल्पा क्षेत्र नं १ का संघीय सांसद माननीय नारायण प्रसाद आचार्यज्यू, विशिष्ट अतिथि लुम्बिनी प्रदेश पाल्पा क्षेत्र नं १ (क) का माननीय राजु प्रसाद श्रेष्ठज्यू र अन्य अतिथि एवम् शेयर सदस्यज्यूहरु



विद्यार्थीहरुलाई शैक्षिक सामाग्री प्रदान गर्नुहुदै पूर्व सिंचाई मन्त्री एवम् लुम्बिनी प्रदेश पाल्पा क्षेत्र नं २ (क) माननीय विर बहादुर रानाज्यू




जेष्ठ नागरिकहरुलाई सम्मान गर्नुहुँदै लुम्बिनी प्रदेश नवलपरासी ब.सु.प क्षेत्र नं १(२) माननीय खडक बस्नेतज्यू



संस्थाका उत्कृष्ट बचतकर्ता सदस्यलाई सम्मान गर्नुहुँदै
मध्यविन्दु नगरपालिकाका नगरप्रमुख भिमलाल अधिकारीज्यू



संस्थाका विकलांग उद्यमी सदस्यलाई सम्मान गर्नुहुँदै
बर्दघाट नगरपालिकाका नगरप्रमुख शम्भुलाल श्रेष्ठज्यू



संस्थाको पूँजी वृद्धिमा योगदान पुऱ्याउनुहुने सदस्यलाई सम्मान
गर्नुहुदै रामग्राम नगरपालिका उप-प्रमुख सम्झना चौधरीज्यू



संस्थाका उत्कृष्ट उद्यमी सदस्यलाई सम्मान गर्नुहुँदै
सुस्ता गाउँपालिका उपाध्यक्ष गिता चौधरीज्यू



संस्थाका उत्कृष्ट दुग्ध व्यवसायी सदस्यलाई सम्मान गर्नुहुँदै
विनयी-त्रिवेणी गाउँपालिका अध्यक्ष घनश्याम गिरीज्यू



विपन्नसंग नवप्रतिभा कार्यक्रमबाट १०+२ मा अध्ययनरत
विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिदै




खेलकुदमा नवप्रतिभा कार्यक्रमद्वारा हुप्सेकोट-३, गिरुबारीमा खेलकुद प्रवर्द्धनमा सहयोग



भानुदय मा.वि. सर्दीमा ३ जिरो क्लव सम्बन्धी अभिमुखीकरण गरिदै



मध्यबिन्दु-१०, आरुङ्खोलामा आयोजित आर्थिक समृद्धिमा सहकारी अभियान, समयमै बचत, ऋण भुक्तानी, उद्यमशिल असल सदस्यको पहिचान विषयक तिजगीत प्रतियोगिता




दोस्रो निस्दी कृषि पर्यटन सांस्कृतिक तथा खेलकुद महोत्सवमा संस्थाद्वारा सहकार्य गरी शोभा यात्रामा सहभागी हुँदै






सरसफाई सचेतना कार्यक्रममा सहभागी संस्थाका शेयर सदस्यहरु र डस्टविन हस्तान्तरण गर्दै संस्थाका उप-समिति तथा कर्मचारीहरु



संस्थाद्वारा संचालित सहकारी शिक्षा कार्यक्रम




संस्थाद्वारा संचालित वित्तीय साक्षरता कार्यक्रम



संस्थाद्वारा संचालित विस्तारित मञ्च कार्यक्रम




सेवा केन्द्र व्यवस्थापन उपसमितिको क्षमता विकासका लागि सहकारी व्यवस्थापन तालिम




सदस्यहरुको उद्यमशिलता विकासका लागि व्यवसायिक पशुपालन तालिम



वातावरण संरक्षण, पोषण सुधारका लागि गैंडाकोट-३, ढोडेनी र घोक्रोफाटका सदस्यहरुलाई फलफूलका विरुवा वितरण






संस्थाको कृषि प्रवर्द्धन कार्यक्रम अन्तर्गत मध्यविन्दु-१४, हुप्सेकोट-६, विनयी-त्रिवेणी-१, नवलपरासी (बर्दघाट सुस्तापूर्व) र निस्दी-४, पाल्पाका सदस्यहरुलाई विउ विजन वितरण





मध्यविन्दु-१५, चिसापानी, मध्यविन्दु-२, सेहरी-नन्दपुर-सीतापुर र विनयी-त्रिवेणी-१, बगुवनका बाढीबाट प्रभावित सदस्यहरुलाई राहत तथा सुविधा प्रदान गरिदै



संस्थाको सामुदायिक विकासकोषबाट सदस्यहरुको सुविधाका लागि पूर्वखोला गाउँपालिका वडा नं. ३, द्वारीगौडामा निर्माण गरिएको विश्रामस्थल



विद्यार्थीहरूको शैक्षिक विकासमा टेवा पुऱ्याउनका लागि दिपेन्द्र मा.वि. सर्दीमा पंखा हस्तान्तरण

# सदस्यहरुद्वारा व्यवसायिक रुपमा सञ्चालन गरिएका उद्यम तथा व्यवसायहरू



भैंसीपालन



गाईपालन



वंगुरपालन



बाख्रापालन



ढाका उद्योग



च्याउ खेती

# सदस्यहरुद्वारा व्यवसायिक रूपमा सञ्चालन गरिएका उद्यम तथा व्यवसायहरु



माछापालन




काक्रा खेती



तरकारी खेती



कागती खेती



फूल खेती



अदुवा खेती

# दश वर्षीय शेयर पूँजी

रु. ०००



## दश वर्षीय बचत

रु. ०००



## दश वर्षीय लगानीमा रहिरहेको ऋण

रु. ०००



## दश वर्षीय कूल सम्पत्ति

रु. ०००



## दश वर्षीय कुल आम्दानी

रु. मा




दश वर्षीय कूल खर्च
रु. मा
0
५००००००
१००००००००
१५००००००००
२००००००००
२५००००००००
३००००००००
२०७१/०७२
२०७२/०७३
२०७३/०७४
२०७४/०७५
२०७५/०७६
२०७६/०७७
२०७७/०७८
२०७८/०७९
२०७९/०८०
२०८०/०८१


दश वर्षीय सञ्चालन बचत
रु. मा
०
२००००००
४००००००
६००००००
८००००००
१०००००००
१२००००००
१४००००००
२०७१/०७२
२०७२/०७३
२०७३/०७४
२०७४/०७५
२०७५/०७६
२०७६/०७७
२०७७/०७८
२०७८/०७९
२०७९/०८०
२०८०/०८१

## जि.आ.सु.यो. तथा चिन्तामुक्त कार्यक्रम मार्फत सुविधा प्राप्त सदस्य संख्या

जम्मा सदस्य सङ्ख्या ११,१९५ जना




जि.आ.सु.यो. तथा चिन्तामुक्त कार्यक्रम मार्फत सुविधा प्रदान रकम
जम्मा रकम रु. ४,७९,७७,९५०
२५००००००
२००००००००
१५००००००
१००००००००
५००००००
०
२०८५३०५
६९८५५००
८०७५६००
९५७२९००
२१२५८३४५
प्राकृतिक प्रकोप
सदस्यको मृत्यु
सुत्केरी सुविधा
हकवालाको मृत्यु
ऋण मिनाहा

## वित्तीय स्वस्थतालाई मापन गर्ने अन्तर्राष्ट्रिय (PEARLS) पर्ल्सको सिद्धान्तअनुसार यस संस्थाको वर्तमान आर्थिक स्वस्थताको अवस्था निम्नानुसारको छ ।

| क्षेत्र | सूचक | विवरण | लक्ष्य (%) | उपलब्धी |
|---|---|---|---|---|
| P Protection सुरक्षण | P1 | खराब ऋण सुरक्षण व्यवस्था | १०० | १०० |
| | P2 | शंकास्पद ऋण सुरक्षण व्यवस्था | ३५ | ३५ |
| | P2x | असल ऋणको लागि गरेको व्यवस्था | १ | १ |
| E Effective Financial Structure प्रभावकारी वित्तीय संरचना | E1 | शुद्ध ऋण | ७०–८० | ६०।६८ |
| | E5 | बचत निक्षेप | ७०–८० | ६५।७५ |
| | E6 | वाह्य ऋण | बढीमा ५ | ०।०६ |
| | E7 | शेयर पूँजी | १०–२० | १२।८८ |
| | E8 | संस्थागत पूँजी | कम्तिमा १० | ७।९६ |
| | E9 | शुद्ध संस्थागत पूँजी | कम्तिमा १० | ७।९६ |
| A Assets Quality सम्पत्तीको गुणस्तर | A1 | भाखा नाघेको ऋण | बढीमा ५ | ६।२९ |
| | A2 | आय आर्जन नगर्ने सम्पत्ती | बढीमा ५ | १।३९ |
| R Rate of cost and Returns लागत र प्रतिफल | R1 | लगानी प्रतिफल | उद्यमशील दर बराबर | १४।५८ |
| | R9 | सञ्चालन खर्च | बढीमा ५ | २।९९ |
| | R10 | कूल ऋण सुरक्षण खर्च | न्युन | ०।४४ |
| L Liquidity तरलता | L1 | तरलता | कम्तिमा १५ | ४४।६१ |
| S Signs of Growth वृद्धि संकेत | S10 | सदस्यता वृद्धि | कम्तिमा १० | ६।७१ |
| | S11 | कूल सम्पत्तीमा वृद्धि | कम्तिमा मूद्रा स्फिीति दर | १३।९० |

# २७औँ वार्षिक साधारण सभामा प्रस्तुत शिक्षा उप-समितिद्वारा प्रस्तुत प्रतिवेदन



लेखनाथ भट्टराई
संयोजक

सहकारी अभियान सदस्यहरुको विश्वासमा चलिरहने एउटा मौलिक आर्थिक संगठन तथा सदस्य केन्द्रित सामाजिक उद्यम हो । यसले सदस्यहरुको आर्थिक अवस्था सुधार गर्ने, सामाजिक हैसियत बृद्धि गर्दै साँस्कृतिक मूल्य मान्यताहरु स्थापित गर्न अग्रणी भूमिका खेलेको हुन्छ । त्यसै गरी शेयर सदस्य सहकारीको सृष्टिकर्ता, संरक्षक र विनाशक पनि हुन् शेयर सदस्यहरुको असल क्रियाकलाप र व्यवहारले सहकारी संस्थाको प्रगति र संस्थागत विकास हुन्छ । त्यसैले संस्थाका सदस्यहरुलाई असल क्रियाकलापमा संलग्न गराउन र वित्तीय अनुसासनको पालना गराउन, क्षमता अभिवृद्धि र उद्यमशिलता विकासका लागि नियमित सैद्धान्तिक, व्यवहारिक र प्राविधिक शिक्षा तथा सूचनाको आवश्यकता पर्दछ । यी कुराहरुलाई आत्मसात गरी आ.व २०८०/२०८१ मा संस्थाको शिक्षा समितिले मुख्य भूमिका निर्वाह गर्दै संस्थामा सवै उमेर समुहका सदस्यहरुलाई बढि भन्दा बढि सहभागि गराई घरदैलो भेटघाट, सहकारी शिक्षा, वित्तीय शिक्षा, ऋण शिक्षा तथा परामर्श, अन्तरक्रिया, अध्ययन अवलोकन भ्रमण, प्रविधि साक्षरता र विस्तारित मंच, विभिन्न विषयमा गोष्ठि, त्यसैगरी सदस्यहरुको क्षमता अभिवृद्धि तथा सिप विकासका लागि नेतृत्व विकास तालिम, उद्यशिलता तथा स्वरोजगार सृजना सम्बन्धी तालिमहरु, कृषि प्रवद्धर्नात्मक कार्यक्रम, व्यावसायिकता विकास तालिम, ऋण व्यवस्थापन तालिम, प्रविधी सुरक्षा जस्ता कार्यक्रमहरु आयोजना गरी सहकारीको पाचौं सिद्धान्त बमोजिम शिक्षा, तालिम, सूचना प्रदान गर्दै आईरहको छ । त्यसैगरी संस्थाद्वारा संचालन गरिएका गतिविधिहरुको बारेमा फ्लेक्स, चार्ट, स्टिकर, क्यालेन्डर तथा वार्षिक प्रतिवेदन, सामाजिक सञ्जालको माध्यम प्रयोग गरी जानकारी प्रदान गरिदै आईरहको छ । समुदायस्तरमा संस्थाको अपनत्व, पहिचान र छवि बृद्धिका लागि संस्थाको आन्तरिक विनियोजित बजेट, स्थानीय पालिका तथा अन्य गैर सरकारी संघ संस्थाहरुसंग सहकार्य गर्दै नियमित रुपमा कार्यक्रमहरु संचालन गरिदै आईरहको छ जसको विवरण सचिवज्यूको प्रगति प्रतिवेदनमा उल्लेख गरिएको छ ।

सहकारी एक वृहत् र संवेदनसिल क्षेत्र भएकोले यसका शेयर सदस्य तथा नेतृत्वदायी भूमिकामा रहने अन्य सम्पूर्ण सदस्यज्यूहरुले सर्वप्रथम सहकारीको अवधारणा, सिद्धान्त र मूल्य मान्यता बुझ्नु वर्तमान समयमा अत्यन्त आवश्यक रहेको छ र सोको लागि निरन्तर र नियमित सहकारी शिक्षाको आवश्यकता पर्दछ । आ.व २०८१/०८२ मा पनि यस समितिको सक्रियतामा संस्थाका पचपन्न प्रतिशत सदस्यज्यूहरुलाई सहभागी गराई शिक्षा तालिम र सूचना तथा सचेतना अभिवृद्धि गराउने, विभिन्न कार्यक्रम मार्फत प्रत्यक्ष भेटघाट, विचार विमर्श, गुनासो, सुझाव, अपेक्षा लिने दिने कार्यमा सहभागी गराईनेछ । अन्तमा सदस्यज्यूहरुलाई पनि वर्तमान विश्वव्यापीकरणको समय अनुसार आफुलाई समय सापेक्ष शिक्षा, ज्ञान र सूचनामा अद्यावधिक गर्दै लैजान हुन अनुरोध गर्दछु । संस्थालाई यस अवस्थासम्म ल्याउन पुर्‍याउनुभएको योगदानको उच्च मुल्यांकन गर्दै सम्पूर्ण शेयर सदस्यज्यूहरु, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, शिक्षा उपसमितिका सहकर्मी साथीहरु, विभिन्न उपसमितिका पदाधिकारीज्यूहरु, कर्मचारी लगायत सम्बद्ध सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दै मेरो प्रतिवेदन यहीँ अन्त्य गर्दछु ।

जय सहकारी ! जय नवप्रतिभा !!

# सम्पत्ति शुद्धीकरण तथा निवारण सम्बन्धी आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन

संस्थाको सदस्य तथा कारोवार बृद्धिसंगै अपराधिक वा गैरकानुनी कार्यबाट आर्जित रकम संस्थामा भित्रिन सक्ने र संस्थाबाट बाहिरिने रकम पनि अपराधिक कार्यमा प्रयोग हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै सहकारी संस्थाहरुमा वित्तीय कारोबारको स्वच्छता, पारदर्शिता एवम् वित्तीय प्रणालीलाई संरक्षण गर्न सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ र नियमावली २०७३ को अधिनमा रही सहकारी विभागद्वारा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन २०७४ को लागि कार्यान्वयनको संस्थाले सम्पत्ति शुद्धीकरण निवारण कार्यविधि–२०७५ सो को प्रथम संशोधन २०८० तयार गरी कार्यान्वयनमा ल्याईएको छ । सहकारी विभागले सहकारी संघ संस्थालाई जारी गरेको निर्देशन २०७४, सम्पत्ति शुद्धीकरण ऐन, नियमावली तथा वित्तीय जानकारी एकाइले दिएको निर्देशन बमोजिम संस्थाले कार्यान्वयन अधिकारी नियुक्त गरी सम्पत्ति शुद्धीकरण सम्बन्धी कार्य नियमित रुपमा गरिदै आईरहको छ । संस्थामा कार्यरत कर्मचारीहरुको सम्पत्ति शुद्धीकरण सम्बन्धी कार्यक्षमता बृद्धिका लागि सम्पत्ति शुद्धीकरण तथा जोखिम न्यूनीकरण सम्बन्धी तालिम प्रदान गर्ने तथा आफ्ना संस्थागत जानकारी तथा वित्तीय प्रतिवेदन एवम् सदस्यहरुलाई आफ्नो विवरण अद्यावधिक गर्नका लागि सामाजिक संजाल तथा समय समयमा सूचना प्रकाशन गरी कार्यसम्पदान गर्दै आईरहको छ ।

संस्थाले सम्पत्ति शुद्धीकरण निवारण कार्यविधिको पालना गर्दै कार्यक्षेत्रभित्र स्थायी बसोबास गरेका व्यक्तिहरुलाई प्रमाणित कागजात संलग्न गरी निजहरुले गरेको पेशा सम्बन्धी पूर्ण जानकारी लिएर मात्र सदस्यता प्रदान गर्दै आईरहको छ । सदस्यता प्रदान गर्ने क्रममा पहिचान अद्यावधिक गर्ने, कारोवारको आधारमा उच्च, मध्यम र न्यून जोखिममा बर्गिकरण गरी सदस्यहरुले गरेका आर्थिक कारोवारको नियमित अनुगमन तथा निरिक्षण गर्ने कार्य गर्दै आईरहको छ । विशेषगरी अपराधिक क्रियाकलाप तथा कर छलिबाट आर्जन गरेको सम्पत्ति शुद्धिकरणका लागि संस्था प्रयोग नहोस भन्ने उद्देश्यले आवश्यक सावधानीहरु अपनाइएको छ । एकै दिनमा एक पटक वा पटकपटक गरी रू. १० लाख भन्दा बढी बचत जम्मा गर्ने सदस्यहरुको रकमको स्रोत खुलाउने र भुक्तानी लिने सदस्यहरुको उपभोगको उद्देश्यको बारेमा जानकरी लिने गरिएको छ । रू. १० लाख भन्दा माथिको आर्थिक कारोवारलाई चेकमार्फत् भुक्तानी गर्ने गरिएको छ र सकेसम्म नगद भन्दा चेक कारोवार मार्फत सदस्यहरुलाई कारोवार गर्नका लागि प्रोत्साहित गरिएको छ । संस्थाबाट खरिद गरिने सामाग्रीको बिल तथा अन्य भुक्तानी गर्दा सम्बन्धित संस्था वा कम्पनीको नाममा बैंक चेक तथा भौचर मार्फत गर्ने गरिएको छ । संस्थाबाट रू. १ लाख भन्दा माथिको भुक्तानी पाउने व्यक्तिको आधिकारिक परिचय-पत्र प्रतिलिपि राख्ने व्यवस्था गरिएको छ । संस्थाबाट लगानी गरिने धितो कर्जामा कर्जाको उद्देश्य खुल्ने आधिकारिक तथा प्रमाणित कागजात पश्चात प्रचलित कानुनले वैध ठहरिएका व्यवसाय तथा कारोबार गर्ने सदस्यहरुलाई मात्र कर्जा दिने गरिएको छ । ऐन नियमावली र कार्यविधि बमोजिम तोकिएको सीमाभन्दा बढीको कारोबारको प्रतिवेदन नेपाल राष्ट्र बैंक वित्तीय जानकारी एकाइमा तोकिएको समयभित्रै नियमित पठाउने गरिएको छ । संस्थालाई आन्तरिक एवं वाह्य जोखिमबाट

बचाउनको लागि जोखिम मूल्यांकन गरी समय समयमा सञ्चालक समिति एवम् व्यवस्थापनमा छलफल गरिनुका साथै नियामक निकायमा प्रतिवेदन पेश गर्ने गरिएको छ साथै संस्थामा आवद्ध उच्च पदस्थ व्यक्तिहरुको पहिचान गरी रेकर्ड राखिएको छ ।

**आ.व २०८०/०८१ मा नियमनकारी निकाय तथा वित्तीय जानकारी एकाईमा पेश गरिएको प्रतिवेदनको जानकारी सम्बन्धमा**

